# भर्मोन्ट

## सवारी चालक

## म्यानुअल




**2024**

**Phil Scott**, गर्भनर, भर्मोन्ट राज्य

**Joe Flynn**, सेक्रेटरी, एजेन्सी अफ ट्रान्सपोर्टेसन

**Wanda Minoli**, कमिश्नर, डिपार्टमेन्ट अफ मोटर भेहिकल्स

VERMONT

## 'हो' मा चिन्ह लगाउँदा जीवन बच्न सक्छ




# अङ्गदानले जीवन बचाउँछ

तपाईंले आफ्नो लाइसेन्स (सवारी चालक अनुमतिपत्र) का लागि आवेदन दिँदा तपाईंले दर्तावाल दाता बन्ने अवसर पाउनुहुनेछ ।

# 'सहमत छु' भन्नुभयो भने कसैको जीवन बच्न सक्छ !

**तथ्यः** दान गर्न "सहमत छु" भन्नुभयो भने यसले तपाईंको चिकित्सकीय स्याहारमा प्रभाव पार्ने छैन ।

**तथ्यः** दान गर्नका लागि दाता वा उहाँको परिवारलाई कुनै लागत लाग्दैन ।

**तथ्यः** सबै मुख्य धर्महरूले अङ्ग र तन्तु दानलाई समर्थन गर्छन् वा यसलाई व्यक्तिगत निर्णयको रूपमा लिन्छन् ।

**तथ्यः** संयुक्त राज्य अमेरिकामा प्रत्यारोपणका लागि अङ्गहरू र तन्तुको खरिद वा बिक्रीलाई गैरकानूनी मानिन्छ ।

## तपाईंसँग जीवन दान गर्ने शक्ति छ !

थप जानकारीका लागि DonateLifeVT.org मा जानुहोस्

VERMONT सवारी व्यवस्थापन विभाग
स्वास्थ्य विभाग

हाम्रो वेब ट्युटोरियल DriveVermontप्रयोग गरेर आफ्नो लर्नर परमिट (सिकारु इजाजतपत्र) परीक्षाका लागि अध्ययन गर्नुहोस् र सुरक्षित रूपमा सवारी साधन चलाउन सिक्नुहोस् । तपाईंले आफ्नो लर्नर परमिट परीक्षाका लागि अध्ययन गर्दा सडकका नियमहरू र सुरक्षित रूपमा सवारी साधन चलाउन सिक्नका लागि DriveVermont प्रयोग गर्न सक्नुहुन्छ । तपाईंले आफ्नो लिखित वा सडक परीक्षा (रोड टेस्ट) दिनुअघि आफूलाई जान्न आवश्यक भएका कुराहरूका बारेमा पनि थाहा पाउन सक्नुहुन्छ ।




तपाईंले DriveVermont मा सहयोगी तस्वीर र भिडियोहरू पाउनुहुनेछ। हाजिरीजवाफहरूमा सहभागी हुँदा त्यसले तपाईंले के-के सिक्नुभयो भनेर स्वयंको परीक्षा दिनमा मद्दत गर्नेछ । ट्युटोरियल पूरा गरिसकेपछि तपाईंले दिन लाग्नुभएको वास्तविक परीक्षा जस्तै अभ्यास परीक्षा दिन सक्नुहुन्छ ।

आफ्नो पर्मिट (इजाजतपत्र) का लागि अध्ययन गर्न र सुरक्षित रूपमा सवारीसाधन चलाउन गर्न सिक्नका लागि dmv.vermont.gov मा जानुहोस् ।

---

सवारी व्यवस्थापन विभाग (डिपार्टमेन्ट अफ मोटर भेहिकल्स) ले सेवा, कार्यक्रम, क्रियाकलापहरू वा रोजगारीको प्रावधानमा अपाङ्गता भएका व्यक्तिहरूलाई भेदभाव गर्दैन ।

सवारी व्यवस्थापन विभागले व्यक्तिको अपाङ्गताले लर्नर परमिट (सिकारु इजाजतपत्र) वा ड्राइभर लाइसेन्स (सवारी चालक अनुमतिपत्र) प्राप्त गर्नका लागि प्रस्तुत जानकारी बुझ्ने क्षमतालाई उल्लेख्य रूपमा अवरोध गरेको खण्डमा उचित व्यवस्थाहरू उपलब्ध गराउनेछ ।


उदाहरणका लागि, तपाईंको अपाङ्गताले लिखित भाषा पढ्ने र बुझ्ने तपाईंको क्षमतालाई सीमित गरेमा तपाईंले हाम्रो वेबसाइटमा उपलब्ध भएका यस म्यानुअलका अडियो वा अनलाइन अन्तरक्रियात्मक संस्करणहरू प्रयोग गर्न सक्नुहुन्छ । यदि तपाईंलाई सवारी व्यवस्थापन विभागले तपाईंको अपाङ्गताका लागि उचित व्यवस्था नगरेको जस्तो लाग्छ भने तपाईंले 800.416.2010 मा फोन गरेर भर्मोन्ट मानव अधिकार आयोग (भर्मोन्ट ह्युमन राइट्स कमिशन) मा उजुरी दायर गर्न सक्नुहुन्छ ।

यदि तपाईंलाई पढ्नमा समस्या हुन्छ वा तपाईंको पढ्ने क्षमतालाई प्रभाव पार्ने खालको अपाङ्गता छ भने तपाईंले आफ्नो अपोइन्टमेन्ट लिएपछि हामीलाई त्यस बारेमा थाहा दिनुहोस् । हामी तपाईंका आवश्यकताहरू पूरा गर्न तपाईंसँग मिलेर काम गर्ने छौं ।

हाल लर्नर परमिट परीक्षा हाम्रो कार्यालयमा लिने गरिँदैन । यो हाम्रो वेबसाइट mydmv.vermont.gov मा उपलब्ध अनलाइन परीक्षा हो ।

VN-007 11/2023 MTC

## कमिश्नरको सुरक्षासम्बन्धी सन्देश



लर्नर परमिट वा ड्राइभर लाइसेन्स प्राप्त गर्ने तपाईंको निर्णय जीवनका सबैभन्दा ठूला समाजिक जिम्मेवारीहरूमध्येको एक हो । तपाईंले निम्न कुराहरूमा प्रतिबद्ध जनाउँदै हुनुहुन्छ: भर्मोन्टको उत्सर्जन मापदण्डहरू पूरा गर्ने सुरक्षित सञ्चालनवाला सवारी साधन कायम राख्ने, दायित्व बीमा लिने, सडकका नियमहरू सधैँ पालना गर्ने र सवारी चलाउँदा ध्यान भङ्ग हुन कम गर्ने बानीहरू बसाल्ने ।

सवारी साधनको ठक्कर नै चोटपटक लागेर अस्पतालमा भर्ना हुनुपर्ने र मृत्यु हुने मुख्य कारण हो । यस्ता दुर्घटनाबाट चालक, यात्री वा पीडितको परिवार सदस्य जस्ता सबै उमेरका मानिसहरू प्रभावित हुन्छन् ।

लाइसेन्स हुनु एक विशेषाधिकार हो; जुन तपाईं एक निपुण र सुरक्षित ड्राइभर हुनुहुन्छ भनेर देखाउने तरिकामा तपाईंका सवारी साधन चलाउने सीपहरू

उक्त विशेषाधिकार कायम राख्नका लागि तपाईंले आफ्नो सवारी साधन सुरक्षित र जिम्मेवार ढङ्गले चलाइराख्नुपर्ने हुन्छ ।

परीक्षा दिँदा हुने चिन्तालाई ध्यानमा राख्दै हामी तपाईंको सवारी साधन चलाउने परीक्षालाई सकारात्मक अनुभव बनाउने प्रयास गर्ने छौँ ।

तपाईंले अरू सबैसँग राजमार्ग साझा गर्नुहुन्छ भन्ने कुरा सदैव याद राख्नुहोस् । ध्यान भङ्ग गर्ने कुराहरूबाट बच्नुहोस् र सुरक्षित रूपमा सवारी साधन चलाउनुहोस् ।



वान्डा मिनोली कमिश्नर

यो म्यानुअल भर्मोन्टको सवारी व्यवस्थापन विभागद्वारा उत्पादन गरिएको हो र यसलाई भर्मोन्टमै प्रिन्ट गरिएको हो । कृपया यो म्यानुअल फिर्ता गरेर वा अर्को भावी ड्राइभरलाई दिएर राज्य सरकारलाई लाग्ने लागत कम गर्नमा मद्दत गर्नुहोस् ।

परीक्षाको समयमा यस म्यानुअललाई प्रयोग गर्न नमिल्न सक्छ

# विषयसूची


परिच्छेद 1 – सामान्य जानकारी....5
परिच्छेद 2 – तपाईंको लाइसेन्स कसरी गुम्न सक्छ....7
परिच्छेद 3 – परिचयको प्रमाण....8
परिच्छेद 4 – लाइसेन्ससम्बन्धी सामान्य जानकारी....12
    लर्नर परमिटका बारेमा प्रश्न तथा उत्तरहरू....12
    जुनियर ड्राइभर लाइसेन्सका बारेमा प्रश्न तथा उत्तरहरू....13
    ड्राइभर लाइसेन्सका बारेमा प्रश्न तथा उत्तरहरू....16
परिच्छेद 5 - ग्रेजुएटेड ड्राइभर लाइसेन्स कार्यक्रम....20
परिच्छेद 6 – शुल्क, नवीकरण र प्रतिस्थापनहरू....23
परिच्छेद 7 - आफ्नो परमिटका लागि सुरक्षित रूपमा सवारी साधन चलाउने र अध्ययन गर्ने....25
    सुरक्षित रूपमा कसरी सवारी साधन चलाउने....25
    आफ्नो सवारी साधन पार्क गर्ने....29
    राउण्डअबाउटहरू....29
    पुलिस स्टपहरू....30
    मुभ ओभर ल....31
    ट्राफिक लाइट, सडक चिन्ह र राजमार्ग सङ्केतहरू....31
    सडक चिन्हहरू....32
    सडक साझा गर्ने....37
    सवारी साधन चलाउनका लागि खतरनाक अवस्थाहरू....46
    अन्तरराज्यीय ड्राइभिङ....50
    खराबसँग सवारी साधन चलाउने....52
    ध्यान भङ्ग भएर सवारी साधन चलाउने....54
    सडक (सीपहरू) परीक्षा....56
परिच्छेद 8 – पोइन्ट सिस्टम....64
परिच्छेद 9 – सवारी साधनको स्वामित्व....65
परिच्छेद 10 –व्यावसायिक ड्राइभर लाइसेन्स....70
परिच्छेद 11 - अपाङ्गता भएका व्यक्तिहरू....71
परिच्छेद 12 – अभिभावक वा संरक्षकहरू....73

# परिच्छेद 1 – सामान्य जानकारी

**भर्मोन्ट राज्यले दिने बिदाहरू**

| | |
|---|---|
| नयाँ वर्षको दिन | जनवरी 1 |
| मार्टिन लुथर किङ्ग, जुनियर डे | जनवरी महिनाको तेस्रो सोमवार |
| प्रेजिडेन्टस् डे | फेब्रुअरी महिनाको तेस्रो सोमवार |
| टाउन मिटिङ डे | मार्च महिनाको पहिलो मङ्गलवार |
| मेमोरियल डे | मे महिनाको अन्तिम सोमवार |
| इन्डिपेन्डेन्स डे | जुलाई 4 |
| बेनिङ्गटन ब्याटल डे | अगस्ट 16 |
| श्रम दिवस | सेप्टेम्बर महिनाको पहिलो सोमवार |
| भेटेरेन्स डे | नोभेम्बर 11 |
| थ्याङ्क्सगिभिङ डे | नोभेम्बर महिनाको चौथो बिहीवार |
| थ्याङ्क्सगिभिङपछिको दिन | थ्याङ्क्सगिभिङपछिको शुक्रवार |
| क्रिस्मस डे | डिसेम्बर 25 |

सबै कार्यालयहरू माथिका मितिहरूका साथै तल उल्लेख गरिएअनुसार मनाउने मितिहरूमा बन्द हुन्छन् ।

शनिवारको दिनमा पर्ने बिदा अघिल्लो शुक्रवार दिइनेछ । आइतवारको दिनमा पर्ने बिदा आउने सोमवार दिइनेछ ।

सडक परीक्षा (रोड टेस्ट) को कारणले गर्दा परीक्षक सधैँ उपस्थित नहुन सक्नुहुन्छ । कृपया धैर्य राख्नुहोस् । परीक्षकले तपाईंलाई सकेसम्म चाँडोभन्दा चाँडो सहयोग गर्नुहुनेछ ।

कहिलेकाहीँ खराब सडक अवस्थाहरूले गर्दा ड्राइभर परीक्षा रद्द गर्नुपर्ने वा सार्नुपर्ने हुन सक्छ । आवश्यक परेमा पुनः समय मिलाउनका लागि 802.828.2000 मा फोन गर्नुहोस् वा mydmv.vermont.gov मा जानुहोस् ।

## निम्नद्वारा तयार गरिएको:

VERMONT


**Department of Motor Vehicles**
120 State Street
Montpelier, Vermont 05603-0001
**dmv.vermont.gov**




## कार्यालय भएका स्थानहरू

**Bennington**
Bennington County 530 Main St

**Dummerston**
Windham County
AOT District #2 Office, Route 5

**Montpelier**
Washington County - **मुख्य कार्यालय**
120 State Street

**Newport**
Orleans County
100 Main Street

**Saint Albans**
Franklin County 27 Fisher Pond Rd

**Saint Johnsbury**
Caledonia County Green Mtn Mall,
1998 Memorial Dr

**South Burlington**
Chittenden County 4 Market Street

**Springfield**
Windsor County
100 Mineral St, Suite 103

**Rutland**
Rutland County
101 State Place

**White River Junction**
Windsor County 221 Beswick Drive

# सबै कार्यालयहरूमा अपोइन्टमेन्ट लिएर मात्र जानुपर्ने हुन्छ ।

# अपोइन्टमेन्टको समय मिलाउनका लागि mydmv.vermont.gov मा जानुहोस् वा 888.970.0357 मा फोन गर्नुहोस् ।

**यहाँ सम्पर्क गर्नुहोस्**
dmv.vermont.gov/contact
facebook.com/VermontDMV
**802.828.2000**
**888 99-VERMONT (888-998-3766)**
श्रवणशक्ति कमजोर भएकाले 711 डायल गर्नुहोस्

## तपाईंले आफ्नो लाइसेन्स वा सवारी साधन चलाउने विशेषाधिकार कसरी गुमाउन सक्नुहुन्छ ?

### 7 V.S.A. § 656 – नबालिगहरूले गलत उमेर बताउने, मादक पदार्थ खरिद गर्ने, राख्ने वा सेवन गर्ने; पहिलो कसुर; देवानी उल्लङ्घन

प्रहरीले समातेर टिकट काटेको खण्डमा तपाईंले भर्मोन्ट कोर्ट डाइभर्जनको किशोरावस्था मादक पदार्थ सुरक्षा कार्यक्रम (Teen Alcohol Safety Program, TASP) लाई सम्पर्क गर्नुपर्ने हुन्छ (15 दिनभित्र डाइभर्जन बोर्डलाई सम्पर्क गर्न नसकेमा न्यायिक ब्यूरोमा केस रिफर गरिनेछ र उल्लङ्घनका लागि जिम्मेवार पाइएमा $300.00 जरिवाना लाग्न र ड्राइभर लाइसेन्स 90 दिनका लागि निलम्बन गर्न सकिनेछ र पछि बीमा दर उल्लेख्य रूपमा बढेको हुन सक्नेछ) र मादक पदार्थ दुर्व्यसन मूल्याङ्कनमा सहभागी भएर परामर्शदाताका सिफारिसहरूका साथै अन्य आवश्यकताहरू पालना गर्नुपर्ने हुन्छ । यी सबै कार्यक्रमहरूमा अतिरिक्त शुल्कहरू लाग्छ । यसका साथै, तपाईंले TASP वा अन्य डाइभर्जन आवश्यकताहरू पूरा गर्न नसकेको खण्डमा तपाईंको सवारी साधन चलाउने लाइसेन्स वा विशेषाधिकार निलम्बित हुनेछ । पुन: बहाली गर्नका लागि DMV लाई अतिरिक्त शुल्कहरू बुझाउनुपर्ने हुन्छ ।

### 23 V.S.A. § 202 – आवेदनमा अर्कै व्यक्ति भएर प्रस्तुत हुने वा गलत प्रस्तुति गरेर आवेदकलाई सहायता गर्ने

ड्राइभर लाइसेन्स (सवारी चालक अनुमतिपत्र) वा लर्नर परमिट (सिकारु इजाजतपत्र) को आवेदनमा वा गैर-ड्राइभर परिचय कार्डको आवेदनमा वा सवारी साधन दर्ता, सबै-भूमि सवारी साधन, स्नोमोबाइल वा मोटरबोट दर्ता वा भेसेल प्रमाणीकरणको आवेदनमा अर्कै व्यक्ति भएर गतल तरिकाले प्रस्तुत हुने वा सवारी साधन चलाउनका लागि गलत प्रस्तुति गरेर लाइसेन्स प्राप्त गर्ने वा गलत प्रस्तुति गरेर लर्नर परमिट वा गैर-ड्राइभर परिचय कार्ड प्राप्त गर्ने वा गलत प्रस्तुति गरेर सवारी साधन दर्ता वा कुनै अन्य प्रकारको सवारी साधन वा भेसेल दर्ता प्राप्त गर्ने वा ड्राइभर लाइसेन्स वा लर्नर परमिटको आवेदनमा वा गैर-ड्राइभर परिचय कार्डको आवेदनमा वा सवारी साधनको दर्ता वा कुनै अन्य प्रकारको सवारी साधन वा भेसेल दर्ताको आवेदनमा उपनाम वा अरूको नाम प्रयोग गर्ने वा जानीबुझिकन आवेदकलाई उमेर वा पहिचानको गलत प्रस्तुति देखाएर त्यस्ता लाइसेन्स, परमिट, दर्ता वा गैर-ड्राइभर परिचय कार्ड प्राप्त गर्नमा सहायता गर्ने व्यक्तिलाई $1,000 सम्मको जरिवाना लगाइनेछ वा दुई वर्षसम्मको जेल सजाय दिइनेछ वा दुवै हुनेछ र सो व्यक्तिको सवारी साधन चलाउने विशेषाधिकार 90 दिनका लागि निलम्बित गरिनेछ ।

### प्रोब्लम ड्राइभर पोइन्टर सिस्टम

लर्नर परमिट, जुनियर ड्राइभर लाइसेन्स वा ड्राइभर लाइसेन्सको आवेदन प्राप्त भइसकेपश्चात् राष्ट्रिय प्रोब्लम ड्राइभर पोइन्टर सिस्टम (PDPS) मा सोधपूछ गरिनेछ । यदि PDPS मा सोधपूछका नतिजाहरूले तपाईंलाई अर्को राज्यमा निलम्बन, खारेज, अस्वीकृत वा रद्द गरिएको छ भनेर उल्लेख गरिएको पाइएमा हामीले तपाईंलाई उक्त राज्यमा पुन: बहाली गरिएको वा सफाइ दिएको प्रमाण प्राप्त नगरेसम्म तपाईंलाई भर्मोन्ट ड्राइभर लाइसेन्स, लर्नर परमिट वा जुनियर ड्राइभर लाइसेन्स जारी गर्नबाट अस्वीकार गरिनेछ । यदि तपाईंलाई अर्को राज्यमा निलम्बन, खारेज, अस्वीकृत वा रद्द गरिएको भएमा तपाईंको परीक्षा नलिन सकिन्छ वा तपाईंले ड्राइभर लाइसेन्स नपाउन सक्नुहुन्छ ।

## परिच्छेद 3 – परिचयको प्रमाण

तपाईंलाई **तलका 4 वटा वर्गहरूको प्रत्येकबाट** कागजातहरू आवश्यकता पर्नेछ:

1. परिचय र जन्म मिति
2. सामाजिक सुरक्षा जानकारी
3. भर्मोन्टको आवास अनुमति र हालको ठेगाना
4. संयुक्त राज्य अमेरिकामा कानूनी स्थिति (REAL आइडी र EDL का लागि मात्र आवश्यक पर्ने)

ध्यान दिनुपर्ने कुरा:

- कागजातहरू अनिवार्य रूपमा सक्कल हुनुपर्छ वा तिनका प्रतिलिपिहरू जारी गर्ने एजेन्सीद्वारा प्रमाणित गरिएको हुनुपर्छ। फ्याक्स वा फोटोकपी गरिएका कागजातहरू स्वीकार गरिने छैन।
- कागजातहरूलाई विभागद्वारा समीक्षा र स्वीकार गर्न सकिन्छ। अतिरिक्त जानकारी आवश्यक पर्न सक्छ।
- केही मामिलाहरूमा एकै दिनमा कागजात स्वीकार नहुन सक्छ र पुन: कार्यालय आउनुपर्ने हुन सक्छ।
- DMV लाई उपलब्ध गराइएका सक्कल कागजातहरू आवेदकलाई फिर्ता गरिनेछ र तिनीहरूको फोटो खिचेर सुरक्षित डाटाबेसमा भण्डारण गरेर राख्न सकिन्छ।
- यदि तपाईंको नाम र तपाईंका कागजातहरूमा भएको नाम फरक भएमा तपाईंले अनिवार्य रूपमा कानूनी परिवर्तनको प्रमाण (विवाह दर्ता प्रमाणपत्र, सम्बन्ध विच्छेदको फैसला, अदालतको आदेश आदि) उपलब्ध गराउनुपर्छ।

## परिचय र जन्म मिति:

निम्नमध्ये एउटा अनिवार्य रूपमा उपलब्ध गराइनुपर्छ:

- म्याद नसकिएको मान्य राहदानी
- आवश्यक परेमा अनुवादसहित आवेदकको जन्म, विवाह, दत्तक ग्रहण वा सम्बन्ध विच्छेदको प्रमाणित रेकर्ड
- अमेरिकी राज्य विभागद्वारा जारी गरिएको विदेशमा जन्मिएको कन्सुलर रिपोर्ट (Consular Report of Birth Abroad, CRBA) (फाराम FS-240, DS-1350 वा FS-545)
- मेक्सिको, ग्वाटेमालाको सरकार (कमिश्नरद्वारा निर्धारित गरिएअनुसार तुलनायोग्य सुरक्षा मानक तथा प्रोटोकलहरू भएको अन्य कुनै पनि सरकार) द्वारा जारी गरिएको मान्य कन्सुलर पहिचान कागजात
- म्याद नसकिएको मान्य स्थायी बासिन्दा कार्ड (फाराम I-551)
- DHS द्वारा जारी गरिएको अङ्गीकृत नागरिकताको प्रमाणपत्र (फाराम N-550 वा फाराम N-570)
- DHS द्वारा जारी गरिएको नागरिकताको प्रमाणपत्र (फाराम N-560 वा फाराम N-561)
- 6 CFR भाग 37 द्वारा स्थापित मानकहरू पालना गरी जारी गरिएको REAL आइडी ड्राइभर लाइसेन्स वा परिचयपत्र
- यदि लाइसेन्समा भएको नाम र प्राथमिक स्रोत कागजात (उदाहरणका लागि, विवाह, दत्तकग्रहण, अदालतको आदेश वा राज्य कानून वा नियमद्वारा अनुमति दिइएको अन्य संयन्त्रमार्फत) मा भएको नाम फरक भएमा/हुने भएमा कमिश्नरद्वारा निर्धारित गरिएअनुसार अदालत, सरकारी निकाय वा अन्य संस्थाद्वारा जारी गरिएका कागजातहरूको प्रस्तुतिकरणमार्फत नाम परिवर्तन गरेको प्रमाण पेश गर्न आवश्यक पर्छ। DMV ले प्रस्तुत कागजातका प्रतिलिपिहरू राख्नेछ र रेकर्ड गरेको नाम तथा प्राथमिक स्रोत कागजातहरूमा भएको नाम दुवैको रेकर्ड बनाएर राख्नेछ।

ध्यान दिनुपर्ने कुरा: यदि पेश गरेको कागजात संदिग्ध भएमा वा व्यक्ति दाबी गरेको व्यक्ति नभएको विश्वास गर्ने कारण भएमा DMV को विवेकमा अतिरिक्त कागजात आवश्यक पर्न सक्छ। ड्राइभर लाइसेन्स जारी गर्ने कर्मचारीले यस सूचीबाट उपलब्ध गराइएका कागजातहरू

प्रमाणिक, मान्य र स्वीकार्य छन् वा छैनन् भन्ने कुरा निर्धारण गर्नुहुनेछ । कागजातहरूको फोटोकपी र फ्याक्सहरू स्वीकार गरिने छैन ।

**एन्हान्स्ड ड्राइभर लाइसेन्स (EDL) लाई अमेरिकी नागरिकताको प्रमाण चाहिन्छ:**

जमिन वा समुद्रको माध्यमद्वारा क्यानडा, मेक्सिको, क्यारिबियन वा बर्मुडाबाट फर्कने अमेरिकी नागरिकहरूले अमेरिकी राहदानी, अमेरिकी राहदानी कार्ड वा एन्हान्स्ड ड्राइभर लाइसेन्स (Enhanced Driver's License, EDL) पेश गर्नुपर्छ । EDL का लागि परिचय, SSN र भर्मोन्ट आवास अनुमतिका अतिरिक्त अमेरिकी नागरिकताको प्रमाण आवश्यक पर्छ ।

## सामाजिक सुरक्षा जानकारी

तपाईंले अनिवार्य रूपमा आफ्नो सामाजिक सुरक्षा कार्ड वा सामाजिक सुरक्षा प्रशासनबाट सामाजिक सुरक्षा नम्बर (Social Security Number, SSN) प्राप्त गर्न अयोग्यता जनाउने पत्र प्रस्तुत गर्नुपर्छ ।

यदि तपाईंको सामाजिक सुरक्षा कार्ड उपलब्ध छैन भने त्यसको सट्टामा निम्नमध्ये कुनै एक फाराम प्रयोग गर्न सकिन्छ:

- W-2 फाराम,
- SSA-1099 फाराम,
- नाम र SSN भएको तलबको भुक्तानी रसिद (कम्तीमा पनि अन्तिम 4 अङ्क)

**सच्याइएको जानकारी / परिवर्तन गरेको नाम**

तपाईंको नाम सामाजिक सुरक्षा प्रशासनबाट प्रमाणित भएको हुनैपर्छ । यदि तपाईंलाई सामाजिक सुरक्षा प्रशासनमा जानकारी सच्याउन वा अद्यावधिक गर्न आवश्यक पर्छ भने DMV मा आउनुभन्दा अगाडि नै गर्नुहोस् । आफ्नो नयाँ नाममा सच्याएको ड्राइभर लाइसेन्स वा आइडी कार्डका लागि आवेदन दिँदा तपाईंले अनिवार्य रूपमा आफ्नो अद्यावधिक गरेको सामाजिक सुरक्षा कार्ड साथमा ल्याउनुपर्छ । यो कसरी गर्ने भन्नेबारे जानकारीका लागि socialsecurity.gov मा जानुहोस् ।

**प्रतिस्थापन सामाजिक सुरक्षा कार्ड**

सामाजिक सुरक्षा प्रशासनले भर्मोन्टका बासिन्दाहरूका लागि समाजिक सुरक्षा अनलाइन पोर्टलमार्फत उपलब्ध हुने अनलाइन सेवाहरू प्रदान गर्छ । यसले मानिसहरूलाई सामाजिक सुरक्षा कार्यालयमा आउन नपरिकनै आफ्नो घर वा कार्यालयबाटै आफ्नो SSN कार्ड प्रतिस्थापन गर्न दिन्छ । यो कसरी गर्ने भन्नेबारे जानकारीका लागि socialsecurity.gov मा जानुहोस् ।

**विदेशी नागरिकहरू**

यदि तपाईं रोजगारीका लागि स्वीकृति नभएको अस्थायी विदेशी नागरिक हुनुहुन्छ भने तपाईंले सामाजिक सुरक्षा प्रशासनबाट लिइएको तपाईंसँग SSN छैन भनी प्रमाणित गर्ने कागजात पेश गर्नुपर्छ । भर्मोन्ट DMV ले तपाईंको USCIS नम्बर प्रमाणित गर्नेछ । यदि तपाईंसँग 30 दिनभन्दा कम समयको कानूनी उपस्थिति भएमा भर्मोन्ट DMV ले ड्राइभर लाइसेन्स वा आइडी जारी गर्ने छैन । भर्मोन्ट DMV ले सामाजिक सुरक्षा प्रशासनसँग विद्युतीय तरिकाले तपाईंको नाम, जन्ममिति र SSN प्रमाणित गर्नेछ । ढिलाइबाट बच्न तपाईंको कागजात अद्यावधिक र सही छ भनेर सुनिश्चित गर्नुहोस् ।

# भर्मोन्टको आवास अनुमति तथा हालको ठेगाना

नयाँ भर्मोन्ट ड्राइभर लाइसेन्स, एन्हान्स्ड ड्राइभर लाइसेन्स, लर्नर परमिट, गैर-ड्राइभर आइडी वा व्यावसायिक ड्राइभर लाइसेन्स प्राप्त गर्नका लागि आवेदकहरूले अनिवार्य रूपमा भर्मोन्टमा आवास अनुमतिको प्रमाण उपलब्ध गराउनुपर्छ । यसका साथै, राज्यभन्दा बाहिर भौतिक ठेगाना भएका आवेदकहरूले माथिका कुनै पनि कागजात नवीकरण गर्ने समयमा भर्मोन्टको आवास अनुमति प्रमाणित गर्नुपर्ने हुन्छ ।

तपाईंले प्रदान गर्ने *निवास ठेगाना* अनिवार्य रूपमा स्ट्रिट (सडक) वा राजमार्ग ठेगाना हुनुपर्छ । यो पोस्ट अफिस बक्स नहुन सक्छ । नम्बर तथा स्ट्रिट नाम नतोकिएका क्षेत्रहरूमा अमेरिकी हुलाक सेवाद्वारा प्रयोग गरिएको ठेगाना कन्भेन्सन स्वीकार्य हुन्छ । तपाईं पत्राचार ठेगानाको रूपमा पोस्ट अफिस बक्स प्रयोग गर्न सक्नुहुन्छ ।

यदि स्ट्रिट ठेगानामा पत्र प्राप्त हुने भएमा:

- हालको नाम र स्ट्रिट ठेगाना भएको दुईवटा पत्र ।

यदि स्ट्रिट ठेगानामा पत्र प्राप्त हुँदैन भने स्ट्रिट ठेगाना देखाउने निम्नमध्ये कुनै दुई (2) उपलब्ध गराउनुहोस्:

- उपयोगिता बिल (सेवा ठेगाना अनिवार्य रूपमा उल्लेख भएको हुनुपर्छ) ।
- भौतिक ठेगानासहितको सम्पत्ति कर बिल ।
- लिज वा जग्गाधनीको कथनपत्र ।
- भर्मोन्ट EBT (इलेक्ट्रोनिक बेनिफिट ट्रान्सफर) कार्ड वा भर्मोन्ट AIM (एड्भान्स्ड इनफरमेसन म्यानेजमेन्ट) परिचय कार्ड ।
- घरमालिक/भाडावालहरूको बीमा (पोलिसी/दाबीको प्रमाण) ।
- यदि आवेदक अन्य मानिसहरूसँग बस्ने गरेको र आफ्नो स्ट्रिट ठेगानामा कुनै पनि पत्र प्राप्त नगरेको खण्डमा:
- भर्मोन्टको आवास अनुमति प्रमाणीकरण पूरा गरी आवेदनसहित पेश गर्नुहोस् ।

## **अमेरिकी सैनिक, सक्रिय ड्युटी**

- यदि भर्मोन्टमा बसोबास गर्दै भएमा माथि हेर्नुहोस् ।
- यदि राज्यभन्दा बाहिर बस्ने गरेको भएमा सैनिक आइडी र बिदा तथा आय विवरण वा आदेशहरू जस्ता सैन्य रेकर्डहरूमा आफ्नो निवास नै भर्मोन्ट रहेको भन्ने प्रमाण ।

## **नाबालिगहरू**

- माथिबाट भर्मोन्टको आवास अनुमतिको प्रमाणीकरण र एक जना (1) अभिभावकसँग बसेको कागजात ।
- आवेदकको अभिभावक/संरक्षकसँगको नाताको प्रमाण ।

## **भर्मोन्ट लर्नर परमिटका लागि आवास अनुमति आवश्यकताहरू**

भर्मोन्टको आवास अनुमति प्रमाणित गर्नका लागि आवेदकले अनिवार्य रूपमा विभागलाई माथि उल्लेखित कागजातहरूमध्ये कुनै एक कागजात उपलब्ध गराउनुपर्छ । यदि आवेदक नाबालिग भएमा अभिभावक/संरक्षकले कुनै एक आवास अनुमति कागजात उपलब्ध गराउनुपर्ने हुन्छ ।

यदि आवेदक भर्मोन्टको बासिन्दा होइनन् भने उनले ड्राइभर शिक्षा र प्रशिक्षण कोर्समा भाग लिने प्रयोजनका लागि भर्मोन्ट लर्नर परमिट मात्र प्राप्त गर्न सक्छन् । आवेदकले अनिवार्य रूपमा विभागलाई निम्नमध्ये एउटा उपलब्ध गराउनुपर्छ:

- स्कुल मार्गदर्शन परामर्शदाताबाट विद्यार्थी/आवेदकलाई ड्राइभर शिक्षा कोर्समा भर्ना गर्न लागेकोबारे उल्लेख गरिएको पत्र वा

- ड्राइभर शिक्षा स्कुलबाट आवेदक/विद्यार्थीलाई कक्षामा भर्ना गरिएको भनी उल्लेख गरिएको पत्र ।

## संयुक्त राज्य अमेरिकामा कानूनी स्थिति (REAL आइडी र EDL का लागि मात्र आवश्यक पर्ने)

धेरैजसो अवस्थाहरूमा पहिचानको प्रमाण र जन्म मितिका लागि आवश्यक पर्ने कागजातहरूले पनि संयुक्त राज्य अमेरिकामा कानूनी स्थिति स्थापित गर्नेछन् । विदेशी नागरिकहरूले अनिवार्य रूपमा निरीक्षण र प्रतिलिपि बनाउनका लागि राहदानी तथा भिसा, विदेशी दर्ता रसीद कार्ड (ग्रीन कार्ड) वा कानूनी उपस्थितिको अन्य प्रमाण उपबल्ध गराउनुपर्छ ।

भर्मोन्ट DMV ले युएस डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी (अमेरिकी गृह मन्त्रालय) वा अमेरिकी नागरिकता तथा अध्यागमन सेवाद्वारा जारी गरिएका अध्यागमन कागजातहरू विद्‌युतीय तरिकाले प्रमाणित गर्नका लागि युएस डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटीको सिस्टेमेटिक एलियन भेरिफिकेसन फर इन्टाइटलमेन्ट्स (Systematic Alien Verification for Entitlements, SAVE) भनिने कार्यक्रम प्रयोग गर्छ ।

- यदि एन्हान्स्ड लाइसेन्स (EDL) का लागि आवेदन दिँदै हो भने अमेरिकी नागरिकताको प्रमाण आवश्यक पर्छ ।
- कानूनी स्थितिको प्रमाणमा अनिवार्य रूपमा *कम्तीमा पनि 30 दिन बाँकी भएको* हुनुपर्दछ ।

## ड्राइभर विशेषाधिकार कार्ड

ड्राइभर विशेषाधिकार कार्ड भनेको भर्मोन्ट लाइसेन्स (चालक अनुमतिपत्र) वा परमिट (इजाजतपत्र) हो जोकि REAL आइडी होइन ।

ड्राइभर विशेषाधिकार कार्ड भर्मोन्टको कुनै पनि बासिन्दालाई उपलब्ध हुन्छ । DPC जारी गर्नका लागि कानूनी उपस्थिति वा अमेरिकी नागरिकताको प्रमाण आवश्यक पर्दैन ।

## स्व-निर्धारित विवर्णकहरू

तल दिइएका कुराहरू भर्मोन्ट ड्राइभर लाइसेन्स वा गैर-ड्राइभर परिचय कार्डका लागि स्व-निर्धारित विवर्णकहरू हुन् ।

- उचाइ
- तौल
- आँखाको रङ
- लिङ्ग

भर्मोन्ट वा संघीय कानूनअन्तर्गत आवेदकहरूलाई यी प्रविष्टिहरूका लागि पेश गरेको जानकारी पुष्टि गर्ने कागजातहरू प्रस्तुत गर्न आवश्यक छैन ।

# परिच्छेद 4 – लाइसेन्ससम्बन्धी सामान्य जानकारी

**लाइसेन्सहरू**

यदि तपाईं भर्मोन्टमा बसोबास गर्नुहुन्छ र भर्मोन्टमा सवारी साधन चलाउने योजना बनाउनुभएको छ भने तपाईंले अनिवार्य रूपमा भर्मोन्टको ड्राइभर लाइसेन्स प्राप्त गर्नुपर्छ। अर्को क्षेत्राधिकारबाट भर्मोन्टमा बसाइ सरेर आएको र सो क्षेत्रको मान्य लाइसेन्सको भएको व्यक्तिले राज्यमा बसाइ सरेको 60 दिनभित्र भर्मोन्ट लाइसेन्स प्राप्त गर्नुपर्ने हुन्छ।

राज्य र संघीय कानूनबमोजिम अर्को राज्यद्वारा जारी गरिएको व्यावसायिक ड्राइभर लाइसेन्स भएको कुनै पनि व्यक्तिले अनिवार्य रूपमा भर्मोन्टमा बसोबास गरेको 30 दिनभित्र आफ्नो व्यावसायिक ड्राइभर लाइसेन्स हस्तान्तरण गर्नुपर्छ।

लाइसेन्स प्राप्त गर्नाले सवारी साधन चलाउनका लागि विशेषाधिकार हुन्छ र लाइसेन्स बनाइराख्नका लागि तपाईंले कानूनको सीमाभित्र रहेर सवारी साधन चलाउनुपर्छ र साइकल चालक, सवारी चालक र पैदल यात्रीहरूसहित राजमार्गका सबै प्रयोगकर्ताहरूलाई शिष्टता र सोचविचारका साथ व्यवहार गर्नुपर्छ।

अरूको जीवनमा तपाईंको प्रभाव एकदमै बढ्नुका साथसाथै तपाईं सवारी साधनको ड्राइभरको सिटमा बसिसकेपछि तपाईंको जिम्मेवारी पनि बढ्छ। लाइसेन्सको परीक्षाले तपाईंको ज्ञान र सीपहरूको परीक्षण गर्दछ। सुरक्षित र जिम्मेवारीपूर्वक सवारी साधन चलाउनु तपाईंको जिम्मेवारी हो।

**लाइसेन्सका प्रकारहरू**

- लर्नर परमिट
- ड्राइभर लाइसेन्स
- जुनियर ड्राइभर लाइसेन्स
- व्यावसायिक ड्राइभर लाइसेन्स (CDL)
- एन्हान्स्ड ड्राइभर लाइसेन्स (EDL)
- ड्राइभर विशेषाधिकार कार्ड

## लर्नर परमिटका बारेमा प्रश्न तथा उत्तरहरू

**लर्नर परमिट कसलाई आवश्यक पर्छ ?**

यदि तपाईं भर्मोन्टको बासिन्दा हुनुहुन्छ र भर्मोन्टमा सवारी साधन चलाउन चाहनुहुन्छ भने तपाईंले भर्मोन्ट लर्नर परमिट प्राप्त गर्नुपर्ने हुन्छ। परीक्षा दिनका लागि तपाईं अनिवार्य रूपमा कम्तीमा पनि 15 वर्ष उमेरको हुनुपर्छ। भर्मोन्ट ड्राइभर शिक्षा तथा प्रशिक्षण कोर्समा भर्ना भएका अर्को राज्यको बासिन्दाले पनि भर्मोन्ट लर्नर परमिट प्राप्त गर्न सक्छन् (स्कुलबाट भर्ना भएको पुष्टि गर्ने पत्र आवश्यक पर्नेछ)।

**लर्नर परमिट प्राप्त गर्न मैले के गर्नुपर्छ ?**

1. यदि तपाईं 15, 16 वा 17 वर्ष उमेरको हुनुहुन्छ भने तपाईंलाई आफ्नो अभिभावक वा कानूनी संरक्षकको अनुमति चाहिन्छ (जबसम्म तपाईं एक मुक्त नाबालिग हुनुहुन्न)। तपाईंले परीक्षा दिनुअघि अभिभावाक वा कानूनी संरक्षकले अनिवार्य रूपमा आवेदनमा हस्ताक्षर गर्नुपर्छ। यदि तपाईं शैक्षिक आदानप्रदानमा आउनुभएको विदेशी विद्यार्थी हुनुहुन्छ भने तपाईंले विदेशी विद्यार्थीसम्बन्धी अभिभावकीय स्वीकृति फाराम (VL-036) प्राप्त गर्न सक्नुहुन्छ जसलाई अभिभावक वा कानूनी संरक्षकद्वारा हस्ताक्षर गरिएको हुनुपर्छ। आयोजक अभिभावकले हस्ताक्षर गर्न सक्नुहुन्न।

2. तपाईंले अनलाइन परमिट परीक्षा उत्तीर्ण गरिसकेपछि र आवश्यक शुल्कहरू बुझाइसकेपछि तपाईंको परमिट जारी गरिनेछ।

लर्नर परमिटका लागि आवेदन दिनका लागि 18 वर्षमुनिका व्यक्तिले अघिल्लो दुई (2) वर्षमा 'क्लिन' ड्राइभिङ रेकर्ड कायम गरेको हुनैपर्छ। यदि तपाईंको लर्नर परमिट फिर्ता लिइएको, निलम्बन वा खारेज गरिएको छ भने DMV लाई सम्पर्क गर्नुहोस् किनभने तपाईंलाई थप समयसम्म प्रतीक्षा गर्नुपर्ने हुन सक्छ।

### परमिट पाएपछि मैले कति बेला र कहाँ सवारी साधन चलाउन सक्छु ?

मान्य लर्नर परमिट पाएपछि तपाईंसँग लाइसेन्स भएका तथा असक्षमता नभएका अभिभावक वा संरक्षक वा लाइसेन्स भएका वा प्रमाणित असक्षमता नभएका ड्राइभिङ शिक्षा प्रशिक्षक वा 25 वर्ष वा सोभन्दा बढी उमेरको लाइसेन्स भएको तथा असक्षमता नभएको व्यक्ति अगाडिको सिटमा भएको अवस्थामा तपाईंले भर्मोन्टमा कुनै पनि समय कुनै पनि ठाउँमा सवारी साधन चलाउन सक्नुहुन्छ । अन्य कुनै पनि राज्यमा सवारी साधन चलाउनुअघि तपाईंले भर्मोन्ट लर्नर परमिट लिएर उक्त राज्यमा सवारी साधन चलाउन कानूनी छ वा छैन भनी बुझ्नका लागि उक्त राज्यको सवारी व्यवस्थापन विभाग वा kaanuu प्रवर्तन एजेन्सीलाई अनिवार्य रूपमा सम्पर्क गर्नुपर्छ ।

## जुनियर ड्राइभर लाइसेन्सका बारेमा प्रश्न तथा उत्तरहरू

### जुनियर ड्राइभर लाइसेन्स कसले प्राप्त गर्न सक्छन् ?

व्यक्तिले जुनियर ड्राइभर लाइसेन्स प्राप्त गर्नुभन्दा छ (6) महिनाअघिदेखि कुनै पनि लर्नर परमिट फिर्ता लिइएको, निलम्बन वा खारेज गरिएको नभइकन अनिवार्य रूपमा ‘क्लिन’ ड्राइभिङ रेकर्ड कायम राखेको हुनुपर्छ ।

व्यक्तिले जुनियर ड्राइभर लाइसेन्स प्राप्त गर्नुभन्दा पहिले कम्तीमा पनि एक (1) वर्षसम्म अनिवार्य रूपमा लर्नर परमिट प्राप्त गरेको हुनुपर्छ ।

आवश्यक परीक्षा उत्तीर्ण गरेका 16 वा 17 वर्ष उमेरका व्यक्तिहरूलाई जुनियर ड्राइभर लाइसेन्स जारी गरिन्छ । तपाईंको अभिभावक वा कानूनी संरक्षकले तपाईंलाई परीक्षा दिन अनुमति दिँदै अनिवार्य रूपमा तपाईंको आवेदनमा हस्ताक्षर गर्नुपर्छ ।

लाइसेन्स प्राप्त गर्नुअघि 16 तथा 17 वर्ष उमेरका सबै मानिसहरूले 30 घण्टाको कक्षाकोठा अध्ययन, 6 घण्टाको सवारी साधन चलाउने प्रशिक्षण र 6 घण्टाको अवलोकन भएको राज्यद्वारा स्वीकृत ड्राइभर शिक्षा तथा प्रशिक्षण कोर्स अनिवार्य रूपमा उत्तीर्ण गरेको हुनुपर्छ । भर्मोन्ट शिक्षा एजेन्सीको ड्राइभर शिक्षा डिभिजनले हाइ स्कुलहरूमा ड्राइभर शिक्षा कोर्सहरूको निरीक्षण गर्छ । ड्राइभर प्रशिक्षण कोर्सहरू प्रदान गर्ने भर्मोन्ट व्यावसायिक ड्राइभर प्रशिक्षण स्कुलहरू पनि छन् । माथि उल्लेख गरिएको घण्टा (समय) का अतिरिक्त तपाईंले कम्तीमा पनि 10 घण्टाको रात्री समय ड्राइभिङसहित 40 घण्टाको ड्राइभिङ अभ्यास अनिवार्य रूपमा पूरा गर्नुपर्छ । रातिको समयमा सवारी चलाउनु भनेको सूर्यास्त भएपछिको 30 मिनेटदेखि सूर्योदय हुनुअघिको 30 मिनेटसम्मको समयमा सवारी साधन चलाउनु हो ।

### मैले जुनियर ड्राइभर लाइसेन्स प्राप्त गर्न के गर्नुपर्छ ?

1. म्याद नसकिएको भर्मोन्ट लर्नर परमिट । व्यक्तिको लर्नर परमिटको म्याद सकिएको 3 वर्षभन्दा बढी भएको छैन र परीक्षा दिनुअघि नवीकरण गरिएको छ भने व्यक्तिले सडक परीक्षा (रोड टेस्ट) दिन सक्छन् । यदि यसको म्याद सकिएको 3 वर्षभन्दा बढी नै भइसकेको भएमा सडक परीक्षा दिन सक्नुअघि लिखित परीक्षा दिन आवश्यक पर्नेछ ।

2. भर्मोन्ट शिक्षा एजेन्सी वा भर्मोन्ट सवारी व्यवस्थापन विभागद्वारा प्रमाणित ड्राइभर शिक्षा कोर्सलाई सफलतापूर्वक पूरा गर्ने । तपाईंको प्रशिक्षकले ड्राइभिङ परीक्षा सञ्चालन गर्नुअघि ड्राइभर शिक्षा प्रमाणीकरण सेवा मा तपाईंको कोर्स पूरा भएको भनी अनिवार्य रूपमा रेकर्ड राखेको हुनुपर्छ । यदि प्रमाणित र/वा लाइसेन्स भएको ड्राइभर शिक्षा प्रशिक्षकले कोर्स पढाएको र कोर्समा कक्षाकोठा र सवारी साधन चलाउने प्रशिक्षण दुवै समावेश भएको खण्डमा मात्र राज्यभन्दा बाहिरको ड्राइभरको शिक्षा स्वीकार गरिन्छ । यदि राज्य एजेन्सीद्वारा पूरा भएको प्रमाणपत्र जारी नगरेको भएमा आवेदकले अनिवार्य रूपमा मान्यताप्राप्त ड्राइभर शिक्षा कार्यक्रमले प्रमाणपत्र जारी गरेको कुरा उल्लेख गर्ने उपयुक्त एजेन्सीबाट राज्य लेटरहेडमा कागजात उपलब्ध गराउनुपर्छ र कार्यक्रमलाई सफलतापूर्वक पूरा गर्नका लागि अनिवार्य रूपमा न्यूनतम आवश्यकताहरू सूचीबद्ध गर्नुपर्छ ।

3. तपाईंको अभिभावक वा संरक्षकले कम्तीमा पनि 10 घण्टाको रात्री समय ड्राइभिङसहित 40 घण्टाको सवारी साधन चलाउने अभ्यास पूरा गरेको कुरा अनिवार्य रूपमा प्रमाणित गर्नुपर्छ । तपाईं आफ्नो प्रगतिलाई ट्र्याक गर्नका लागि ड्राइभिङ अभ्यास लग शिट (फाराम VN-219) वा RoadReady App प्रयोग गर्न सक्नुहुन्छ । **ध्यान दिनुपर्ने कुरा:** कानूनअनुसार ड्राइभर शिक्षा सफलतापूर्वक पूरा गर्नका लागि 40 घण्टाको ड्राइभिङ अभ्यासका साथै 6 घण्टाको सवारी साधन चलाएर देखाउन आवश्यक पर्छ ।

4. (तपाईं आमाबुबाको नियन्त्रणबाट मुक्त भएको नाबालिग नभएसम्म) तपाईंलाई आफ्नो अभिभावक वा कानूनी संरक्षकको अनुमति आवश्यक पर्छ । तपाईंले परीक्षा दिनुअघि अभिभावाक वा कानूनी संरक्षकले अनिवार्य रूपमा आवेदनमा हस्ताक्षर गर्नुपर्छ । यदि तपाईं शैक्षिक आदानप्रदानमा आउनुभएको विदेशी विद्यार्थी हुनुहुन्छ भने तपाईंले अनिवार्य रूपमा अग्रिममा विदेशी विद्यार्थीसम्बन्धी अभिभावकीय स्वीकृति (फाराम VL-036) प्राप्त गर्नुपर्छ जसलाई अभिभावक वा कानूनी संरक्षकद्वारा हस्ताक्षर गरिएको हुनुपर्छ । तपाईंको आयोजक अभिभावकले यस फाराममा हस्ताक्षर गर्न सक्नुहुन्न । यो फाराम सवारी व्यवस्थापन कार्यालयहरूमा उपलब्ध हुन्छ ।

5. तपाईंले अनिवार्य रूपमा आवेदनमा आफ्नो सामाजिक सुरक्षा नम्बर प्रविष्ट गर्नुपर्छ वा सामाजिक सुरक्षा प्रशासनबाट सामाजिक सुरक्षा नम्बर प्राप्त गर्ने तपाईंको अयोग्यता उल्लेख गरिएको पत्र उपलब्ध गराउनुपर्छ ।

6. परीक्षाका लागि अपोइन्टमेन्टको समय लिनुहोस् ।

7. सफा र राम्रो मेकानिकल अवस्थामा मान्य निरीक्षण स्टिकर भएको सवारी साधन लिनुहोस् । इमर्जेन्सी/पार्किङ ब्रेकले ठिकसँग काम गरिरहेको छ भनेर सुनिश्चित गर्नुहोस् ।

8. **तयार हुनुहोस्:** आफ्नो अपोइन्टमेन्टका लागि आउनुअघि भर्मोन्ट कानूनद्वारा आवश्यक गरिएअनुसार मान्य बीमा कार्ड र सवारी साधनको दर्ताको जाँच गर्नुहोस् । मान्य बीमा कार्ड र दर्ता प्रमाणपत्र देखाउन असफल हुनुभयो भने परीक्षा रोकिनेछ । बीमा कार्डमा अनिवार्य रूपमा बीमा कम्पनीको नाम, कभरेज लागू तथा समाप्त हुने मितिहरू, बीमा गरिएको व्यक्तिको नाम र सवारी साधनको पहिचान नम्बरसहित सवारी साधनको विवरण उल्लेख हुनुपर्छ ।

9. तपाईंले सडक परीक्षामा उत्तीर्ण भएर आवश्यक शुल्कहरू भुक्तान गरेपछि र सही पहिचानपत्र (परिच्छेद 3 हेर्नुहोस्) उपलब्ध गराएपछि तपाईंको लाइसेन्स जारी गरिनेछ ।

## राज्यभन्दा बाहिरको जुनियर ड्राइभर लाइसेन्स हस्तान्तरण गर्ने (18 वर्षभन्दा मुनिका आवेदकहरू)

तपाईं निम्न कार्यहरू गरेर आफ्नो राज्यभन्दा बाहिरको जुनियर ड्राइभर लाइसेन्सलाई परिवर्तन गरी भर्मोन्ट जुनियर ड्राइभर लाइसेन्स प्राप्त गर्न सक्नुहुन्छ: (1) सफलतापूर्वक आवश्यक परीक्षाहरू उत्तीर्ण गरेर; (2) राज्यद्वारा स्वीकृत ड्राइभर शिक्षा कार्यक्रम सफलतापूर्वक पूरा गरेको प्रमाण उपलब्ध गराएर (मलाई जुनियर ड्राइभर लाइसेन्स प्राप्त गर्न के आवश्यक पर्छ, #2 माथि हेर्नुहोस्); (3) अतिरिक्त 40 घण्टा सवारी साधन चलाउने कार्य पूरा गरेर प्रमाण उपलब्ध गराएर ।

यदि तपाईंसँग अर्को राज्यबाट प्राप्त जुनियर ड्राइभर लाइसेन्स छ र तपाईं भर्मोन्ट जुनियर ड्राइभर लाइसेन्सका लागि आवेदन दिँदै हुनुहुन्छ भने तपाईंसँग अन्य राज्यको जुनियर ड्राइभर लाइसेन्स कम्तीमा पनि छ महिनाको अवधिको नभएसम्म तपाईंले भर्मोन्टको ग्रेजुएटेड लाइसेन्स प्रावधानहरूअनुसार गर्नुपर्ने हुन्छ ।

## हाइ स्कुल ड्राइभर लाइसेन्स परीक्षा

DMV बाट लाइसेन्सप्राप्त केही हाइ स्कुल ड्राइभर शिक्षा प्रशिक्षकहरूले ड्राइभर लाइसेन्सका लागि सडक परीक्षाहरू लिने गर्छन् । यो सेवा परीक्षा कार्यक्रममा सहभागी भएका स्कुलहरूमा र सवारी व्यवस्थापन विभागद्वारा परीक्षकको रूपमा प्रमाणित भएका प्रशिक्षकहरूद्वारा मात्र

उपलब्ध गराइन्छ । सहभागी स्कुलमा जाने विद्यार्थीहरूका लागि मात्र सडक परीक्षाहरू लिइनेछ ।

हाइ स्कुलको ड्राइभर शिक्षा प्रशिक्षकले दिएको सडक परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीलाई **ड्राइभर शिक्षा परीक्षा प्रमाणपत्र जारी गरिनेछ ।** यो प्रमाणपत्र, मान्य भर्मोन्ट लर्नर परमिट, पूरा भरिएको तथा अभिभावक वा कानूनी संरक्षकद्वारा हस्ताक्षर गरिएको लाइसेन्स आवेदन, सडक परीक्षा र लाइसेन्स प्राप्त गर्दा लाग्ने शुल्क र भर्मोन्टको आवास अनुमतिको प्रमाण लाइसेन्स जारी गर्दा आवश्यक पर्छन् । यिनीहरू अनिवार्य रूपमा कुनै पनि सवारी व्यवस्थापन ग्राहक सेवा कार्यालयमा आफैँ उपस्थित भएर पेश गरिनुपर्छ । सहभागी स्कुलहरूका प्रशिक्षकहरूले विद्यार्थीहरूलाई यस कार्यक्रमका बारेमा सम्पूर्ण जानकारी दिनुहुनेछ ।

## जुनियर ड्राइभर लाइसेन्समा के-कस्ता बन्देजहरू छन् ?

जुनियर ड्राइभर लाइसेन्सलाई अस्थायी लाइसेन्स मानिन्छ । यदि तपाईंले आफ्ना कार्यहरूबाट तपाईं असुरक्षित चालक हुनुहुन्छ भनेर देखाएको खण्डमा सवारी व्यवस्थापन विभागका कमिश्नरले तपाईंको लाइसेन्स फिर्ता लिन सक्नुहुन्छ । यदि तपाईंको अभिभावक वा संरक्षकले तपाईंको सवारी साधन चलाउने अनुमति फिर्ता लिएको खण्डमा तपाईंको लाइसेन्स फिर्ता लिन पनि सकिनेछ ।

जुनियर ड्राइभर लाइसेन्स हुँदाको समयमा तपाईंले जुनियर ड्राइभर लाइसेन्स जारी गरेपछिको एक (1) वर्षसम्मका लागि आफ्नो रोजगारीको क्रममा सवारी साधन चलाउन **सक्नुहुन्न** । उदाहरणका लागि, व्यक्तिले जुनियर ड्राइभर लाइसेन्स पाएको एक (1) वर्ष नभएसम्म वा अठार (18) वर्ष उमेरको नपुग्दासम्म, जुन्सुके पहिला हुने भए तापनि, पिज्जा डेलिभरी व्यक्ति (ड्राइभर) को रूपमा काम गर्न मिल्दैन ।

जुनियर ड्राइभर लाइसेन्स हुँदाको समयमा व्यक्तिले भाडामा यात्रीहरू बोक्न नपाउन सक्छन् ।

जुनियर ड्राइभर लाइसेन्स पाएको पहिलो तीन (3) महिनाभित्र व्यक्तिलाई एक्लै सवारी साधन चलाउन बन्देज लगाइएको हुन्छ । लाइसेन्स भएका तथा असक्षमता नभएका अभिभावक वा संरक्षक वा लाइसेन्स भएका वा प्रमाणित असक्षमता नभएका ड्राइभिङ शिक्षा प्रशिक्षक वा 25 वर्ष वा सोभन्दा बढी उमेरको लाइसेन्स भएको तथा असक्षमता नभएको व्यक्ति अगाडिको सिटमा बसेर यात्रा गरिरहेको भएमा मात्र यात्रीहरू राख्न अनुमति दिइन्छ । यदि ती व्यक्तिहरूमध्ये एक जना (1) सवारी साधनमा भएमा यात्रीहरूको सङख्यामा कुनै बन्देज हुँदैन । यद्यपि, ड्राइभरलाई सेफ्टी बेल्टको सङ्ख्याभन्दा बढी यात्रीहरू बोक्न अनुमति **हुँदैन** ।

जुनियर ड्राइभर लाइसेन्स पाएपछि सवारी साधन चलाएको अर्को तीन (3) महिनाको अवधिमा, व्यक्तिले परिवार सदस्यहरूलाई ओसारपसार गर्न सुरु गर्न सक्छ।

छ (6) महिनासम्म जुनियर ड्राइभर लाइसेन्स भइसकेपछि व्यक्तिले सवारी साधनमा बोक्न सक्ने यात्रीहरूको सङ्ख्यामा कुनै बन्देज हुँदैन । यद्यपि, ड्राइभरलाई सेफ्टी बेल्टको सङ्ख्याभन्दा बढी यात्रीहरू बोक्न अनुमति हुँदैन ।

सवारी साधन चलाएको समयमा व्यक्तिले कुनै पनि प्रकारको पोर्टेबल इलेक्ट्रोनिक डिभाइस (बोक्न मिल्ने विद्युतीय उपकरण) प्रयोग गर्ने छैनन् । यसमा पढ्ने र हात प्रयोग गरेर गरिने विद्युतीय सञ्चारहरू (टेक्स्ट म्यासेज, इन्सटान्ट म्यासेज तथा इमेलहरूसहित) पठाउने कुराहरू समावेश छन् । पोर्टेबल इलेक्ट्रोनिक डिभाइसहरूमा सेलुलर टेलिफोन, पर्सनल डिजिटल एसिस्टेन्ट (PDA), ट्याब्लेट/आइप्याड र ल्यापटप कम्प्युटरहरू पर्दछन् तर तिनीहरू यतिमा सीमित हुँदैनन् ।

## ड्राइभर लाइसेन्सहरूका बारेमा प्रश्न तथा उत्तरहरू ड्राइभर

**लाइसेन्स कसले प्राप्त गर्न सक्छन् ?**

आवश्यक परीक्षा उत्तीर्ण गर्ने 18 वर्ष वा सोभन्दा बढी उमेरका योग्य व्यक्तिहरूलाई ड्राइभर लाइसेन्स जारी गरिन्छ । यस लाइसेन्सले व्यक्तिलाई स्कुल बस वा मोटरसाइकलबाहेक कुनै पनि गैरव्यावसायिक सवारी साधन चलाउन अनुमति दिन्छ । स्कुल बस वा मोटरसाइकल चलाउनका लागि अतिरिक्त परीक्षाहरू आवश्यक पर्दछन् ।

**मसँग मान्य लर्नर परमिट छ भने मैले कसरी ड्राइभर लाइसेन्स प्राप्त गर्न सक्छु ?**

1. परीक्षाका लागि अपोइन्टमेन्ट लिनुहोस् ।
2. तपाईंसँग लाइसेन्स भएका तथा असक्षमता नभएका अभिभावक वा संरक्षक वा लाइसेन्स भएका वा प्रमाणित असक्षमता नभएका ड्राइभिङ शिक्षा प्रशिक्षक वा 25 वर्ष वा सोभन्दा बढी उमेरको लाइसेन्स भएको तथा असक्षमता नभएको व्यक्ति साथमा ल्याउनुहोस् । आवेदनको समयमा सँगै आउने ड्राइभरको लाइसेन्स मान्य रहेको हुनुपर्छ ।
3. सफा र राम्रो मेकानिकल अवस्थामा मान्य निरीक्षण स्टिकर भएको सवारी साधन लिनुहोस् । इमर्जेन्सी/पार्किङ ब्रेकले ठिकसँग काम गरिरहेको छ भनेर सुनिश्चित गर्नुहोस् ।
4. भर्मोन्ट कानूनअनुसार वर्तमान र मान्य अटोमोबाइल बीमाको प्रमाण आवश्यक पर्छ । प्रमाणमा अनिवार्य रूपमा बीमा कम्पनीको नाम, कभरेज लागू तथा समाप्त हुने मितिहरू, बीमा गरिएको व्यक्तिको नाम र सवारी साधनको पहिचान नम्बरसहित सवारी साधनको विवरण उल्लेख हुनुपर्छ ।
5. सवारी साधनका लागि मान्य दर्ताको प्रमाण आवश्यक पर्छ ।
6. तपाईंले सडक परीक्षा उत्तीर्ण गरिसकेपछि र शुल्कहरू बुझाइसकेपछि तपाईंको लाइसेन्स जारी गरिनेछ ।

**मसँग अर्को राज्यबाट जारी गरिएको मान्य लाइसेन्स छ भने मैले कसरी ड्राइभर लाइसेन्स प्राप्त गर्न सक्छु ?**

नयाँ **भर्मोन्ट बासिन्दाले** भर्मोन्ट ड्राइभर लाइसेन्सका लागि आवेदन दिँदा र उक्त बासिन्दासँग तीन (3) वर्ष वा सोभन्दा कम समयको म्याद समाप्त भएको राज्यभन्दा बाहिरको मान्य लाइसेन्स वा राज्यबाहिरको लाइसेन्स छ भने आँखाको परीक्षण आवश्यक पर्नेछ ।

1. आफ्नो गृह राज्यबाट मान्य वा म्याद सकिएको (3 वर्ष वा सोभन्दा कम) लाइसेन्स, पहिचानको प्रमाणपत्र (परिच्छेद 3 हेर्नुहोस्) साथमा ल्याउनुहोस् । यदि तपाईंको गृह राज्यको लाइसेन्स मान्य छैन भने मान्य लाइसेन्स भएको व्यक्तिसँग सवारी व्यवस्थापन विभागमा जानुहोस् । यदि तपाईंको लाइसेन्सको म्याद सकिएको तीन (3) वर्षभन्दा बढी भइसकेको छ वा तपाईंसँग राज्यभन्दा बाहिरको लाइसेन्स छैन भने तपाईंले दृष्टि, लिखित र सडक परीक्षाहरू दिनुपर्ने हुन्छ ।

**कसलाई नयाँ लाइसेन्स जारी गर्न वा मौजुदा लाइसेन्स नवीकरण गर्न नसकिने हुन सक्छ ?**

कुनै पनि राज्यमा सवारी साधन चलाउने विशेषाधिकार निलम्बन, खारेज वा अस्वीकार गरिएको व्यक्तिलाई त्यस्तो निलम्बन, खारेजी वा अस्वीकृति समाप्त नभएसम्म र व्यक्तिलाई पुनर्स्थापनाका बारेमा आधिकारिक रूपमा लिखितमा सूचित नगरेसम्म लाइसेन्स जारी गर्न सकिँदैन ।

सवारी व्यवस्थापन विभागका कमिश्नरसँग व्यक्तिले राजमार्गका अन्य प्रयोगकर्ताहरूलाई जोखिममा नपारेर सवारी साधन चलाउन सक्दैन वा चलाउने छैनन् भन्ने प्रमाण भएको अवस्थामा त्यस्तो व्यक्तिलाई लाइसेन्स जारी गर्न सकिँदैन ।

भर्मोन्टको बासिन्दा नरहेको व्यक्ति ।

## स्कुल बस एन्डोर्समेन्ट (स्वीकृति)

स्कुल बसमा विद्यार्थीहरू बोक्ने भर्मोन्टका लाइसेन्सप्रत प्रत्येक चालकसँग स्कुल बस एन्डोर्समेन्ट (स्वीकृति) सहितको ड्राइभर लाइसेन्स अनिवार्य रूपमा हुनुपर्छ ।

- यदि तपाईं कुल वाहन वजन 26,001 पाउन्ड वा सोभन्दा बढी भएको वा चालकसहित 16 वा सोभन्दा बढी यात्री बोक्न निर्माण गरिएको स्कुल बस चलाउनुहुन्छ भने तपाईंलाई यात्री र स्कुल बस एन्डोर्समेन्टसहितको व्यावसायिक ड्राइभर लाइसेन्स आवश्यक पर्छ ।
- यदि तपाईं निर्माताले 16 जनाभन्दा कम यात्री राख्ने भनी मूल्याङ्कन गरेका स्कुल बसहरूमा विद्यार्थीहरू बोक्नुहुन्छ भने तपाईंले आफ्नो ड्राइभर लाइसेन्समा टाइप II स्कुल बस एन्डोर्समेन्ट प्राप्त गर्न आवश्यक पर्छ ।
- यदि तपाईं अन्य सवारी साधनमा विद्यार्थीहरू बोक्नुहुन्छ भने पनि तपाईंलाई टाइप II स्कुल बस एन्डोर्समेन्ट आवश्यक पर्न सक्छ ।
- यदि तपाईं स्कुलको आफ्नै स्वामित्वको वा भाडामा लिइएको बहुकार्य स्कुल क्रियाकलाप बसमा विद्यार्थीहरू बोक्नुहुन्छ भने तपाईंलाई स्कुल बस एन्डोर्समेन्ट आवश्यक पर्छ ।
- यदि तपाईं ट्याक्सीमा जस्तै भाडामा विद्यार्थीहरू बोक्नुहुन्छ भने तपाईंसँग अनिवार्य रूपमा स्कुल बस एन्डोर्समेन्ट हुनुपर्छ ।
- यदि तपाईं निजी वा स्कुलको स्वामित्व भएको कार वा वा भ्यानहरूमा विद्यार्थीहरू बोक्नुहुन्छ भने तपाईंले आफ्नो ड्राइभर लाइसेन्समा स्कुल बस एन्डोर्समेन्ट प्राप्त गर्न आवश्यक पर्न सक्छ ।

हाम्रो कुनै पनि कार्यालयमा आएर तपाईंले स्कुल बस म्यानुअल प्राप्त गर्न सक्नुहुन्छ ।

## मोटरसाइकल एन्डोर्समेन्ट र मोटरसाइकल लर्नर परमिट

लाइसेन्स भएको 16 वर्ष वा सोभन्दा बढी उमेरको कुनै पनि व्यक्तिले परीक्षा उत्तीर्ण गरेर मोटरसाइकल एन्डोर्समेन्ट वा मोटरसाइकल परमिट प्राप्त गर्न सक्छन् ।

तपाईंले परीक्षा दिनुअघि **मोटरसाइकलको लाइसेन्ससम्बन्धी गाइड तथा अपरेटर म्यानुअल** पढ्नुपर्छ । हाम्रो कुनै पनि कार्यालयमा आएर तपाईंले मोटरसाइकल म्यानुअल प्राप्त गर्न सक्नुहुन्छ ।

## मोटरसाइकल चालक तालिम कार्यक्रम

भर्मोन्ट चालक शिक्षा कार्यक्रम (Vermont Rider Education Program, VREP) ले मोटरसाइकल चलाउन इच्छुक सबै उमेरका मानिसहरूलाई यो तालिम लिन प्रोत्साहित गर्छ । तालिम कार्यक्रममा राष्ट्रिय रूपमा मान्यता दिइएका सुरक्षा तथा तालिम मापदण्डहरू पालना गरिन्छ र यसमा कक्षाकोठा तथा मोटरसाइकल दुवैमा तालिम दिइन्छ । आधारभूत चालक कोर्स लिने विद्यार्थीहरूलाई मोटरसाइकल, टेक्स्टबुक र हेल्मेटहरू उपलब्ध गराइन्छ । सफलतापूर्वक कोर्स पूरा गर्ने विद्यार्थीहरूलाई मोटरसाइकल एन्डोर्समेन्ट प्राप्त गर्नका लागि आवश्यक पर्ने राज्यको लिखित र सीप परीक्षाहरू दिनबाट छुट प्रदान गरिन्छ । कोर्ससम्बन्धी जानकारी लिनका लागि Vermont DMV को वेबसाइट हेर्नुहोस् ।

## के मैले अपोइन्टमेन्ट लिनुपर्छ ?

हो, अपोइन्टमेन्टको समय मिलाउनका लागि mydmv.vermont.gov मा जानुहोस् । अपोइन्टमेन्ट लिएर मात्र DMV मा जान मिल्छ । यदि तपाईं अपोइन्टमेन्टको समयमा आउन सक्नुहुन्न भने कृपया सकेसम्म छिटोभन्दा छिटो आफ्नो अपोइन्टमेन्ट रद्द गर्नुहोस् वा अपोइन्टमेन्टका लागि नयाँ समय लिनुहोस् जसकारण हामीले तपाईंको निर्धारित समयमा अरू कसैलाई बोलाउन सक्छौँ । DMV मा आउनुअघि भर्मोन्ट कानूनद्वारा आवश्यक गरिएअनुसार मान्य बीमा कार्डको प्रमाण र सवारी साधनको दर्ताको जाँच गर्नुहोस् ।

**ध्यान दिनुपर्ने कुरा:** यदि तपाईंको श्रवणशक्ति कमजोर छ भने अपोइन्टमेन्टको समय लिँदा अनुरोध गरिएको खण्डमा दोभाषे उपलब्ध गराइनेछ । 711 मा फोन गरियो भने भर्मोन्ट रिले सेवा (TTY) उपलब्ध हुन्छ ।

## राज्यले ड्राइभिङ परीक्षाहरू दिन किन आवश्यक गराउँछ ?

परीक्षाहरूलाई निम्न कुराहरू मूल्याङ्कन गर्न प्रयोग गरिन्छ:

- के तपाईं सडकमा प्रयोग हुने सडकका सङ्केत तथा बत्तिहरू पढ्न र बुझ्न सक्नुहुन्छ ?
- के तपाईंलाई यस राज्यमा सवारी साधनहरू चलाउँदा ध्यान दिनुपर्ने कानूनहरूबारे थाहा छ ?
- के तपाईं सुरक्षित रूपमा सवारी साधन चलाउन आँखाले राम्रोसँग देख्न सक्नुहुन्छ ?
- के तपाईंसँग तपाईंलाई सुरक्षित र शिष्ट चालक बन्न सक्षम बनाउनका लागि सवारी साधन चलाउने सही सीपहरू छन् ?
- के तपाईंमा आफ्नो सवारी साधन सुरक्षित रूपमा चलाउन सक्ने तपाईंको क्षमतालाई प्रभावित गर्न सक्ने कुनै पनि अपाङ्गता छ ?
- के तपाईं आफ्नो सवारी साधन सुरक्षित रूपमा चलाउन मिल्नेगरी राम्रोसँग राख्नुहुन्छ ?
- के तपाईं सुरक्षित र शिष्ट चालक बन्न चाहनुहुन्छ र तपाईंसँग त्यस्तो चालक बन्न आवश्यक पर्ने ज्ञान छ ?
- के तपाईं साइकल चालक, मोटरसाइकल यात्री र पैदल यात्रीहरूका साथै अन्य चालकहरूको अधिकारहरूलाई कदर गर्न प्रतिबद्ध हुनुहुन्छ ?

## कस्तो प्रकारका परीक्षणहरू हुन्छन् ?

### 1. दृष्टि परीक्षण

दृष्टि-स्क्रिनिङ डिभाइस प्रयोग गरेर परीक्षकले तपाईंले कत्तिको राम्रोसँग देख्नुहुन्छ भनी परीक्षण गर्नुहुनेछ । यदि स्क्रिनिङको नतिजामा तपाईंको दृष्टिले 20/40 को आवश्यक मापदण्डहरू पूरा नगरेको भनी निर्धारण गरिएको खण्डमा तपाईंलाई आफ्नो रोजाइको आँखाको चिकित्सककहाँ रिफर गरिनेछ र थप परीक्षण गर्न लगाइनेछ । आँखाको चिकित्सकले मूल्याङ्कन गरेर तपाईंको सवारी साधन चलाउने विशेषाधिकारमा कुनै पनि बन्देजहरू लगाउनुपर्छ कि पर्दैन भन्ने कुरा निर्धारण गर्नुहुनेछ । आँखाको चिकित्सक अनिवार्य रूपमा इजाजतप्राप्त अप्टोमेट्रिस्ट वा ओप्थाल्मोलोजिस्ट हुनुपर्छ ।

### 2. ज्ञान परीक्षण

ज्ञान परीक्षण अनलाइन हुन्छ जसमा 20 वटा प्रश्नहरू सोधिन्छ । हरेक प्रश्नका लागि चारवटा जवाफहरू दिइन्छ जसमध्ये एउटा मात्र सही हुन्छ । परीक्षामा उत्तीर्ण हुनका लागि तपाईंले कम्तीमा पनि 16 वटा प्रश्नहरूको सही जवाफ दिनैपर्छ । यदि तपाईं परीक्षामा असफल हुनुभयो भने अर्को परीक्षा दिनका लागि तपाईंले कम्तीमा पनि एक दिन पर्खनैपर्छ ।

### 3. सडक परीक्षा (रोड टेस्ट)

तपाईंले परीक्षाका सबै भागहरू उत्तीर्ण नगर्दासम्म सडक परीक्षा दिन पाइने छैन ।

परीक्षा दिनुअघि तपाईंसँग अनुभवी चालक वा ड्राइभिङ प्रशिक्षकको निर्देशनअन्तर्गत कम्तीमा पनि 40 घण्टाको वास्तविक सवारी साधन चलाएको अनुभव हुनुपर्छ । यसमध्ये कम्तीमा पनि पाँच घण्टा सवारी साधनहरू आउजाउ गरिरहेका सडकमा हुनुपर्छ । व्यवहारिक रूपमा भन्नुपर्दा पर्याप्त मात्रामा अभ्यास गर्ने औसत क्षमता भएका लगभग प्रत्येक व्यक्तिले राम्रो प्रशिक्षकको सुपरिवेक्षणमा सवारी साधन चलाउन सिक्न सक्छन् ।

सडक परीक्षाको बेला तपाईंलाई कानूनको विपरित हुने कुनै पनि कार्य गर्न लगाइने छैन । तपाईंसँग कुनै पनि खालको मजाक गरिने छैन । तपाईंले अनिवार्य रूपमा तपाईंसँगै सवारी साधनमा चढ्नुहुने परीक्षकका निर्देशनहरू पालना गर्नुपर्छ । तपाईं आफ्नो सवारी साधन उपयुक्त सीपका साथ सम्हाल्नुहुन्छ, अवस्थाअनुसार उचित गतिमा चलाउनुहुन्छ र सडकमा देखिने सङ्केत तथा नियमहरूको पालना गर्नुहुन्छ भन्ने अपेक्षा गरिन्छ ।

सडक परीक्षाको बेला सवारी साधनमा कुनै पनि जनावर लिएर आउन अनुमति हुँदैन ।

यदि तपाईं कुनै पनि कारणवश सडक परीक्षामा असफल हुनुभयो भने अर्को परीक्षा दिनका लागि तपाईंले कम्तीमा पनि एक हप्ता पर्खनैपर्छ । यदि तपाईं सडक परीक्षामा तीन पटकसम्म असफल हुनुभयो भने कम्तीमा पनि एक महिना पर्खिनुपर्ने हुन्छ ।

## के मैले ड्राइभिङ परीक्षाका लागि आफैँ सवारी साधनको व्यवस्था गर्नुपर्छ ?

**हो ।** सवारी साधन अनिवार्य रूपमा दर्ता र निरीक्षण गरिएको हुनुपर्छ । सवारी साधन कहाँ दर्ता र निरीक्षण भएको हो भन्ने कुराले कुनै फरक पार्दैन । तपाईंसँग अनिवार्य रूपमा आफूले प्रयोग गर्ने सवारी साधनको बीमाको प्रमाण हुनुपर्छ । परीक्षाका लागि आउनुभन्दा पहिले आफ्नो दर्ता, निरीक्षण स्टिकर र बीमाको जाँच गर्नुहोस् ।

सडक परीक्षामा भाडामा लिएका सवारी साधन प्रयोग गर्न नमिल्न सक्छ । आवेदकले भाडाको सवारी साधन प्रयोग गरेको खण्डमा भाडामा दिने कम्पनीले पूरै जिम्मेवारी स्वीकार गरेको पत्र उपलब्ध गराउनुपर्छ । डिलरको दर्ता देखाएका सवारी साधनहरू स्वीकार्य हुँदैनन् । तपाईं डिलरसिपको परिवारको सदस्य भएको खण्डमा भने यो स्वीकार्य हुन्छ । कृषि, पुरातन वा प्रदर्शनी प्लेटहरू कानूनअनुसार अन्य कार्यमा प्रयोग गर्न निषेध लगाइएको हुनाले यी प्लेट भएका सवारी साधनमा सडक परीक्षा दिन पाइने छैन ।

## सडक परीक्षामा प्रयोग हुने सवारी साधनको अवस्था

तपाईंले ल्याउनुभएको सवारी साधन आवश्यक साज-समानसहित, राम्रो मेकानिकल अवस्थामा र सही तरिकाले दर्ता, बीमा र निरीक्षण गरिएको नभएसम्म तपाईंलाई ड्राइभिङ परीक्षा दिन अनुमति दिइने छैन । सवारी साधनलाई सुरक्षित रूपमा चलाउनु चालकको जिम्मेवारी हो । राम्रो मेकानिकल अवस्थामा हुने सही उपकरणमा निम्न कुराहरू पर्दछन्: हेडलाइट, हर्न, विन्डसिल्ड वाइपर, पछाडि हेर्ने ऐना, पछाडिका लाइट, टायर, स्टियरिङ मेकानिजम, विन्डसिल्ड, निकास प्रणाली, ब्रेक, फेन्डर, बम्पर र जनवरी 1, 1955 पछि निर्माण वा एसेम्बल गरिएको हो भने दिशा जनाउने सिग्नलहरू । सन् 1964 र सोभन्दा पछिका मोडेलहरूमा सेफ्टी बेल्ट र डिफ्रोस्टरहरू हुनुपर्छ । सेफ्टी बेल्टहरू नभएको सवारी साधनमा कुनै पनि सडक परीक्षा दिन पाइने छैन । सवारी साधन चलाउँदा उकालो वा ओरालो जुनसुकै बेला पनि कुनै पनि ढलान (ग्रेड) मा सवारी साधनलाई न्युट्रलमा राख्नका लागि इमर्जेन्सी/पार्किङ ब्रेकहरू पर्याप्त हुनैपर्छ । सवारी साधनको अगाडिको झ्यालहरूमा नदेखिने खालको गैरकानूनी कालो फिल्म लगाउन अनुमति हुँदैन ।

# परिच्छेद 5 - ग्रेजुएटेड ड्राइभर लाइसेन्स कार्यक्रम

**ग्रेजुएटेड ड्राइभर लाइसेन्स कार्यक्रम**

लर्नर परमिट वा जुनियर ड्राइभर लाइसेन्स प्राप्त गरेका व्यक्तिहरूले हाम्रो ग्रेजुएटेड ड्राइभर लाइसेन्स कानूनको पालना गर्नुपर्छ । यस कानूनका मुख्य प्रावधानहरू तल उल्लेख गरिएका छन्:

1. पन्ध्र (15) वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिसँग मान्य लर्नर परमिट भएमा र छेउमा तल उल्लिखित मानिसहरूमध्ये कुनै एक (1) जना भएमा सो व्यक्तिले सवारी साधन चलाउन पाउन सक्छन्:
    - लाइसेन्स भएका तथा असक्षमता नभएका अभिभावक वा संरक्षक,
    - लाइसेन्स भएका वा प्रमाणित असक्षमता नभएका ड्राइभिङ शिक्षा प्रशिक्षक
    - कम्तीमा पनि पच्चिस (25) वर्षको **लाइसेन्स भएको तथा असक्षमता नभएको व्यक्ति** ।
2. लर्नर परमिटका लागि आवेदन दिनका लागि व्यक्तिले अघिल्लो दुई (2) वर्षमा क्लिन ड्राइभिङ रेकर्ड (नराम्रो गतिविधि नभएको) कायम गरेको हुनैपर्छ
3. व्यक्तिले जुनियर ड्राइभर लाइसेन्स प्राप्त गर्नुभन्दा पहिले कम्तीमा पनि एक (1) वर्षसम्म अनिवार्य रूपमा लर्नर परमिट प्राप्त गरेको हुनुपर्छ ।
4. जुनियर ड्राइभर लाइसेन्स पाउनुअघि व्यक्तिले अनिवार्य रूपमा थप चालिस (40) घण्टा सवारी साधन चलाएर अभ्यास गर्नुपर्छ जसमध्ये कम्तीमा पनि दश (10) घण्टा रातिको समयमा माथि उल्लिखित कुनै पनि व्यक्तिमध्ये एकजनालाई छेउमा राखेर सवारी साधन चलाउनुपर्छ । चालिस (40) घण्टाको अभ्यास भनेको ड्राइभिङ प्रशिक्षण कोर्स सफलतापूर्वक पूरा गर्नका लागि आवश्यक पर्ने थप छ घण्टा सवारी साधन चलाउने शिक्षण समय हो । यो थप अभ्यास माथि उल्लिखित व्यक्तिहरूमध्ये एकजनाले अनिवार्य रूपमा प्रमाणित गर्नुपर्छ । ध्यान दिनुपर्ने कुरा: 'रातिको समयमा सवारी चलाउनु' भनेको सूर्यास्त भएपछिको तीस (30) मिनेटदेखि सूर्योदय हुनुअघिको तीस (30) मिनेटसम्मको समयमा सवारी साधन चलाउनु हो ।
5. व्यक्तिले जुनियर ड्राइभर लाइसेन्स प्राप्त गर्नुभन्दा छ (6) महिनाअघिदेखि कुनै पनि लर्नर परमिट फिर्ता लिइएको, निलम्बन वा खारेज गरिएको नभइकन अनिवार्य रूपमा 'क्लिन' ड्राइभिङ रेकर्ड कायम राखेको हुनुपर्छ ।
6. जुनियर ड्राइभर लाइसेन्स हुँदाको समयमा व्यक्तिले जुनियर ड्राइभर लाइसेन्स जारी गरेको एक (1) वर्षसम्मका लागि आफ्नो रोजगारीको क्रममा सवारी साधन चलाउन नपाउन सक्छन् । उदाहरणका लागि, व्यक्तिले जुनियर ड्राइभर लाइसेन्स पाएको एक (1) वर्ष नभएसम्म वा अठार (18) वर्ष उमेरको नपुग्दासम्म, जुनसुकै पहिला हुने भए तापनि, पिज्जा डेलिभरी ड्राइभरको रूपमा काम गर्न मिल्दैन ।
7. जुनियर ड्राइभर लाइसेन्स हुँदाको समयमा व्यक्तिले भाडामा यात्रीहरू बोक्न नपाउन सक्छन् ।
8. जुनियर ड्राइभर लाइसेन्स पाएको पहिलो तीन (3) महिनाभित्र व्यक्तिलाई एक्लै सवारी साधन चलाउन बन्देज लगाइएको हुन्छ । लाइसेन्स भएका तथा असक्षमता नभएका अभिभावक वा संरक्षक वा लाइसेन्स भएका वा प्रमाणित असक्षमता नभएका ड्राइभिङ शिक्षा प्रशिक्षक वा 25 वर्ष वा सोभन्दा बढी उमेरको लाइसेन्स भएको तथा असक्षमता नभएको व्यक्ति अगाडिको सिटमा बसेर यात्रा गरिरहेको भएमा मात्र यात्रीहरू राख्न अनुमति दिइन्छ । यदि ती व्यक्तिहरूमध्ये कुनै एक (1) जना व्यक्ति सवारी साधनमा भएमा

यात्रीहरूको सङ्ख्यामा कुनै पनि बन्देज हुँदैन । यद्यपि, ड्राइभरलाई सेफ्टी बेल्टको सङ्ख्याभन्दा बढी यात्रीहरू बोक्न अनुमति हुँदैन ।

9. जुनियर ड्राइभर लाइसेन्सअन्तर्गत सवारी साधन चलाएको दोस्रो तीन (3) महिनाको अवधिमा व्यक्तिले परिवारका सदस्यहरू अर्थात् सहोदर दाजुभाइ तथा दिदीबहिनी र आमाबुबालाई सवारी साधनमा बोक्न सक्छन् ।

10. छ (6) महिनासम्म जुनियर ड्राइभर लाइसेन्स भइसकेपछि व्यक्तिले सवारी साधनमा बोक्न सक्ने यात्रीहरूको सङ्ख्यामा कुनै बन्देज हुँदैन । यद्यपि, ड्राइभरलाई सेफ्टी बेल्टको सङ्ख्याभन्दा बढी यात्रीहरू बोक्न अनुमति हुँदैन ।

11. भर्मोन्ट जुनियर ड्राइभर लाइसेन्स भएको व्यक्ति अनिवार्य रूपमा अठार (18) वर्षको हुनुपर्छ र ड्राइभर लाइसेन्स प्राप्त गर्न योग्य हुनका लागि पछिल्लो छ (6) महिनाको अवधिमा जुनियर ड्राइभर लाइसेन्स फिर्ता लिइएको, निलम्बन वा खारेज गरिएको हुनुहुँदैन । यो छ
(6) महिनाको अवधि पुनर्स्थापना गरिएको मितिबाट सुरु हुन्छ ।

12. अर्को राज्यबाट जारी गरिएको जुनियर ड्राइभर लाइसेन्स भएको व्यक्तिले भर्मोन्ट जुनियर ड्राइभर लाइसेन्सका लागि आवेदन दिँदा उनले भर्मोन्टका आवश्यकताहरू पूरा गर्ने राज्यद्वारा स्वीकृत चालक शिक्षा कोर्स सफलतापूर्वक पूरा गरेको प्रमाण उपलब्ध गराउनुपरेन हुन्छ । उनले आँखा, लिखित र सडक परीक्षा पनि उत्तीर्ण गर्नुपर्ने हुन्छ । अर्को राज्यबाट जारी भएको लाइसेन्स प्राप्त गरेको कम्तीमा पनि छ महिना भइनसकेको खण्डमा उनले ग्रेजुएटेड लाइसेन्स कानूनको पनि पालना गर्नुपर्छ ।

13. लर्नर परमिट वा जुनियर ड्राइभर लाइसेन्सलाई फिर्ता लिन सकिने 'अस्थायी लाइसेन्स' मानिन्छ । निम्नमध्ये कुनै पनि कार्य गर्दा परिणामस्वरूप व्यक्तिको लर्नर परमिट वा जुनियर ड्राइभर लाइसेन्स रिकल (फिर्ता लिइएको) मा पर्न सक्नेछ (**थप विवरणका लागि 23 VSA § 607a, § 614a हेर्नुहोस्**):

- भाडामा यात्रीहरू बोक्ने, जुनियर अपरेटर उल्लङ्घन (CPH) = 90-दिनको रिकल
- रोजगारदाता/रोजगारीका लागि सवारी साधन चलाउने, जुनियर अपरेटर उल्लङ्घन (DFE) = 90-दिनको रिकल
- डाइभर्सन/रिपेरेटिभ बोर्ड रिकल (DRB) बाट प्राप्त फिर्ता लिने सिफारिस = 30-दिनको रिकल
- जुनियर अपरेटर पोइन्ट्स अक्युमुलेसन रिकल (JRP) = 90 दिनको रिकल (एउटा 3 पोइन्टको गतिसम्बन्धी उल्लङ्घन वा कुल 6 पोइन्टका लागि)
- जुनियर अपरेटर टेक्स्टिङ (JRT) = 30 दिनको रिकल (तपाईंको ड्राइभिङ रेकर्डमा कम्तीमा पनि $100 जरिवाना र दुई पोइन्ट समावेश हुन्छ)
- फिर्ता लिइएको कार्य लागू हुँदाको समयमा व्यक्ति जुनियर ड्राइभर लाइसेन्स वा ड्राइभर लाइसेन्सका लागि **<u>अयोग्य</u>** हुन्छन् ।
- फिर्ता लिइएको आदेश जारी हुँदा व्यक्तिसँग सुनुवाइको अधिकार हुन्छ ।
- लर्नर परमिट वा जुनियर ड्राइभर लाइसेन्स फिर्ता लिइएको अवस्थामा निश्चित समयावधिको म्याद समाप्त भएपछि र आवश्यक भएमा व्यक्तिले पुनः परीक्षा उत्तीर्ण गरेपछि परमिट वा लाइसेन्सलाई पूर्वावस्थामा फर्काइनेछ ।
- लर्नर परमिट/जुनियर ड्राइभर लाइसेन्सको फिर्ता लिइएको अवस्थालाई पूर्वावस्थामा फर्काउँदा कुनै पनि प्रकारको पुनर्स्थापना शुल्क बाँकी राख्न पाइने छैन ।

*सवारी साधनका दुर्घटनाहरू किशोरकिशोरीहरूको मृत्यु हुने र चोटपटक लाग्ने मुख्य कारण हो । अभिभावक वा संरक्षकको रूपमा आफ्नो बच्चामा सुरक्षित सवारी साधन चलाउने बानीहरू बसाल्नमा तपाईंको महत्त्वपूर्ण भूमिका रहन्छ ।*

*कानूनअनुसार 15 देखि 18 वर्षका किशोरकिशोरीहरूले चरणबद्ध रूपमा सवारी साधन चलाउन सिक्नुपर्छ । वैज्ञानिक निष्कर्षहरूका आधारमा युवा उमेरका चालकहरूलाई बन्देजहरू लगाइएका छन् र किशोरकिशोरीहरूलाई जोखिममा राख्ने केही मुख्य कारकहरू निम्नअनुसार छन्: उमेर, सवारी साधन चलाएको अनुभवको कमी, यात्रीहरू र अन्य ध्यान भङ्ग कुराहरू । GDL ले किशोरकिशोरीहरूको जीवन बचाउँछ र चोटपटक लाग्ने अवस्थाहरूलाई कम गरिदिन्छ ।*

*तर पनि GDL एक्लैले मात्र किशोरकिशोरीहरूबाट हुने सबै दुर्घटनाहरूलाई रोक्न सक्दैन ।*

*अमेरिकामा मादकपदार्थ सेवा गरेर सवारी साधन चलाउनुभन्दा टेक्स्ट म्यासेज गर्दै सवारी साधन चलाउँदा दुर्घटना भएर बढी किशोरकिशोरीहरूको मृत्यु हुने गर्छ ।*

D!STRACTION.GOV
ध्यान भङ्ग भएर सवारी साधन चलाउनेको सम्बन्धमा अमेरिकी सरकारको आधिकारिक वेबसाइट

TURNOFFTEXTING.COM

*सवारी साधन चलाउँदा टेक्स्टिङ हेर्नैपर्छ भन्ने छ, ट्रेडिगर कम्प्रिहेन्सिभ स्कुल र ग्वेन्ट पुलिसबाट PSA (ग्वेन्ट संयुक्त अधिराज्य दक्षिण-पूर्व वेल्समा छ)*

## परिच्छेद 6 – शुल्क, नवीकरण र प्रतिस्थापनहरू

**शुल्कहरू:**

तपाईंले लर्नर परमिट (सिकारू इजाजतपत्र) लिनका लागि बुझाउनैपर्ने शुल्कहरू
- परीक्षा र लर्नर परमिटको शुल्क = $63.00 (ज्ञान परीक्षण $39.00 + परमिट $24.00)

तपाईंसँग मान्य लर्नर परमिट भएमा तपाईंले जुनियर ड्राइभर लाइसेन्स लिनका लागि अनिवार्य रूपमा बुझाउनुपर्ने शुल्कहरू
- सडक परीक्षा र जुनियर ड्राइभर लाइसेन्स = $62.00 (सडक परीक्षा $23.00 + लाइसेन्स $39.00) (DMV ले सडक परीक्षाको प्रबन्ध नगरेको भए तापनि)

तपाईंसँग मान्य लर्नर परमिट भएमा तपाईंले ड्राइभर लाइसेन्स लिनका लागि अनिवार्य रूपमा बुझाउनुपर्ने शुल्कहरू
- सडक परीक्षा र 4-वर्षे लाइसेन्स = $85.00 (सडक परीक्षा $23.00 + लाइसेन्स $62.00)
- सडक परीक्षा र 2-वर्षे लाइसेन्स = $62.00 (सडक परीक्षा $23.00 + लाइसेन्स $39.00)

तपाईंसँग अर्को राज्यबाट जारी भएको मान्य ड्राइभर लाइसेन्स भएमा तपाईंले ड्राइभर लाइसेन्स लिनका लागि अनिवार्य रूपमा बुझाउनुपर्ने शुल्कहरू
- 4-वर्षे लाइसेन्स शुल्क = $62.00
- 2-वर्षे लाइसेन्स शुल्क = $39.00
- मोटरसाइकल एन्डोर्समेन्ट अगाडि बढाइएमा प्रति वर्ष + $4.00

नवीकरण शुल्कहरू
- 4-वर्षे लाइसेन्स = $62.00 (मोटरसाइकल एन्डोर्समेन्टसहित = $78.00)
- 2-वर्षे लाइसेन्स = $39.00 (मोटरसाइकल एन्डोर्समेन्टसहित = $47.00)
- लर्नर परमिट - $24.00

हराएको वा सच्याइएको लर्नर परमिट वा लाइसेन्सको प्रतिस्थापन (नाम वा ठेगाना परिवर्तन)
- $24.00

एन्हान्स्ड ड्राइभर लाइसेन्स (EDL)
- $36.00 (अन्य कुनै शुल्कहरूका अतिरिक्त) – एन्हान्स्ड ड्राइभर लाइसेन्सबारे थप विवरणका लागि dmv.vermont.gov हेर्नुहोस्

**जनवरी 1, 2024 सम्म शुल्कहरू सही छन् । सबै शुल्कहरू परिवर्तन हुन सक्छन् ।**

शुल्कहरू पुष्टि गर्नका लागि DMV को वेबसाइट dmv.vermont.gov हेर्नुहोस् ।

## परमिट/लाइसेन्स नवीकरण

- तपाईंको लाइसेन्स वा लाइसेन्सको म्याद समाप्त हुनुभन्दा लगभग एक महिनाअघि हाम्रा फाइलहरूमा भएको तपाईंको ठेगानामा हुलाकमार्फत नवीकरण आवेदन पठाइनेछ । फाराममा भएका सबै प्रश्नहरूको उत्तर दिनुहोस्, हस्ताक्षर गर्नुहोस् र उक्त नवीकरण फाराम तथा शुल्कहरूलाई सवारी व्यवस्थापन विभागमा बुझाउनुहोस् । त्यसपछि विभागले तपाईंलाई अद्यावधिक गरिएको लाइसेन्स वा परमिट हुलाकमार्फत पठाउनेछ । यदि तपाईंले हुलाकबाट नवीकरण फाराम प्राप्त गर्नुभएन भने तपाईंले नवीकरण आवेदन सवारी व्यवस्थापन विभागको कार्यालयमा वा अनलाइनमा dmv.vermont.gov मा प्राप्त गर्न सक्नुहुन्छ । फाराम भर्नुहोस् र उक्त भरिएको फारामलाई सही शुल्कहरूका साथ Department of Motor Vehicles, 120 State Street, Montpelier, VT 05603-0001 मा हुलाकमार्फत पठाउनुहोस् वा हाम्रो कुनै एउटा कार्यालयमा आएर बुझाउनुहोस् । लाइसेन्सको फोटो 8 वर्षसम्म मान्य हुन्छ । तपाईं स्वयं उपस्थित भएर नवीकरण गर्दा तपाईंको फोटो सोही समयमा अद्यावधिक हुनेछ ।

- 14 दिनभन्दा बढी समयअघि म्याद समाप्त भएको भर्मोन्टको लाइसेन्स मान्य लाइसेन्स होइन । तपाईंले उक्त लाइसेन्स लिएर सवारी साधन चलाउन पाउनुहुन्न ।

- यदि तपाईंको भर्मोन्ट ड्राइभर लाइसेन्सको म्याद समाप्त भएको तीन (3) वर्षभन्दा धेरै समय भएको छ भने तपाईंले नयाँ लाइसेन्स प्राप्त गर्नका लागि अनिवार्य रूपमा पुन: परीक्षा दिनुपर्छ ।

  तपाईं आफ्नो लाइसेन्स mydmv.vermont.gov मा गएर अनलाइन नवीकरण गर्न सक्नुहुन्छ ।

## मैले मेरो हराएको लाइसेन्स वा लर्नर परमिट कसरी प्रतिस्थापन गर्न सक्छु ?

यदि तपाईंले आफ्नो लाइसेन्स हराउनुभयो भने तपाईं सवारी व्यवस्थापन विभागमा गएर प्रतिस्थापित लाइसेन्स प्राप्त गर्न सक्नुहुन्छ ।

तपाईं आफ्नो लाइसेन्स mydmv.vermont.gov मा गएर अनलाइन प्रतिस्थापन गर्न सक्नुहुन्छ ।

## मैले मेरो नाम वा ठेगाना परिवर्तन गरेको छु । मैले अब के गर्नुपर्छ ?

यदि तपाईंले आफ्नो नाम वा ठेगाना परिवर्तन गर्नुभएको छ भने तपाईंले अनिवार्य रूपमा 30 दिनभित्र आफूले गरेको परिवर्तनबारे सवारी व्यवस्थापन विभागमा रिपोर्ट गर्नुपर्छ ।

तपाईं आफ्नो ठेगाना mydmv.vermont.gov मा गएर अनलाइन अद्यावधिक गर्न सक्नुहुन्छ (नाम परिवर्तनको हकमा भने तपाईं स्वयं उपस्थित हुनुपर्छ) ।

## परिच्छेद 7 - आफ्नो परमिटका लागि सुरक्षित रूपमा सवारी साधन चलाउने र अध्ययन गर्ने

*यस खण्डमा भएको जानकारीले तपाईंलाई सुरक्षित रूपमा सवारी साधन चलाउन सिकाउनेछ र तपाईंलाई लर्नर परमिटको परीक्षाका लागि तयारी गर्नमा मद्दत गर्नेछ ।*

*याद राख्नुपर्ने कुरा: आफ्नो लिखित परीक्षा दिनुअघि ड्राइभर म्यानुअलमा भएको बाँकी कुराहरू पढ्नुहुन्छ भनेर सुनिश्चित गर्नुहोस् । तपाईं परीक्षामा उत्तीर्ण भए तापनि अन्य सबै आवश्यकताहरू पूरा नभएसम्म र सबै आवश्यक कागजातहरू उपलब्ध नगराउँदासम्म तपाईंको परमिट जारी हुने छैन ।*

## सुरक्षित रूपमा कसरी सवारी साधन चलाउने

प्रायः सवारी चालकका कार्य वा गल्तीहरूका कारण सवारी साधनका दुर्घटनाहरू हुने गर्छन् । यद्यपि, ध्यान दिएर, शिष्ट भएर र सावधानीका साथसाथै सही व्यवहारहरू देखाएर कुनै पनि सवारी चालकले सुरक्षित रूपमा सवारी साधन चलाउन सक्छन् ।

**मैले कहाँबाट सवारी साधन चलाउन सुरु गर्नुपर्छ ?**

लर्नर परमिट भएको व्यक्तिले पहिला खाली पार्किङ लट वा सवारी साधनहरू धेरै आउजाउ नगर्ने सडकहरूमा सवारी साधन चलाउने अभ्यास गर्नुपर्छ । भिडभाड हुने क्षेत्रहरूमा सवारी साधन चलाउनुअघि आधारभूत कार नियन्त्रण विकास गर्न महत्त्वपूर्ण हुन्छ । तपाईंका सीपहरूमा सुधार हुँदै गर्दा तपाईं बढी सवारी साधनहरू आउजाउ गर्ने सडकमा सवारी साधन चलाउन सक्नुहुन्छ ।

तपाईंले अन्य चालकहरूभन्दा एकदम विस्तारै सवारी साधन चलाउन सक्ने हुनाले तपाईंले गर्दा जोखिम निम्तिन सक्छ । यदि तपाईंको पछाडि सवारी साधनहरूको लाइन लागेको छ भने कानूनअनुसार तपाईंले सुरक्षित भएपछि रोडको छेउमा लगेर सवारी साधन रोक्नुपर्छ र पछाडिका सवारी साधनहरूलाई अघि जान दिनुपर्छ । यसरी तपाईं र उनीहरू सबैले सुरक्षित रूपमा सवारी साधन चलाउन सक्नुहुन्छ—तपाईं आफ्नो पछाडि सवारी साधनहरू नहुँदा ढुक्कले सवारी साधन चलाउन सक्नुहुन्छ ।

**मैले पहिला के अभ्यास गर्नुपर्छ ?**

आफ्ना हातहरूलाई सही पोजिसनमा राखेर सवारी साधन चलाउने अभ्यास गर्नुहोस् । यदि तपाईंले स्टियरिङ ह्विललाई घडी मानेर हेर्नुभयो भने 9 तथा 3 वा 8 तथा 4 को पोजिसन सिफारिस गरिन्छ ।

दायाँ र बायाँ घुमाउने, सजिलोसँग ब्रेक लगाउने र नियन्त्रित तरिकाले सवारी साधन सुरु गर्ने तथा रोक्ने कुरामा ध्यान दिनुहोस् । सवारी साधन घुमाउनका लागि हात माथि हात राख्दै स्टियरिङ घुमाउनुहोस् ।

**चालकको तैयारी**

तपाईंले सवारी साधन चलाउनुअघि निम्न कार्यहरू गर्नुपर्छ;

1. सिट राम्रोसँग मिलाउनुहोस् ।
2. सबै ऐनाहरू मिलाउनुहोस् ।
3. फुट र पार्किङ/इमर्जेन्सी ब्रेकहरू जाँच गर्नुहोस् ।
4. सेफ्टी बेल्ट मिलाएर बाँध्नुहोस् ।
5. ढोकाहरू लक गर्नुहोस् ।
6. हेडलाइटहरू अन गर्नुहोस् ।

**सवारी साधन रोक्ने**

सडक र सवारी साधनको अवस्था ठिक भए र चालक पूर्ण रूपमा सावधान भए तापनि सवारी साधन रोक्दा धेरै दुरी राख्नुपर्छ । सवारी साधन रोक्नका लागि निम्न चारवटा कुराहरू हुनैपर्छ:

1. तपाईंले खतरा र रोक्नुपर्ने आवश्यकता हेरेर पत्ता लगाएकै हुनुपर्छ ।

2. तपाईंको मस्तिष्कले तपाईंलाई आफ्नो खुट्टा ब्रेकमा राख्ने सङ्केत दिएकै हुनुपर्छ ।
3. तपाईं खुट्टा ब्रेक पेडलमा गएर ब्रेक लगाएकै हुनुपर्छ ।
4. तपाईंका ब्रेकहरूले ठिकसँग काम गरेकै हुनुपर्छ ।



तपाईंले खतरा देखेपछि ब्रेक लगाउँदासम्म तपाईंको सवारी साधन जाने दूरीलाई प्रतिक्रिया दूरी भनिन्छ । खतरा देखेपछि औसत चालकलाई ब्रेक लगाउन लगभग 3/4 सेकेन्ड लाग्छ । सवारी साधन चलाएको गति जति बढी हुन्छ चालकले ब्रेक लगाउनुअघि सवारी साधन त्यत्ति नै टाढा गएर रोकिने हुन्छ । ब्रेक लगाएपछि र सवारी साधन गएर रोकिने बिचको समयलाई ब्रेकिङ दूरी भनिन्छ । ब्रेकिङ दूरी सडकको अवस्थाका आधारमा फरक-फरक हुने गर्छ । भिजेको, बरफ जमेको वा ग्राभेल सडकमा ब्रेकिङ दूरी लामो हुन्छ भन्ने कुरा ध्यानमा राख्नु महत्त्वपूर्ण हुन्छ । पानी पर्न सुरु भएपछि तेल, रबर, फोहोर र पानी मिसिने हुनाले सडक झन् चिप्लो हुन्छ जसले गर्दा तपाईंको ब्रेकिङ दूरी बढ्छ ।

**सिग्नलहरू**

कानूनमा चालकले सवारी साधन मोड्नुअघि वा लेन परिवर्तन गर्नुअघि 100 फिटभन्दा कम नहुनेगरी टर्न (मोड्ने) सिग्नल प्रयोग गर्नैपर्छ भनेर उल्लेख गरिएको छ । यीमध्ये कुनै पनि कार्य गर्नुभन्दा तीनदेखि पाँच सेकेन्डअघि सिग्नल गरेको खण्डमा यो आवश्यकता पूरा हुन्छ । ब्रेक लगाउनुभयो भने तपाईंको पछाडि भएको सवारी साधनलाई तपाईंले सवारी विस्तारै चलाउन वा रोक्न थाल्नुभएको छ भनेर सिग्नल दिनेछ । तपाईंको सवारी साधनको दिशा जनाउने लाइट वा ब्रेक लाइटहरूले काम गरिरहेको छैन भने तपाईंले अनिवार्य रूपमा हातले सिग्नल गरेर रोक्न लाग्नुभएको छ वा सवारी साधन मोड्न लाग्नुभएको छ भनेर अन्य चालकहरूलाई थाहा दिनुपर्छ । बिग्रेका दिशा जनाउने लाइट वा ब्रेक लाइटहरू तुरुन्तै बनाइनुपर्छ ।

**बायाँ मोड्ने**

सवारी साधन बायाँतिर मोड्ने बेला धेरैजसो दुर्घटनाहरू हुने गर्छ । चालकले राम्रोसँग सवारी मोडेको खण्डमा यसरी सवारी साधन ठोक्किएर दुर्घटना हुने थिएन ।

तपाईंले बायाँ मोड्न चाहेको चौराहा (इन्टरसेक्सन) पुग्ने लाग्दा तपाईंले अरूहरूलाई सवारी मोड्दै हुनुहुन्छ भनेर थाहा दिनका लागि अगाडि नै 3 देखि 5 सेकेन्डसम्म सिग्नल दिनैपर्छ । त्यसपछि तपाईंले बिस्तारै सवारी साधनको गति कम गर्दै गर्दा तपाईंको पछाडिका चालकले तपाईंको सिग्नल बुझेका छन् भने हेर्नका लागि पछाडि देखिने ऐनामा हेर्नुहोस् । तपाईंको पछाडिको साइकल चालक वा सवारी साधन तपाईंको बायाँतिरबाट जान खोजिरहेका छैनन् भनेर सुनिश्चित गर्नुहोस् । धेरैवटा लेन भएको सडकमा तपाईंले सवारी साधन मोड्नुभन्दा पहिले नै तपाईं बायाँ लेनमा हुनुहुन्छ भनेर सुनिश्चित गर्नुहोस् । कहिले पनि एक्कासी दायाँ लेनबाट बायाँ लेनमा नजानुहोस् ।




तपाईं सवारी साधन मोड्ने ठाउँमा पुगेपछि पहिला कुनै पनि सवारी साधन आइरहेको छ कि छैन भनेर हेर्नुहोस् र आइरहेको छ भने पर्खिनुहोस् । सुरक्षित भएमा आफ्नो सवारी साधनलाई सेन्टरलाइनबाट एक फुटभित्र राख्नुहोस् । तपाईं आफ्नो सवारी साधन मोड्न तयार नहुँदासम्म सवारीका चक्काहरू सीधा राख्नुहोस् - यसरी पछाडिबाट ठक्कर हानिहालेमा पनि तपाईं धकेलिएर आउजाउ गरिरहेका सवारी साधनहरूमा पुग्नुहुने छैन । कुनै पनि आइरहेको सवारी साधन वा साइकल चालकसँग सबैभन्दा पहिले जाने अधिकार (राइट अफ वे) हुन्छ । तपाईंले सवारी साधन मोड्न लागेको सडकमा पैदल यात्रीहरूले बाटो काटिरहेका त छैनन् भनेर हेर्न सधैँ याद राख्नुहोस् । यदि पैदल यात्रीहरूले बाटो काट्दै भएमा तपाईंले पैदल यात्रीहरूलाई पहिले बाटो काट्न दिनुपर्छ ।

सडक खाली भएपछि उचित गतिमा आफ्नो सवारी साधन मोड्नुहोस् र सेन्टरलाइनको दायाँतिरै चलाइरहनुहोस् । आफ्नो सवारी साधन पूरै मोडिसकेपछि पछाडि हेर्ने ऐनामा हेर्नुहोस् र आफ्नो सवारी साधनलाई लेनको बिचमा चलाउनुहोस् ।

- सवारी साधन मोड्नुअघि कुनै सवारी साधन आइरहेको छ कि भनेर हेर्नुहोस् र अघि जान आवश्यक परेको खण्डमा सिग्नल दिँदै सेन्टरलाइनबाट एक फुटभित्रतिर जानुहोस् ।

- सवारी साधन मोड्नुभन्दा 3 देखि 5 सेकेन्डअघि सिग्नल दिनुहोस् र सवारी साधनको गति कम गर्दै जानुहोस् ।
- सवारी साधन मोड्न सुरु गर्नुअघि चौराहा (इन्टरसेक्सन को दायाँ, अगाडि र बायाँतिर सवारी साधन आए, नआएको हेर्नुहोस् ।
- सेन्टरलाइनको दायाँतिर रहेको सडकमा पस्नुहोस् ।
- सवारी मोडिसकेछि पछाडि हेर्ने ऐनामा हेर्नुहोस् र सवारी साधनलाई लेनको बिचमा चलाउनुहोस् ।

## दायाँ मोड्ने




दायाँतिर मोड्ने बेला सवारी साधन सडकको दायाँतिरबाट लगभग तीन फिट टाढा हुनुपर्छ । आफ्नो सवारी साधन दायाँतिर मोड्नुअघि बायाँतिर नघुमाउनुहोस् । तपाईंले मोड्न लाग्दै हुनुहुन्छ भनेर अरूलाई थाहा दिनका लागि 3 देखि 5 सेकेन्ड पहिले सिग्नल दिनुहोस् । त्यसपछि, तपाईंले बिस्तारै सवारी साधनको गति कम गर्दै गर्दा तपाईंको पछाडिको चालकले तपाईंको सिग्नल बुझेका छन् भनेर हेर्नका लागि ऐनामा हेर्नुहोस् । सवारी साधन मोड्न सुरु गर्नुअघि चौराहाको बायाँ, अगाडि र दायाँतिर सवारी साधन आए, नआएको हेर्नुहोस् ।

तपाईंले सवारी मोड्दा सडकको दायाँतिर साइकल चालक वा पैदल यात्रीहरू छन् कि भनेर सधैं सतर्क रहनुहोस् । तपाईंले अनिवार्य रूपमा कुनै पनि पैदल यात्री वा साइकल चालक भएमा बाटो छोडिदिनुपर्छ ।

आफ्नो लेनको दायाँतिर नजिकै गएर बल्ल सवारी मोड्नुहोस् । आफ्नो सवारी साधन पूरै मोडिसकेपछि पछाडि हेर्ने ऐनामा हेर्नुहोस् र आफ्नो सवारी साधनलाई लेनको बिचमा चलाउनुहोस् ।

- सवारी साधन मोड्नुअघि कुनै सवारी साधन आइरहेको छ कि भनेर हेर्नुहोस् र आफ्नो लेनको दायाँ साइडतिर जानुहोस् ।
- सवारी साधन मोड्नुभन्दा 3 देखि 5 सेकेन्डअघि सिग्नल दिनुहोस् र सवारी साधनको गति कम गर्दै जानुहोस् ।
- सवारी साधन मोड्न सुरु गर्नुअघि चौराहाको बायाँ, अगाडि, दायाँ र छिटो बायाँ तिर फेरि सवारी साधन आए, नआएको हेर्नुहोस् ।
- सवारी साधन मोड्दा दायाँतिर च्यापेर मोड्नुहोस् । सवारी मोडिसकेछि ऐनामा हेर्नुहोस् र सवारी साधनलाई लेनको बिचमा चलाउनुहोस् ।

ध्यान दिनुपर्ने कुरा: यदि तपाईं एउटाभन्दा धैरै लेन भएको सडकमा आफ्नो सवारी मोड्दै हुनुहुन्छ भने सबैभन्दा नजिकको लेनमा मोड्नुहोस् ।

त्यसपछि धैरैवटा लेन भएको सडकमा सवारी साधन चलाउने आधारभूत नियम पालना गर्नुहोस्: तपाईंले बाटो नकाट्दासम्म वा आफ्नो सवारी साधन नमोड्दासम्म दायाँतिरैबाट चलाइरहनुहोस् ।

## दृश्यात्मक खोजको ढाँचा

चालकले सडकमा पैदल यात्री, साइकल चालक र जोखिममा पर्न सक्ने अन्य प्रयोगकर्ताहरूसहित सम्भावित खतराहरूमा विशेष ध्यान दिनुपर्छ । दृश्यात्मक खोजको ढाँचा भनेको सबै दिशाहरूमा हुन सक्ने खतराहरूलाई खोज्ने व्यवस्थित तरिका हो । खोजको ढाँचा दोहोऱ्याउनाले चालकलाई सडकको अवस्थाका साथै आफू जाने बाटो वरिपरि भएको परिवर्तनबारे थाहा पाउनमा मद्दत मिल्न सक्छ ।

## चार सेकेन्ड - सुरक्षित पछ्याउने दूरी

तपाईं आफ्नो अगाडि रहेको सवारी साधनको एकदमै नजिक हुनुहुन्छ भनेर तपाईंलाई कसरी थाहा हुन्छ ? 4 सेकेन्डको विधि प्रयोग गरेर तपाईंले आफ्नो सवारी साधन तुरुन्तै रोक्नुपर्ने अवस्थामा आफ्नो र आफ्नो अगाडिको सवारी साधनको बिचमा पर्याप्त खाली ठाउँ पाउनुहुन्छ । यद्यपि, यदि तपाईं सडकमा नदेखिने वा उच्च गतिमा चलाउने जस्ता खराब अवस्थामा सवारी साधन चलाउँदै हुनुहुन्छ भने तपाईंले चार सेकेन्डभन्दा बढी समय लिनुपर्छ । तपाईं र तपाईंको अगाडिको सवारी साधन बिचको दूरी गति र मौजुदा अवस्थाहरूले निर्धारण गरिनुपर्छ ।


**चार सेकेन्डको सुरक्षा दूरीका लागि यी चरणहरू पालना गर्नुहोस्**

1. तपाईंको अगाडिको सवारी साधन चिन्ह, ड्राइभवे, पोल वा पार्क गरिएको सवारी साधन जस्ता चेकपोइन्ट पार गर्न लागिरहेको छ ।
2. पछाडि हेर्ने ऐनामा हेरेर उक्त सवारी साधन चेकपोइन्ट पार गर्न लाग्दा सेकेन्ड गन्न सुरु गर्नुहोस् ।
3. तपाईंको सवारी साधन चेकपोइन्टमा पुगिसकेपछि गन्न रोक्नुहोस् । यदि तपाईं चार सेकेन्डभन्दा कम समयमा उक्त पोइन्टमा पुग्नुहुन्छ भने तपाईं एकदमै नजिक चलाउँदै हुनुहुन्छ र अलि दूरी बनाएर बस्नैपर्छ । यदि तपाईं चार सेकेन्ड वा सोभन्दा बढी समयमा चेकपोइन्ट पार गर्नुहुन्छ भने तपाईं सुरक्षित दूरीमा हुनुहुन्छ ।

**ध्यान दिनुपर्ने कुरा:** सेकेन्ड गन्ने सबैभन्दा सजिलो तरिका भनेको "एक हजार एक, एक हजार दुई" गरेर हो ।

**गति सीमा (स्पिड लिमिट) र सुरक्षित गति (सेफ स्पिड)**

भर्मोन्टका सबै सडकमा अधिकतम गति 50 माइल प्रति घण्टा वा पोस्ट गरिएअनुसार हुन्छ । भर्मोन्टका अन्तरराज्यीय सडकमा अधिकतम गति 65 माइल प्रति घण्टा वा पोस्ट गरिएअनुसार हुन्छ । कानूनअनुसार सवारी साधन नियन्त्रणमा रहिरहँदासम्म जति बेला पनि चलाउन सकिनेछ । बाटोमा हुन सक्ने खतरालाई मध्यनजर गर्दै सवारी साधन उचित गतिमा चलाइनुपर्छ । चौराहा, घुम्ती, भीडभाडमा, निर्माण क्षेत्र हुँदै, मौसम खराब हुँदा र पैदल यात्री वा साइकल चालकहरू बाटोमा हिँड्दा तपाईंले अनिवार्य रूपमा अवस्थाहरूअनुसार सुरक्षित गतिमा सवारी चलाउनुपर्छ । अवस्थाहरूअनुसार धेरै गतिमा सवारी साधन कुदाउँदा धेरै दुर्घटनाहरू हुने गर्छन् । कहिलेकाहीँ, 10 माइल प्रति घण्टा पनि असुरक्षित गति हुन सक्छ ।




**राइट-अफ-वे**

1. सडकमा सवारी साधन चलाइरहेका चालकले चौराहामा रहेका पैदल यात्री, साइकल चालक र अन्य सवारी साधनहरूलाई पहिले जानका लागि बाटो छोडिदिनुपर्छ ।
2. "यिल्ड राइट-अफ-वे" चिन्ह भएको चौराहामा पुग्दा तपाईंले आवश्यक भएमा सवारी साधन रोक्न सक्नेगरी कम गतिमा सवारी साधन चलाउन आवश्यक पर्छ । बाटो खाली भएपछि मात्र पस्नुहोस् ।
3. चारकुने चोकमा सुरुमा जुन सवारी साधन आउँछ त्यही सवारी साधनले पहिले जान पाउनुपर्छ ।
4. चारकुने चौराहामा दुई भिन्न दिशातर्फबाट एकैपटक दुईवटा सवारी साधन पुग्दा बायाँतिरको चालकले दायाँतिरको चालकलाई पहिले जान दिनुपर्छ ।
5. यदि तपाईं बायाँतिर मोड्दै हुनुहुन्छ भने तपाईंले आउँदै गरेको सबै सवारी साधनहरूलाई पहिले जान दिनुपर्छ । सवारी साधन वा साइकल यात्री जोकोही पनि तपाईंतिर आउँदै गरेको खण्ड उक्त सवारी साधन वा साइकल चालकलाई पहिला जान दिनका लागि बाटो छोडिदिनुपर्छ ।
6. ड्राइभवे, गल्ली, पार्किङ लट वा टि-चौराहाबाट सडकमा निस्किँदै गरेका चालकले पहिला सडकमा भएका सबै सवारी साधनहरूलाई जान दिनुपर्छ ।
7. कुनै पनि चौराहामा प्रवेश गर्नुअघि तपाईंले अनिवार्य रूपमा सबैतर्फ हेरेर मात्र जानुपर्छ । चौराहामा प्रवेश गर्नुअघि सडक खाली छ भनेर सुनिश्चित गर्नुहोस् ।

## आफ्नो सवारी साधन पार्क गर्ने

ड्राइभिङ वातावरणमा पार्किङका धेरै विकल्पहरू हुन्छन् । त्यसमा समानान्तर पार्किङ, कोण पार्किङ (बायाँ वा दायाँ) र सीधा पार्किङ (बायाँ वा दायाँ – अगाडि वा पछाडि) पर्दछन् । पार्क गर्नका लागि सेन्टरलाइन पार नगर्नुहोस् । समानान्तर पार्किङबारे थप जानकारी लिनका लागि, यस अध्ययन गाइडमा रहेको "सडक परीक्षा" खण्ड हेर्नुहोस् ।


2-लेन सडकमा पार्क गरिएको सवारी साधनको दायाँ चक्काहरू सडक वा कर्बको दायाँतिरबाट 12 इन्चभित्र हुनुपर्छ । एक-तर्फी सडकमा सवारी साधन सडकको छेउबाट 12 इन्चभित्र राखिएको हुनुपर्छ । तपाईंको सवारी साधन गाडीहरू जाँदै गरेको दिशातिरै फर्काएर पार्क गरिएको हुनुपर्छ ।

यदि तपाईंले ग्रामीण क्षेत्रको राजमार्गमा पार्क गर्नुपरेमा तपाईंको सवारी साधनका चक्काहरू सडकमा नभएर सडक छेउमा पार्क गरिएको हुनुपर्छ । उकालो, कर्भ वा कुनै पनि दिशाबाट कम्तीमा पनि 150 फिटसम्म नदेखिने कुनै पनि ठाउँमा वा पार्किङ नगर्न भनी पोस्ट गरिएको कुनै पनि क्षेत्रमा नरोक्ने कुरामा ध्यान दिनुहोस् ।

### उकालो-ओरालो क्षेत्रमा पार्क गर्ने

उकालो-ओरालो क्षेत्रमा पार्क गर्दा तपाईंले आफ्नो सवारी साधन आफैँ गुडेर गाडीहरू आइरहेको ठाउँमा पुग्दैन भनेर सुनिश्चित गर्नुपर्छ ।

आफ्नो सवारी साधनलाई आफैँ गुड्न नदिनका लागि सधैँ अगाडिका चक्काहरू आधा फर्काएर राख्नुहोस् र पार्किङ ब्रेक लगाएर राख्नुहोस् । (यहाँ देखाइएको उकालो र ओरालो पार्किङका लागि दिइएका कार्यविधिहरू स्ट्रिट वा रोडवेको दायाँ छेउमा गरिने पार्किङमा लागू हुन्छ ।)




### तपाईंले पार्क गर्न नमिल्ने ठाउँ

- राजमार्गको सवारी साधनहरू चल्ने भागमा
- स्ट्रिटको छेउमा सवारी साधन रोकिएको वा पार्क गरिएको छेउमा
- साइडवाकमा
- चौराहाभित्र
- क्रसवाकमा
- तपाईंले सवारी साधनहरूको आउजाउलाई रोक्न सक्ने कुनै पनि सडक कार्य भएको छेउमा
- पुल वा टनेलमा
- कुनै पनि रेलरोड ट्र्याकमा वा रेलरोड क्रसिङको नजिकको रेलबाट 50 फिटभित्र
- कुनै पनि ड्राइभवेको अगाडि
- फायर हाइड्रेन्टबाट 6 फिटभित्र
- चौराहामा रहेको क्रसवाकबाट 20 फिटभित्र
- रातो वा पहेँलो फ्ल्यासिङ लाइट, स्टप चिह्न वा ट्राफिक लाइटबाट 30 फिटभित्र
- चिह्न भएका फायर स्टेशन ड्राइभवेबाट 20 फिटभित्र वा ड्राइभवेबाट 75 फिटभित्र रहेको स्ट्रिटतिर
- पार्किङ गर्न नमिल्ने आधिकारिक चिह्न लेखेको कुनै पनि ठाउँमा
- चिह्नित साइकल लेनमा
- चिह्नित अपाङ्ग व्यक्ति पार्किङ क्षेत्रमा


### राउण्डअबाउट (गोल घुम्ती)

राउण्डअबाउट अर्थात् गोल घुम्ती भनेको चौराहा नियन्त्रण गर्ने विशेषता हो जसमा सवारी साधनहरू दायाँतर्फ मात्र मोडिदै आउने तथा घडीको दिशातिर जाने गर्दछन् । राउण्डअबाउटहरूले सवारी साधनमा ढिलाइ, दुर्घटना, इन्धन खपत र वायु प्रदूषण कम गर्छन् । धेरैजसो अवस्थाहरूमा

राउण्डअबाउटहरूले सवारी रोक्ने चिह्न वा ट्राफिक सिग्नलहरूभन्दा बढी सुरक्षित रूपमा सवारी साधन, पैदल यात्री र साइकल चालकहरूको व्यवस्थापन गर्न सक्छन् । राउण्डअबाउटतिर जाँदै गर्दा, राउण्डअबाउटमा हुँदा र निस्किँदै गर्दा सवारी साधनको गति कम हुनुपर्छ ।

चालकहरूले राउण्डअबाउटमा अगाडिका सवारीसाधनहरूलाई पहिला जान दिनुपर्छ । सवारी साधनहरू आउजाउ गर्दा सुरक्षित खाली ठाउँ भएपछि मात्र राउण्डअबाउटमा प्रवेश गर्नुहोस् । सबै चौराहाहरूमा जस्तै तपाईं राउण्डअबाउटमा प्रवेश गर्दै वा निस्कदै गर्दा पनि पैदल यात्री र साइकल चालकहरूलाई पहिले जान दिनुपर्छ । तपाईं राउण्डअबाउट निस्किँदै हुनुहुन्छ भनेर देखाउन सधैँ सिग्नल प्रयोग गर्नुहोस् ।

केही राउण्डअबाउटहरूमा एउटाभन्दा धैरै लेन हुने गर्दछ । त्यसैले, उचित लेन रोजेर राउण्डअबाउटमा जानुअघि लेन असाइनमेन्ट चिह्न र फुटपाथ सङ्केतहरूमा विशेष ध्यान दिनुपर्छ । धैरैवटा लेन भएको राउण्डअबाउटमा जानुअघि अझ बढी सावधानीपूर्वक सवारी साधन चलाउनुपर्छ । राउण्डअबाउटमा पुगिसकेपछि चालकहरूले लेन परिवर्तन गर्न नमिल्न सक्छ । चालकहरूले भित्री लेनबाट बाहिर निस्किनुअघि राम्रोसँग ऐना र ब्लाइन्ड स्पट जाँचहरू अनिवार्य रूपमा प्रयोग गर्नुपर्छ ।




कुनै पनि चिह्न वा एरो नभएको दुईवटा लेन भएको राउण्डअबाउटमा प्रवेश गर्दा दायाँ लेनबाट आएका सवारी साधनले दायाँ मोड्न पाउँछन् भने बायाँ लेनबाट आएकाले बायाँतिर मोड्न पाउँछन् ।

**<u>राउण्डअबाउटमा आपत्कालीन सवारी साधनहरू</u>**

आपत्कालीन सवारी साधनहरूलाई सधैँ पहिले जान दिनुहोस् । यदि तपाईं राउण्डअबाउटमा पुगिसक्नुभएको छैन भने रोक्नुहोस् र आपत्कालीन सवारी साधनहरूलाई पहिले जान दिनुहोस् । यदि तपाईं राउण्डअबाउटमा पुगिसक्नुभएको छ भने राउण्डअबाउटबाट सुरक्षित तरिकाले निस्किसकेपछि सवारी साधन रोक्नुहोस् ।

**<u>प्रहरी स्टपहरू</u>**

- चालकहरूलाई रोक्ने प्रयास गरिरहेका प्रहरीले आफ्नो सवारी साधनमा फ्ल्यासिङ लाइट वा फ्ल्यासिङ लाइटसहित साइरन अन गरेर रोक्ने छन् ।
- सडकको दायाँ छेउमा तपाईं जति नजिक गएर सवारी साधन चलाउन सक्नेगरी चलाउनुहोस् । चौराहामा वा दोबाटो भएको राजमार्गको बिचमा नरोक्नुहोस् ।
- अधिकारीले तपाईंलाई सेफ्टी बेल्ट लगाएको नदेख्दासम्म सेफ्टी बेल्ट लगाइराख्नुहोस् ।
- आफू धेरै नचल्नुहोस् र यात्रीहरूलाई पनि नचल्न भन्नुहोस् ।
- गहिरो सास तान्नुहोस् र नआत्तिनुहोस् । अधिकारीले तपाईंलाई किन रोकेको भनेर नभन्दासम्म शान्त रहनुहोस् ।
- अधिकारीले तपाईंको लाइसेन्स, सवारी साधनको दर्ता र बीमाको प्रमाण माग्दा देखाउनुहोस् ।
- आफ्नो सवारी साधनमै बसिरहनुहोस् । बाहिर निस्किन नभन्दासम्म ननिस्किनुहोस् । यो तपाईंको साथसाथै अधिकारीको सुरक्षाको लागि हो।
- यदि मधुरो बत्ति भएको क्षेत्रमा हुनुहुन्छ भने सवारी साधन रोकेपछि र अधिकारी आउनुअघि सवारी साधनको भित्री बत्तिहरू अन गर्नुहोस् ।
- ट्राफिक अपराधहरूबारे सडक छेउमा कुरा गर्नु राम्रो होइन। अदालतमा सो अपराध सम्बोधन गर्न समय मिल्छ।

**<u>मुभ ओभर ल</u>**




यदि तपाईंले कुनै पनि दिशाबाट निलो वा रातो सिग्नल लाइटहरू झिपझिप गरेर बल्दै आइरहेको सवारी साधन देख्नुभयो र/वा साइरन बजाउँदै आइरहेको सुन्नुभयो भने कानूनअनुसार तपाईंले अनिवार्य रूपमा सडकको दायाँ छेउमा गएर रोक्नुपर्छ । तपाईंले आपत्कालीन वा कानून प्रवर्तन सवारी साधन नजाँदासम्म रोकिरहनुपर्छ ।

यदि तपाईंले निलो लाइट झिपझिप गरेर बल्दै रोकिरहेको प्रहरीको सवारी साधन वा रातो लाइट झिपझिप गरेर बल्दै रोकिरहेको आपत्कालीन सवारी साधन देख्नुभयो भने तपाईं अनिवार्य रूपमा सावधानीपूर्वक अगाडि बढ्नुपर्छ (गति कम गरेर चलाउनुपर्छ) । यदि तपाईं अन्तरराज्यीय जस्ता चार-लेनको राजमार्गमा हुनुहुन्छ भने कानूनअनुसार तपाईंले सुरक्षित रूपमा लेन परिवर्तन गर्न सकेमा परिवर्तन गर्नुपर्छ ।

कानूनअनुसार चालकहरूले राजमार्गमा काम गरिरहेका कुनै पनि राज्य, सहर वा नगरको मर्मत-सम्भार गर्ने सवारी साधनलाई पहिला जान दिनुपर्छ । उदाहरणका लागि, लाइटहरू झिपझिप बाल्दै गरिरहेको स्नोप्लोको नजिक पुग्न लागेका चालक सावधानीपूर्वक अघि बढ्नुपर्छ र उक्त स्नोप्लोलाई पहिला जान दिनुपर्छ ।

**ध्यान दिनुपर्ने कुरा:** सवारी साधन उठाएर वा तानेर लैजाने (टोइङ) र मर्मत गर्ने सवारी साधनहरूमा सामान्यतया एम्बर रङका झिपझिप बल्ने लाइटहरू हुन्छन् । तपाईं यी रोकिएका सवारी साधनहरूको नजिकै जाँदै गर्दा माथि व्याख्या गरिएका समान सावधानी र प्रक्रियाहरू प्रयोग गर्नुपर्छ ।

## ट्राफिक बत्ति, सडक चिह्न र राजमार्ग सङ्केतहरू

**<u>ट्राफिक बत्तिहरू</u>**

ट्राफिक सिग्नलहरूले कुन-कुन सवारी साधनहरू पहिला जान दिने भनेर नियन्त्रण गर्दछन् र सवारी साधनहरूलाई व्यवस्थित रूपमा आउजाउ गर्न लगाउँदछन् । यदि बत्ति गएर हुने जस्तै सिग्नल लाइट कालो भएमा सबै दिशाहरूमा रोकिने चिह्न भए जस्तो मानेर रोकिनुहोस् । ट्राफिक सिग्नलले काम नगर्दा र पहेँलो वा रातो झिपझिप गरेर बलिराख्दा तपाईंले अनिवार्य रूपमा सो सिग्नलको पालना गर्नुपर्छ ।

**रातो बत्ति:** स्टप लाइन वा क्रसवाक दुवैमध्ये जुन पहिला आउँछ त्यहाँ पुग्नुअघि रोक्नुहोस् र लाइट हरियो नहुँदासम्म पर्खनुहोस् (रातो लाइट देखाइरहेको बेलामा हरियो तीर सिग्नलहरू देखिन सक्छन्, तपाईं हरियो तीरले देखाएको दिशातर्फ अघि बढ्न सक्नुहुन्छ) ।



चालकहरूले पूर्ण रूपमा रोकेपछि, चौराहा राम्रोसँग हेरेपछि र पैदल यात्री तथा अन्य सवारी साधनहरूलाई पहिला जान दिएपछि मात्र गोलाकार रातो लाइटहरूमा देखाएअनुसार दायाँतिर मोड्न सामान्यतया पाइने गरिन्छ । केही चौराहाहरूमा रातो लाइट बल्दा तपाईंले दायाँतिर मोड्न मिल्दैन भनेर देखाउने चिह्न वा सङ्केत हुन्छन् ।

प्रहरी अधिकारीले तपाईंलाई रातो लाइटमा जान निर्देशन दिन सक्नुहुन्छ । तपाईंले अधिकारीका निर्देशनहरू सावधानीपूर्वक पालना गर्नुपर्छ ।



**पहेँलो बत्ति:** यो लाइटले चालकहरूलाई लाइट अब रातोमा परिवर्तन हुँदैछ भनेर सतर्क गराउँछ । यदि तपाईं सुरक्षित रूपमा रोक्नका लागि चौराहा नजिकै पुगिसक्नुभएको छ भने चौराहामा सावधानीपूर्वक अगाडि बढ्नुहोस् ।




**हरियो बत्ति:** अगाडि बढ्न सुरक्षित हुन्छ भने तपाईं हरियो बत्ति बल्दा अगाडि बढ्न सक्नुहुन्छ । तर तपाईं बायाँतिर मोड्दै हुनुहुन्छ भने तपाईंले अनिवार्य रूपमा आइरहेका सवारी साधनहरूलाई पहिला जान दिनुपर्छ । विशेष जोड आवश्यक पर्ने केही चौराहाहरूमा सिग्नलको नजिकै माथिपट्टि "हरियो बत्ति बल्दा पहिले बायाँ मोड्न दिने" चिन्ह तारमा जोडिएको हुनेछ ।

**झिपझिप बल्ने रातो बत्ति**: यो झिपझिप बल्ने गोलाकार रातो बत्ति रोक्ने संकेत जस्तै हुन्छ । रोक्नुहोस् र सबै पैदल यात्री, साइकल चालक र सवारी साधनहरूलाई पहिला जान दिएपछि आफू अगाडि बढ्नुहोस् ।

**झिपझिप बल्ने पहेँलो बत्ति:** गति कम गर्नुहोस्, चौराहाको चारैतिर ध्यान दिएर हेर्नुहोस्, बाँया मोड्न प्रयास गर्नुभन्दा अगाडि आइरहेका सवारी साधनहरूलाई पहिला जान दिनुहोस् र त्यसपछि सावधानीपूर्वक अगाडि बढ्नुहोस् ।

**तीर (एरो) हरू**

**स्थिर रातो तीर:** बायाँ मोड्न चालकहरू अनिवार्य रूपमा रोकिनुपर्छ र प्रतिक्षा गर्नुपर्छ । स्थिर रातो तीर देखाइएको बेलामा मोड्नका लागि चौराहामा प्रवेश नगर्नुहोस् ।



**स्थिर पहेँलो तीर:** बायाँ-मोड्ने सङ्केत रातोमा परिवर्तन हुदैँछ र चालकहरू कानूनी रूपमा चौराहामा छन् र अगाडिबाट कुनै पनि सवारी साधन आइरहेको छैन भने चालकहरू रोक्न वा बायाँ मोड्नका लागि तयार हुनुपर्छ ।

**झिपझिप बल्ने पहेँलो तीर:** चालकहरूलाई आइरहेका सबै सवारी साधनहरूलाई र क्रसवाकमा भएका सबै पैदल यात्रीहरूलाई पहिला जान दिएपछि बायाँ मोड्नका लागि अनुमति हुन्छ । आइरहेका सवारी साधनहरू हरियो बत्तिमा छन् । चालकहरूले मोड्नुभन्दा पहिले आइरहेका सवारी साधनहरूसँग सुरक्षित ग्याप हुँदासम्म प्रतिक्षा गर्नुपर्छ ।

**स्थिर हरियो तीर:** पहिला बायाँ मोड्ने सवारीसाधनहरूले जान पाउँछन् । आइरहेका सवारी साधनहरू रातो बत्तिमा छन् ।

## सडक चिन्हहरू

तपाईं रङ तथा आकारका साथै शब्दहरूद्वारा सडकका चिन्हहरूले के जनाउँछन् भनेर बताउन सक्नुहुन्छ । यदि सङ्केत धूलो, हिउँ वा अन्य वस्तुले छोपिएको छ भने तपाईंलाई सङ्केतको आकारको माध्यमबाट यसको सामान्य अर्थ (नियामक, चेतावनी, जानकारी) थाहा हुनुपर्छ ।




रोक्ने सङ्केतका ८ वटा साइडहरू हुन्छन् । यसको अर्थ तपाईं चौराहामा रोकिएर ध्यानपूर्वक हेर्नुपर्छ, पहिला जान पाउने सवारी साधनहरूलाई जान दिनुपर्छ र त्यसपछि अगाडि बढ्नुपर्छ भन्ने हुन्छ ।




याद राख्नुपर्ने कुरा: तपाईं रोक्ने रेखा, क्रसवाक (चिन्ह लगाइएका वा चिन्ह नलगाइएका) वा चौराहा सडकमध्ये जुन पहिला आउँछ त्योभन्दा अघि नै रोकिनुपर्छ ।




पहिला जान दिने चिन्हहरू उल्टो त्रिकोणको आकार हुन्छन् र तिनीहरूको अर्थ तपाईंले गति कम गर्नुपर्छ र बाटोमा पैदल यात्री, साइकल चालक र सवारी साधनहरू छैनन् भने मात्र हेरेर प्रवेश गर्नुपर्छ भन्ने हुन्छ ।




सबै रेलरोड क्रसिङहरूमा क्रसबकका चिन्हहरू हुन्छन् । तिनीहरूले ट्र्याकहरू कहाँ छन् भन्ने जनाउँछन् । गति कम गर्नुहोस्, बाटोको दुवैतर्फ हेर्नुहोस् र क्रस गर्नु अगाडि रेलहरू आएका छन् कि भनि सुन्नुहोस् । क्रसबकको तलतिर रहेका साना चिन्हहरूहरूले क्रसिङमा कतिवटा ट्र्याक रहेका छन् भन्ने कुरा जनाउँछ । 2 वा सोभन्दा बढी ट्र्याकहरू भएको बेला एउटा पार भइरहेको रेलले अर्कोतर्फबाट आइरहेको रेललाई छेक्न सक्छ । गेट र झिपझिप बल्ने बत्तिहरू पनि हुन सक्छन् ।





सुस्त गतिमा गुड्ने सवारी साधनहरूमा टुप्पाहरू काटिएका त्रिकोणको आकार भएको सङ्केतहरू राखिएको हुन्छ । उदाहरणका लागि, तपाईंले यी चिन्हहरू प्रायः कृषिसम्बन्धी सवारी साधनहरूमा देख्नुहुनेछ ।

**<u>चेतावनी चिन्हहरू</u>**

हरसमय खतरा हुने ठाउँमा चेतावनीका चिन्हहरू राखिएका हुन्छन् र चालकले त्यस्तो अवस्थामा गति कम गर्नुपर्छ । तिनीहरू प्रायजसो हिराको आकारको र पहेँलो वा हरियो रङका हुन्छन् । तिनीहरूले साँघुरो घुमाउरो बाटो, असुरक्षित चौराहा वा सडकमा तलमाथि सहतका बारेमा चेतावनी दिन सक्छन् । चालकहरूले गति कम गर्नुपर्छ । केही चेतावनी चिन्हहरूले थप जानकारी दिन्छन्, जस्तै सुरक्षित गति वा दुरी, जस्तै “3 माइलमा हरिणले क्रस गर्ने ठाउँ” । विद्यालय वा पैदल यात्रीको चिन्हमुनि तलतिर गइरहेको तीरले क्रसवाक वा बाटो काट्ने क्षेत्रलाई जनाउँछ ।

| | | | |
|---|---|---|---|
|  **विद्यालय** |  **विभाजित राजमार्ग** |  **विभाजित राजमार्ग समाप्त हुने** |  **लेन समाप्त हुने** |

| | | |
|---|---|---|
|  **भिजेको बेला चिप्लो हुने** |  **पहाड** |  **पैदलयात्री क्रसवाक** |
|  **डियर क्रसिङ** |  **चौराहा** |  **दायाँतिर छेकिएको सडक भएको** |


**नियामक चिन्हहरू**





सेतो पृष्ठभूमि भएका आयताकार चिन्हहरूले चालकले के गर्नुपर्छ र के गर्नुहुन्न भन्ने कुराहरू जनाउँछ । यी चिन्हहरूले गति सीमाहरू, मोड्ने र पार गरेर जाने कानून र अन्य निर्देशनहरू देखाउँछन् ।

**राजमार्ग सङ्केतहरू**

राजमार्ग सङ्केतहरूले चालकहरूलाई महत्त्वपूर्ण जानकारी उपलब्ध गराउँछन् । तिनिहरूले चालकलाई आफ्नो सवारी साधनलाई सही स्थितिमा राख्न, विभिन्न परिस्थितिहरूमा अगाडि बढ्नमा निर्देशन दिनमा मद्दत गर्नुका साथै पार गरेर कहिले जान मिल्छ र आगामी परिस्थितिहरूका बारेमा थाहा दिन्छन् । मुख्य राजमार्गहरूलाई पहेँलो सेन्टरलाइनहरूले चिन्ह लगाइएको छ जसले दुईवटा काम गर्छन्:





सेन्टरलाइनहरूले राजमार्गलाई यात्रा लेनहरूमा विभाजन गर्छ । मध्यरेखा नभएको धेरैवटा लेनहरू भएका राजमार्गहरूमा यात्राको दुई विपरित लाइनहरू सङ्केत गर्नका लागि दुईवटा स्थिर रेखाहरू हुन्छन् । एकै दिशामा दुई वा सोभन्दा बढी लेनहरूमा यात्रा गर्न अनुमति दिँदा एकै दिशामा यात्रा गर्ने सवारी साधनहरूका लागि राजमार्गलाई छुट्टाछुट्टै लेनहरूमा विभाजित गर्न भाँचिएको सेतो रेखा प्रयोग गरिन्छ । रेखाहरूले तपाईं पार गरेर अगाडि जान सक्नुहुन्छ कि सक्नुहुन्न भनेर देखाउँछन् । यदि स्थिर रेखा वा दुईवटा स्थिर रेखाहरू छन् भने तपाईंलाई पार गरेर अगाडि नजान भनेर सिफारिस गरिन्छ । यदि स्थिर रेखा भएपछि लेनमा भाँचिएको रेखा छ भने अगाडि खाली छ भने तपाईं त्यसलाई पार गरेर जान सक्नुहुन्छ । यदि तपाईंको लेनमा स्थिर रेखा छ तर अर्को लेनमा भाँचिएको रेखा छ भने तपाईंले पार गरेर जानुहुँदैन तर अर्को लेनमा भएका सवारी साधन पार गरेर जान सक्छ ।




लगातार दुई-तर्फी बायाँ मोड्ने लेनहरू यात्रा लेनको रूपमा प्रयोग गर्न डिजाइन गरिएको हुँदैन किनभने दुवै दिशाहरू आउजाउ गरिरहेका सवारी साधनहरूले सो लेनलाई बायाँतिर मोड्न प्रयोग गर्न चाहन सक्छन् । तपाईंले बायाँ मोड्नुभन्दा थौरै पहिले तपाईंले सङ्केत गरेर सावधानीपूर्वक मोड्ने लेनमा जानुपर्छ । तपाईंले ट्राफिक अवरुद्ध नगर्नका लागि तपाईंको सवारी साधन मोड्ने लेनमा हुनुपर्छ । बाटो खुला छ भने आफ्नो मोड्ने काम गर्नुहोस् ।

कहिलेकाहीँ राजमार्ग सङ्केतहरूले चालकहरूलाई अतिरिक जानकारी उपलब्ध गराउँछन् । उदाहरणका लागि, पहिला जान दिने चौराहामा राजमार्गको छेउमा पहिला अगाडि जान दिने चिन्ह हुन सक्छ र राजमार्गमा पहिला जान दिने रेखा पनि कोरिएको हुन सक्छ । आउँदै गरेका कारहरूतर्फ फर्किएका लगातारका यी सेता त्रिकोणहरूले चालकहरूले पैदल यात्री वा अन्य सवारी साधनहरूलाई पहिला जान दिन आवश्यक पर्ने भएमा चालकहरू कहाँ रोकिनुपर्छ भनेर देखाउँछन् ।

लेन प्रयोग नियन्त्रण चिन्हहरू वा फुटपाथ सङ्केतहरूलाई मोड्दाखेरि चालकहरूलाई सही लेनमा जान निर्देशन दिन प्रयोग गर्न सकिनेछ । लेनहरू रोज्ने अवस्था हुँदा एउटा सडकबाट



धेरैवटा लेन भएको रोडमा जाँदा दायाँ मोड्ने चालकहरू मोडेर दायाँ लेनमा जानुपर्छ । बायाँ मोड्ने चालकहरू सबैभन्दा पहिला मोडेर बायाँ लेनमा जानुपर्छ । एउटै दिशातिर मोडिने दुईवटा लेनहरू भएको अवस्थामा प्रत्येक मोड्ने लेन अनिवार्य रूपमा मोड्नेभरि आफ्नै मोड्ने बाटोमा रहनुपर्छ । लेन प्रयोग नियन्त्रण चिन्ह वा फुटपाथ सङ्केतहरूले प्रयोग गर्न अनुमति दिँदा विभिन्न लेनहरू एउटै समयमा एउटै दिशातिर मोडिएका हुन सक्छन् । मोड पूरा नहुँदासम्म तोकिएको लेनमै रहिरहनुहोस् । मोड्ने कार्य पूरा भएपछि

लेन परिवर्नहरू गर्न सकिन्छ । मोड्ने क्रममा लेनहरूलाई परिवर्तन नगर्नुहोस् । यो गैरकानूनी हुन्छ र यसले दुर्घटनाहरू निम्त्याउँछ । चालकहरूले सधैँ आफू भएको लेनमा सङ्केत गरिएका निर्देशनहरू पालना गर्नुपर्छ ।




उदाहरणका लागि, यदि चालकले सीधा तीर भएको लेनमा सवारी साधन चलाउँदै भएमा उनी चौराहामा पुगेपछि दायाँ वा बायाँ मोड्ने प्रयास गर्नु गैरकानूनी र असुरक्षित हुन्छ । अचानक हुने लेन परिवर्तनले दुर्घटनाको जोखिम बढाउँछ । ब्लक वरपर सवारी साधन चलाउन र गन्तव्यका लागि वैकल्पिक मार्ग खोज्न सुरक्षित हुन्छ ।

## कार्य क्षेत्र सुरक्षा

राजमार्गको छेउमा निर्माण, मर्मतसम्भार वा उपयोगिता कामहरू भइरहेको क्षेत्र नै कार्य क्षेत्र हो । कार्य क्षेत्र स्थिर हुन सक्छ वा यो सरिरहेको हुन सक्छ जुन लाइन स्ट्रिपिङ, घास काट्ने र हिउँ हटाउने अवस्थाहरूमा सडकमा बिस्तारै अगाडि बढिरहेको हुन्छ ।

तपाईंको साथसाथै कामदारहरूको सुरक्षाका लागि कार्य क्षेत्र नजिक जाँदा र कार्य क्षेत्रमा सवारी साधन चलाउँदा चालकहरूले गति कम गर्न र अतिरिक्त ध्यान दिन महत्त्वपूर्ण हुन्छ ।

वास्तविक कार्य क्षेत्रभन्दा अघि नै चालकहरूले गति कम गर्दा वा अर्को लेनमा जाँदै गर्दा धेरै दुर्घटनाहरू हुने गर्छन् । विनम्र हुनुहोस् र अर्को लेनमा जान सुरक्षित हुने बित्तिकै छिटोभन्दा छिटो उपयुक्त लेनमा जानुहोस् ।

कार्य क्षेत्रहरूमा हुने अधिकांश दुर्घटनाहरू पछाडिको भागमा ठोक्किएर हुने दुर्घटनाहरू हुन्छन् जुन अवस्थाअनुसार बढी गतिमा सवारी साधन चलाउँदा र सुरक्षित पछ्याउने दूरी कायम गर्न नसक्दा हुने गर्छ । घुमाउरो बाटो वा उकालो वा ओरालोमा रोकेर राखेको सवारी साधन छेकिएर बसेको हुन सक्छ भन्ने कुरा याद राख्नुहोस् ।

भर्मोन्टका कार्य क्षेत्रहरूमा सुरक्षित रूपमा सवारी साधन चलाउनका लागि सुझावहरू

- नियमहरू 24/7 नै लागू हुन्छन् - यी दिनको समयमात्र लागू हुँदैनन् ।
- गतिलाई पोस्ट गरिएको गति सीमासम्म कम गर्नुहोस् र मौसमी अवस्थाहरूअनुसार गति समायोजन गर्नुहोस् । चालक र कामदारहरूलाई सुरक्षित राख्नका लागि गतिहरूलाई घटाइने गरिन्छ ।
- ध्यान भङ्ग हुने कुराहरूलाई कम गर्नुहोस् - सडक र चलाउने कार्यमा आफ्नो पूर्ण ध्यान दिनुहोस् ।
- अप्रत्याशितको अपेक्षा गर्नुहोस्- कार्य क्षेत्रमा पैदल यात्री र साइकल यात्रीहरूलगायत सबै प्रकारका यात्रा विधिहरू भेटाउन सकिन्छ ।
- चिन्हहरूको पालना गर्नुहोस् -तिनीहरूले तपाईंलाई कार्य क्षेत्रलाई सुरक्षित रूपमा पार गर्नमा मार्गनिर्देशन गर्नेछन् ।
- विनम्र रहनुहोस् - कार्य क्षेत्रमा लेनहरू परिवर्तन नगर्नुहोस्, अगाडिको सवारी साधनबाट सुरक्षित दूरी बनाइराख्नुहोस् वा अन्य आक्रामक व्यवहारहरूमा संलग्न नहुनुहोस् ।
- कार्य क्षेत्रमा अर्को लेनमा मिल्न सुरक्षित भएपछि वा सवारी साधनहरूको आउजाउले गर्दा आवश्यक भएमा जति सक्दो छिटो निर्देशन दिएअनुसार अर्को लेनमा मिल्नुहोस् ।
- सडकमा काम गर्ने कामदारहरू वा उनीहरूका उपकरणहरूमा भीडभाड नगर्नुहोस्- सम्भव भएसम्म धेरैभन्दा धेरै ठाउँ दिनुहोस् ।
- पछ्याउने दूरीलाई 4 सेकेण्ड कायम राख्नुहोस् । प्रति घण्टा 60 माइलमा यात्रा गर्ने सुख्खा फुटपाथमा पूरै रोकिनका लागि कारलाई 240 फिट चाहिन्छ भने उहीँ कारलाई प्रति घण्टा 30 माइलमा रोकिन 75 फिट चाहिन्छ ।
- धैर्य हुनुहोस्, ढिलाइको अपेक्षा गर्नुहोस् वा वैकल्पिक मार्ग खोज्नुहोस् । सडकका कामदारहरूले तपाईंकै सुरक्षाका लागि हाम्रा राजमार्गहरू सुधार गरिरहेका छन भन्ने कुरा याद राख्नुहोस् ।

**कार्य क्षेत्रमा गतिका लागि जरिवाना दोब्बर हुन्छ**


**कार्य क्षेत्र चिन्हहरू**

कार्य क्षेत्र चिन्हहरू सुन्तला रङ र हीरा वा आयताकार आकारहरूमा हुन्छन् । तिनीहरूले कार्य क्षेत्रमा सवारी साधन चलाइरहेका चालकलाई सुरक्षित रूपमा सवारी साधन चलाउनमा मद्दत गर्नका लागि महत्त्वपूर्ण जानकारी उपलब्ध गराउँछन् । तिनीहरूले अगाडि भएका खतराहरूका बारेमा चालकलाई चेतावनी दिन्छन्, जस्तै कि बन्द लेन, घुमाएर जानुपर्ने बाटो, नराम्रो फुटपाथ वा फ्ल्यागर ।





**फ्ल्यागर (झण्डा देखाउने व्यक्ति)**

कार्य क्षेत्रमा निर्माण उपकरणहरू सार्न दिनका लागि वा दुवै दिशाका सवारी साधनहरू आउजाउका लागि एउटा मात्र लेन खुला रहेकोले प्रायः सवारी साधनहरूको आवतजावत रोक्न आवश्यक पर्छ । फ्ल्यागरहरूले कार्य क्षेत्रमा सवारी साधनहरूको आवतजावतलाई सुरक्षित रूपमा मार्गनिर्देशित गर्नका लागि स्टप/स्लो प्याडलहरू वा कहिलेकाही सुन्तला रङका झण्डाहरू प्रयोग गर्छन् । फ्ल्यागरहरूसँग ट्राफिक नियन्त्रण गर्ने कानूनी अधिकार रहेको हुन्छ र उनीहरूलाई अनिवार्य रूपमा पालना गरिनुपर्छ ।





**च्यानलिङ उपकरणहरू**

कार्य क्षेत्रहरूमा आवतजावत गर्ने सवारी साधनहरूलाई खतरनाक सडक कार्य क्षेत्रहरूबाट बाहिर राख्न र कार्य क्षेत्रमा सवारी साधनहरूको आवतजावतलाई सुरक्षित रूपमा मार्गनिर्देशन गर्नका लागि कोन, ड्रम र ब्यारिकेडहरू प्रायः प्रयोग गरिन्छ ।




**झिपझिप गर्ने तीर चिन्ह प्यानलहरू**

झिपझिप गर्ने तीर चिन्ह प्यानलहरू पनि चालकहरूलाई सही लेनमा जानका निम्ति मार्गनिर्देशित गर्नका लागि प्रयोग गर्न सकिनेछ। तीरहरू प्रयोग नगरिएको समयमा प्यानेलहरूलाई झिमिकझिमिक गर्ने बत्तिहरूको सिधा रेखा वा चिन्हको 4 कुनामा झिमिकझिमिक गर्ने बत्तिहरूका साथ "सावधानी" मोड राखिन्छ । चालकहरूले प्यानलहरूलाई "सावधानी" मोडमा देख्दा आफ्नो गति कम गर्नुपर्छ ।



कार्य क्षेत्रहरूमा अस्थायी फुटपाथ सङ्केतहरू हुन सक्छन् । सेता चिन्ह वा रेखाहरूले एउटै दिशामा जाँदै गरेका लेनहरूलाई छुट्याउँछन् । पहेँलो चिन्ह वा रेखाहरूले विपरीत दिशामा जाँदै गरेका लेनहरूलाई छुट्याउँछन् । पहेँलो सङ्केतहरू तपाईंको बायाँतिर हुनेछन्-- यदि ती छैनन् भने तपाईं गलत लेनमा हुनुहुन्छ ।

**कम उचाइको पटरी**

कहिलेकहीँ विशेषगरी निर्माण क्षेत्रहरूमा सडकको तह पटरीभन्दा माथि हुन सक्छ । यदि तपाईंका पाङ्ग्राहरू फुटपाथबाट तल कम उचाइको पटरीमा गयो भने ब्रेक नलगाइकन गति कम गर्नुहोस् र एकदमै सावधानीपूर्वक कम गतिमा फुटपाथमा फर्कनुहोस् ।


**रेलरोड क्रसिङमा सडक नियमहरू**

बन्द गरिएको रेलरोड गेटबाट, त्यसको वरिपरि वा मुनिबाट सवारी साधन चलाउनु कानून विपरितको कार्य हो । रेलरोड क्रसिङमा अर्को सवारी साधनलाई उछिनेर अगाडि जानु पनि कानून विपरितको कार्य हो ।

कुनै पनि सार्वजनिक वा निजी रेलरोड ग्रेड क्रसिङको नजिक आउँदा र पार गर्दा प्रत्येक सवारी साधनको चालकले सुरक्षित र कम गतिमा सवारी साधन चलाउनुपर्छ ।

कानूनअनुसार चालकहरूले निम्न अवस्थामा नजिकको रेलबाट 15 फिटभन्दा कममा रोक्नुहुन्न:


1. झिपझिप बलेको बत्ति, गेट तल झारिएको वा फ्ल्यागम्यानले रेलरोड ट्रेन आएको वा पार भइरहेको भनेर सङ्केत गर्दा ।
2. तपाईंले रेल देख्नुहुँदा वा यसको सिटी सुन्नुहुँदा ।
3. क्रसिङमा STOP सङ्केत भएमा ।




माथिका मामिलाहरूमा आवश्यकता परेमा सवारी साधनलाई पूर्ण रूपमा रोकेपछि सवारी साधनलाई ट्र्याकहरू माथिबाट पार गर्न सुरक्षित भएपछि
त्यसो गर्न सकिन्छ । ध्यान दिनुपर्ने कुरा: पैदल यात्री, साइकल या
चेतावनी सङ्केतहरू पालना गर्नुपर्छ र पार गर्नका लागि सुरक्षित नहुँदासम्म रेलरोड ट्र्याकहरू पार गर्न हुँदैन ।

रेल क्रसिङमा खतरनाक अवस्थाहरू आइपरेमा आकस्मिक चिन्हमा दिइएको फोन नम्बरमा फोन गर्नुहोस् । यसले गर्दा रेल कम्पनीले जोखिम नहटेसम्म आउँदै गरेको रेल ट्राफिकलाई रोक्न वा अर्को रूटमा पठाउन सक्छन् । पोस्ट गरिएका क्रसिङ नम्बर दिन नबिर्सनुहोस् ताकि खतरालाई सही रूपमा पहिचान गर्न सकियोस् ।






# सडक साझा गर्ने

## पैदलयात्रीहरूसँग सडक साझा गर्ने

चालकहरूले पैदल यात्रीहरूलाई ध्यानपूर्वक हेर्नुपर्छ । विशेषगरी साना बालबालिका, वृद्धवृद्धा, अपाङ्ग वा मदिराको नशामा रहेका पैदल यात्रीहरू हुँदा सतर्क रहनुहोस् । सवारी साधन/पैदल यात्रीको टक्करबाट हुने दुर्घटनाहरूमा सबैभन्दा बढी पीडितहरू यी व्यक्तिहरू नै हुने गर्छन् ।

धेरै दुर्घटनाहरू पैदल यात्रीहरूले ध्यान नदिएर वा लापरवाहीपूर्वक सवारी साधन गुडेको सडकमा प्रवेश गर्दा हुने गर्छ भने अन्य दुर्घटनाहरू चालकहरूले पहिला जान दिनुपर्ने यात्रीहरूलाई जान नदिँदा वा पैदल यात्रीहरू उपस्थित हुँदा सावधानी अपनाउन असफल हुँदा हुने गर्छन् ।

**सवारी चालकका जिम्मेवारीहरू**




- पैदल यात्रीहरू उपस्थित हुने क्षेत्रहरूमा बिस्तारै चलाउनुहोस् र सतर्क रहनुहोस् ।
- तपाईंको अगाडिको सवारी साधन पैदल यात्रीका लागि रोकिन्छ भने दुईवटा लेन छ भने पनि रोकिएको सवारी साधनलाई उछिनेर अगाडि नजानुहोस् । यो पैदल यात्रीहरूको मृत्यु हुने बारम्बार कारण हो ।
- रातो बत्ति हुँदा बाटो काटिरहेका, पार्क गरिएका सवारी साधनहरूको बिचबाट सडकमा गइरहेका र क्रसवाक चिन्ह नभएका ठाँउमा सडक पार गरिरहेका पैदल यात्रीहरूप्रति सजक रहनुहोस् । पैदल यात्रीहरूले लापरवाहीपूर्वक बाटो काट्छन् भने पनि चालकले पहिला जान दिनुपर्छ ।
- मोड्नका लागि रोकिएको वा प्रतीक्षा गरिरहेको भएमा क्रसवाकलाई छेक्ने वा ब्लक गर्ने नगर्नुहोस् । तपाईंको सवारी साधनको सबै वा केही भागले क्रसवाक अवरुद्ध गर्दा पैदल यात्रीहरू तपाईंलाई घुमेर जान बाध्य हुन्छन् र यसले उनीहरूलाई सम्भावित खतरनाक अवस्थामा पारिदिन्छ ।
- तपाईं गल्ली, ड्राइभवे वा निजी सडकमा प्रवेश गर्ने वा बाहिरिनेलगायत फुटपाथ वा सडकको पटरी पार गर्दा पैदल यात्रीहरूमाथि ध्यान दिनुहोस् ।
- बालबालिका बाटोमा वा बाटोको नजिक खेलिरहेको समयमा सावधानी अपनाउनुहोस् । बालबालिका प्रायः छिटो हिड्छन र सवारी साधन आए, नआएको कुरा ध्यान दिने गर्दैनन् ।
- वृद्ध पैदल यात्रीहरू हुँदा सावधानी अपनाउनुहोस् । उनीहरू ट्राफिक अवस्थाहरूका खतराहरूका बारेमा सचेत नहुन सक्छन् ।
- अन्तरराज्यीय वा र्‍याम्पहरूमा हिकहाइकरहरूलाई आफ्नो सवारी साधनमा चढाउनका लागि नरोक्नुहोस् ।
- दृष्टिविहीन पैदल यात्री नजिक भएमा अतिरिक्त सावधानी अपनाउनुहोस् । सेतो छडी भएको वा गाइड कुकुरले डोराइरहेको पैदल यात्रीले तपाईंभन्दा अगाडिको सडक पार गर्दैछन् वा पार गर्न प्रतीक्षा गरिरहेका छन् भने तपाईं अनिवार्य रूपमा रोकिनुपर्छ र सो यात्रीलाई पहिला जान दिनुपर्छ ।
- तपाईं मोडिदैँ हुनुहुन्छ भने छेउका बाटोहरू पार गरिरहेका पैदल यात्रीहरू छन् कि भनेर हेर्नुहोस् र पहिला जान दिनुहोस् ।

चिन्हहरू भएका धेरै चौराहहरूमा "रातोमा मोड्न नहुने" चिन्हहरू हुन्छन् जुन पैदल यात्रीहरूले बाटो काट्दै गरेको समयमा बल्ने गर्छन् । चिन्हहरू बलेको समयमा रातोमा दायाँतिर नमोडिनुहोस् । याद राख्नुपर्ने कुरा: राता तीर हुँदा दायाँतिर नमोडिनुहोस् ।

चिन्ह लगाइएको क्रसवाकमा चालकहरूलाई उनीहरूले क्रसवाकभित्र पैदल यात्रीहरूलाई पहिला जान दिनुपर्छ भनेर याद दिलाउनका लागि सडकमा पैदल यात्री चिन्ह राखिएको हुन सक्छ ।

**स्कुल क्षेत्रहरू**

विशेषगरी स्कुल क्षेत्रमा बालबालिका र पैदल यात्रीहरूका लागि सम्पूर्ण समय सजक रहनुहोस् । आउँदै-जाँदै गरिरहेका स्कुल बसहरूमा पनि ध्यान दिनुहोस् । चिन्ह वा फ्ल्यासिङ लाइटहरूले तपाईंलाई तपाईं स्कुल वा स्कुल क्रसिङमा पुग्दै हुनुहुन्छ भनेर चेतावनी दिन्छन् । धेरै स्कुल क्षेत्रहरूमा कम गति सीमाहरू छन र गति सीमा लागू छ भनेर तपाईंलाई थाहा दिनका लागि गति सीमा चिन्हहरू "झिपझिप" बल्नेछन् वा चिन्हहरूमा "बालबालिका उपस्थित छन्" भन्ने लेखिएको हुनेछ । बालबालिका स्कुलहरूमा स्कुल लाग्ने नियमित समयमा मात्र उपस्थित हुँदैनन् भन्ने कुरा ध्यानमा राख्नुहोस् । स्कुलहरूमा प्राय: नियमित स्कुल समयपछिका र सप्ताहान्त क्रियाकलापहरू भइरहन्छन् ।

**खेलिरहेका बालबालिका**

चालकका रूपमा बालबालिका हुने सम्भावना भएका आवासीय क्षेत्र र समयहरूमा थप सावधान रहनुहोस् । आफ्ना छोराछोरीलाई पैदल यात्रीहरूका अधिकार र कर्तव्यहरूका बारेमा सानै उमेरबाट

सिकाउनुहोस् । ड्राइभवेबाट ब्याक गर्दा वा बाहिर निक्लदा सधैँ अतिरिक्त सतर्क रहनुहोस् । बालबालिका तपाईंको सवारी साधनको पछाडि दौडिरहेका वा खेलिरहेका हुन सक्छन् ।

**पैदल यात्रीका जिम्मेवारीहरू**

चालकहरूले पैदल यात्रीहरूलाई पहिला जान दिनुपर्ने भए तापनि पैदल यात्रीहरूले अचानक कर्ब वा अन्य सुरक्षित प्रतीक्षा गर्ने ठाउँबाट सडकमा आउने र तत्कालै खतरा हुनेगरी सवारी साधन नजिक भएमा त्यसको हिँड्ने बाटोमा आउनुहुँदैन । सवारी साधन तुरुन्तै रोकिन सक्दैनन् । पैदल यात्रीहरू निम्न सुरक्षा नियम र सुझावहरूका बारेमा सचेत हुनुपर्छ:

कुनै पनि सडक पार गर्नुअघि दुवै दिशामा हेर्नुहोस् । "हिँड्नुहोस्" वा "नहिँड्नुहोस्" चिन्हहरू सधैँ पालना गर्नुहोस् । पैदल यात्री सङ्केत "नहिँड्नुहोस्" बलिरहेको छ भने त्यस बेला बाटो काट्न सुरु नगर्नुहोस् । यदि तपाईंले पहिले नै "हिँड्नुहोस्" सङ्केतको समयमा बाटो काट्न सुरु गरिसक्नुभएको छ भने तपाईंसँग "नहिँड्नुहोस्" बलिरहेको बेलामा पनि सुरक्षित रूपमा बाटो काट्नका लागि समय हुनेछ ।


पहेँलो वा रातो बत्ति बलेको बेला "हिँड्नुहोस्" सङ्केत नदेखाएसम्म बाटो नकाट्नुहोस् । यदि कुनै पनि पैदल यात्री सङ्केतहरू छैनन् भने सवारी साधनहरू एउटै दिशातिर जानेगरी हरियो बत्ति बलेपछि बाटो काट्नुहोस् । मोडिरहेका सवारी साधनहरूमा ध्यान दिनुहोस् ।


फुटपाथ भएको बेला पैदल यात्रीहरूले सडकमा हिड्नुहुँदैन । कुनै पनि फुटपाथ छैन भने तपाईंले सकेसम्म सवारी साधनहरू आइरहेको दिशातिर फर्केर सडकको बायाँतर्फ हिँड्नुपर्छ ।

क्रसवाकहरूको प्रयोग गर्नुहोस् । क्रसवाकको मुख्य उद्देश्य भनेको पैदल यात्रीहरूलाई सुरक्षित रूपमा सडक पार गर्न सकिने निश्चित स्थानहरूमा मात्र सडक पार गर्न प्रोत्साहित गर्नु हो ।

साँझ वा राति हिँड्दा हल्का उज्यालो रङ वा चम्किलो लुगा लगाउनुहोस् र लाइट बोक्नुहोस् ।

विशेषगरी व्यस्त ठाउँहरूमा हेडफोन नलगाउनुहोस् । आउँदै गरेका सवारी साधनहरूलाई सुन्न सक्दा तपाईंको सुरक्षा बढ्नेछ ।





फुटपाथबिनाको सडक वा राजमार्गहरूमा सवारी साधनहरू गइरहेको दिशातिर फर्केर दायाँतर्फबाट कहिले पनि हिँड्नुहुँदैन । आउँदै गरेका सवारी साधनहरूतिर फर्केर बायाँतर्फबाट हिड्नुहोस् । बिहान झिसमिसे, साँझ सन्ध्याकालमा वा अँध्यारो भएपछि हिँड्दा हल्का उज्यालो रङको लुगा लगाउनुहोस् । फ्ल्यासलाइट बोक्नुहोस् र चम्किलो लुगा लगाउनुहोस् ।

**<u>स्कुल बसहरूसँग सडक साझा गर्ने</u>**

**स्कुल बसका बस स्टपहरू**

**<u>रोकिएको र रातो चेतावनी बत्तिहरू बालेको स्कुल बसलाई उछिनेर अगाडि जानु कानूनको विरुद्ध हुन्छ । रातो बत्तिहरू बलेको बेला कुनै पनि दिशाबाट उछिनेर अगाडि नजानुहोस् ।</u>**

स्कुल बस राजमार्गमा छ र विद्यार्थीहरू लिन वा छोड्न लागिरहेको छ भनेर स्कुल बस चालकले पहेँलो बत्ति झिपझिप बाल्दै र बसको गति कम गर्दै जान्छन् । तपाईंले रोक्नका लागि तयारी गर्नुपर्छ । बस रोकिएपछि चालकले

रातो चेतावनी बत्तिहरू झिपझिप हुनेगरी बाल्नेछन् । रातो चेतावनीका बत्तिहरू सक्रिय भएपछि तपाईंले अनिवार्य रूपमा आफ्नो सवारी साधन रोक्नुपर्छ ।

स्कुलको प्रांगणमा पनि तपाईंले झिपझिप रातो चेतावनीका बत्तिहरू बालेर रोकिएको स्कुल बसलाई उछिनेर अगाडि जानुहुँदैन भन्ने कुरा याद राख्नुहोस् ।

रोकिन आवश्यक नपर्ने केही अपवादहरू छन् । स्कुल बस विपरीत दिशामा यात्रा गरिरहेको छ भने तपाईंले विभाजित राजमार्गमा रोकिनु पर्दैन । बसबाट ट्राफिकलाई अलग राख्न कन्क्रिट बेरियर प्रयोग गर्न सकिन्छ र तपाईंले रोक्न आवश्यक पर्दैन ।

भर्मोन्टमा तपाईं चेतावनी बत्तिहरू बालेर रोकिराखेको स्कुल बसलाई उछिनेर अगाडि गएकोमा दोषी ठहर हुनुभयो भने तपाईंलाई उल्लेख्य जरिवाना लगाइन्छ र तपाईंको ड्राइभर लाइसेन्समा पाँच अङ्क वा पोइन्ट लगाइनेछ ।

## <u>साइकल चालकहरूसँग सडक साझा गर्ने</u>

सडक र राजमार्गहरूमा व्यायाम र यातायातको प्रयोग दुवैका लागि साइकल चलाउने व्यक्तिहरूको सङ्ख्या दिनहुँ बढ्दै गइरहेको छ । राज्यको कानूनअन्तर्गत साइकल चालकहरूलाई अन्तरराज्यीय सडक जस्ता सीमित पहुँचका राजमार्गहरू जस्ता विशेष रूपमा निषेध गरिएको नभएसम्म सबै सडकहरूमा साइकल चलाउन पाउने अधिकार छ ।

सवारी साधनका चालकहरूमा लागू हुने समान ट्राफिक नियम तथा नियमहरू नै साइकल चलाउने चालकहरूमा पनि लागू हुन्छ । यद्यपि, साइकलहरू विशेषगरी रातीमा अन्य सवारी साधनहरूभन्दा आवाज नआउने र कम देखिने हुन्छन् । सवारी चालकको रूपमा तपाईंले साइकल चालकको वरिपरि रक्षात्मक तरिकाले सवारी साधन चलाउनुपर्छ किनभने सानो गल्तीले पनि गम्भीर चोटपटक वा मृत्यु निम्त्याउन सक्छ । तपाईंले साइकल चालकको नजिक जाँदै गर्दा अगाडि हेरेर गतिलाई कम गर्नुहोस् । उछिनेर जाँदाखेरि साइकल चालकलाई प्रशस्त ठाउँ दिनुहोस् र अचानक रोक्नका लागि तयार हुनुहोस् । साइकल चालकलाई चेतावनी दिनका लागि राम्रो कारण नभएसम्म हर्न नबजाउनुहोस् । ठूलो आवाजले गर्दा सवारी चालक झस्किन सक्छन् र उनले आफ्नो नियन्त्रण गुमाउन सक्छन् । साइकल चालकहरूको पनि सवारी चालकहरूको जस्तै समान अधिकार तथा कर्तव्यहरू हुन्छन् भन्ने कुरा याद राख्नु महत्त्वपूर्ण हुन्छ । विवादबाट बच्नका लागि सवारी चालकहरूले नियमहरू जान्न आवश्यक पर्छ:

### सवारी चालकका जिम्मेवारीहरू

- साइकल चालकहरूसँग सडकलाई साझा रूपमा प्रयोग गर्नुहोस्; उनीहरूसँग पनि सडकमा सवारी साधन चलाउने कानूनी अधिकार छ । अलिकति लामो समय लागे पनि सवारी चालकहरू विनम्र र सतर्क हुनैपर्छ ।
- साइकल चालकहरूलाई सुरक्षित हुन आवश्यक परेको बेला चाहिने जति बायाँतिर यात्रा गर्न अनुमति दिइन्छ भन्ने बारेमा सावधान रहनुहोस् ।
- कतिपय अवस्थाहरूमा साइकल चालकका लागि लेनको बिचतिर साइकल चलाएर गएर "लेन लिँदा" सबैभन्दा सुरक्षित हुन्छ । सवारी चालकहरूलाई सडकको जोखिम नदेखिने जस्ता वा आफूलाई उपयुक्त यात्रा लेनमा सही स्थानमा राख्नका लागि साइकल चालकले यात्रा लेनमा सवारी गर्नुपर्ने कारणहरू हुन सक्छन् ।
- खाल्डा, नाली, रेलरोड ट्र्याक र साँघुरो पुल वा सडकहरू जस्ता साइकल चालकहरूका लागि खतरनाक हुन सक्ने अवस्था र अवरोधहरूलाई चिन्न सिक्नुहोस् । चलाउनका लागि उनीहरूलाई पर्याप्त ठाउँ दिनुहोस् ।
- साइकल चालक बायाँतिर मोडिरहेका छन् भने साइकल चालकले लेनको बायाँ छेउमा वा मोड्ने लेनमा सङ्केत दिनुपर्छ भन्ने कुरामा ध्यान दिनुहोस् । यो उचित चाल हो र साइकल चालकलाई सवारी साधनहरूको आउजाउले ओभरटेक गर्नुअघि सुरक्षित रूपमा मोड पूरा गर्न दिनुपर्छ ।
- आफ्नो सवारी साधनको दायाँपट्टीको छेउ र साइकल चालकका बिचमा कम्तीमा पनि चार फिटको दूरी छोड्नुहोस् । यदि सवारी साधन तथा साइकलहरू सुरक्षित रूपमा छेउछाउमा चलाउनका लागि सडक साँघुरो छ भने साइकल चालकले सडकको पार नगर्दासम्म पर्खनुहोस् ।

- दुई साइकल चालकहरूले कानूनी रूपमा छेउछाउमा साइकल चलाउन सक्छन् भन्ने कुरा थाहा पाइराख्नुहोस् । उछिनेर अगाडि जान सुरक्षित नहुँदासम्म गति कम गर्नुहोस् र उनलाई आफ्नो स्थिति मिलाउन समय दिनुहोस् । त्यसो भए तापनि सुरक्षित नभएसम्म साइकल चालकहरूलाई उछिनेर अगाडि नजानुहोस् ।
- चौराहामा बायाँतिर मोडिँदा तपाईंले आउँदै गरेका सवारी साधनहरू पहिला जान दिए झैं आउँदै गरेका साइकल चालकहरूलाई पहिला जान दिनुहोस् । साइकल चालकहरू तपाईंले सोचेभन्दा छिटो साइकल चलाइरहेका हुन सक्छन् त्यसैले उनीहरूलाई पर्याप्त ठाउँ दिनुहोस् ।

### साइकलसँग सवारी साधनको हुने सामान्य दुर्घटनाहरू

चारवटा सामान्य त्रुटिहरूले तपाईंलाई साइकल चालकलाई ठक्कर लगाउने गराउन सक्छन् हड्ताल गर्न सक्छः


1. आउँदै गरेको साइकल चालकलाई ध्यान नदिइकन/पहिला जान नदिइकन बायाँ मोड्ने ।
2. आफ्नो दायाँतर्फ सिधै अगाडि आइरहेका फुटपाथबाट आइरहेका साइकल चालकलाई जाँच नगरिकन चौराहा वा ड्राइभवेमा दायाँ मोड्ने ।
3. सडक वा फुटपाथमा साइकल चालक आए, नआएको जाँच नगरिकन सडकमा प्रवेश गर्ने वा सडक पार गर्ने ।
4. साइकल चालकले बाटोमा सवारी साधनको ढोका खोल्ने ।

### साइकल चालकको जिम्मेवारी

साइकल चालकहरू वैध सडक प्रयोगकर्ताहरू हुन् र उनीहरूमा अन्य सवारी चालकहरूमा झैं सबै अधिकार तथा जिम्मेवारीहरू पनि हुन्छ । साइकल चलाउनका लागि चालक लाइसेन्स आवश्यक नपर्ने भए तापनि साइकल यात्रीले सडकका सबै नियमहरू पालना गर्नुपर्छ । सवारी साधनहरूको नियमित तथा उचित आउजाउलाई अवरोध नगर्दासम्म साइकल चालकहरूलाई दुईवटा रेखा बनाएर साइकल चलाउन अनुमति हुन्छ । सुरक्षित र वैध साइकल चलाउने अनुभवका लागि निम्न नियमहरू पालना गर्नुहोस्:

- सबै ट्राफिक सिग्नल र चिन्हहरूको पालना गर्नुहोस् । यदि तपाईंले कुनै पनि ट्राफिक नियम तोड्नुभयो भने तपाईंलाई टिकट दिन र जरिवाना लगाउन सकिन्छ ।
- सवारी साधनहरू गएकै दिशातिर साइकल चलाउँदै जानुहोस् । सधैँ सडकको दायाँ छेउमा सवारी साधनहरू गएकै दिशातिर साइकल चलाउँदै जानुहोस् । यदि तपाईं दायाँ मोड्ने लेनमा पुग्नुभयो र सीधा जान चाहनुहुन्छ भने दायाँ मोड्ने लेनमा प्रवेश नगर्नुहोस् ।
- अनुमान लगाउन सकिने तरिकामा साइकल चलाउनुहोस् । सधैँ सीधा रेखामा चलाउनुहोस्; पार्क गरिएको कारको छेउबाट भित्र छिर्ने र बाहिर निक्लिने नगर्नुहोस् । यदि साइकल र सवारी साधन छेउछाउमा चलाउनका लागि सडक साँघुरो भएमा दायाँतिर जान सुरक्षित नभएसम्म साइकल चालकले लेनमा चलाउनका लागि प्राथमिकता पाउनुपर्छ । आफ्नो लेनको स्थिति परिवर्तन गर्नुअघि आफ्नो काँधतिरबाट जाँच गर्नुहोस् र पार्क गरिएका सवारी साधनहरूको बिचमा छिर्ने, निक्लिने नगर्नुहोस् ।
- मोडहरूमा सङ्केत दिने । तपाईंले जहिले पनि सही हातका सङ्केतहरू प्रयोग गरेर आफूले मोड्न लागेको भनेर सङ्केत गर्नुपर्छ । लेन परिवर्तन वा मोड्नुअघि लेनहरूमा सवारी साधनहरू आउजाउ गरिरहेका छैनन् वा लेनहरू खाली छन् भनेर सुनिश्चित गर्न हेर्नुहोस् ।

**साइकलको हातका सङ्केतरू**



## स्केटबोर्ड, स्कूटर आदिसँग सडक साझा गर्ने

हालैको विशेष चिन्ताको विषय भनेको स्केटबोर्डर, रोलर-ब्लेडर, गैर-मोटराइज्ड स्कूटर, इलेक्ट्रिक व्हीलचेयरहरू इत्यादि जस्ता व्यक्तिगत पाङ्ग्रे यातायात प्रयोगकर्ताहरू हुन् । यस्ता प्रकारका यन्त्रहरूका साथ सडक मार्ग प्रयोग गर्ने मानिसहरू कहिलेकाहीँ उल्लेख्य गतिमा यात्रा गर्न सक्छन् । प्रयोगकर्ताहरू अचानक सर्न सक्छन् र अप्रत्याशित रूपमा दिशा परिवर्तन गरेर तपाईंको यात्रा मार्गमा आउन सक्छन् । यस्ता प्रकारका सडक प्रयोगकर्ताहरूको वरिपरि विशेष रूपमा सतर्क र सावधान हुनुहोस् ।

## मोटरसाइकलसँग सडक साझा गर्ने

आजका मोटरसाइकल चालकहरू भनेका साथी, नातेदार र छिमेकीहरू हुन्छन् । मोटरसाइकल चालकको पनि राजमार्गमा अन्य सवारी साधनका चालकहरूको झैं समान अधिकार तथा जिम्मेवारी हुन्छन् । सवारी चालकहरूले यी कुराहरूलाई बुझ्नुपर्छ र मोटरसाइकलहरूलाई अवरोध गर्ने वा मोटरसाइकल चालकहरूलाई पहिला जान नदिने जस्ता कार्यहरू गर्नुहुँदैन । अर्कोतर्फ मोटरसाइकल चालकहरूले जिम्मेवार सडक प्रयोगकर्ताका रूपमा मोटरसाइकल चलाउनुपर्छ र साइकलका लागि छुट्टयाइएको साँघुरो बाटोको फाइदा उठाउने प्रयास गर्नुहुँदैन ।

मोटरसाइकल चालकहरूले प्रायः डाउनसिफ्ट गरेर वा केवल थ्रोटल बन्द गरेर गति कम गर्छन् जसले गर्दा ब्रेक लाइट सक्रिय हुँदैन । कम्तीमा पनि 4 सेकेण्डको पछ्याउने दूरी राख्नुहोस् । चौराहामा मोटरसाइकल चालकले देख्नेगरी राखिएको चेतावनीबिना नै गति कम गर्छन् भनेर अनुमान लगाउनुहोस् ।

मोटरसाइकलमा टर्न (मोड्ने) सिग्नलहरू सामान्यतया आफैँ बन्द हुने गर्दैनन्, त्यसैले केही चालकहरू (विशेषगरी भर्खरै चलाउन सुरु गरेकाहरू) ले कहिलेकाहीं मोडिएपछि वा लेन परिवर्तन गरेपछि तिनीहरूलाई बन्द गर्न बिर्सन्छन् । मोटरसाइकलको सिग्नल वास्तविक कार्यका लागि हो भनेर सुनिश्चित गर्नुहोस् ।

मोटरसाइकल चालकहरूले सजिलैसँग देखिने र हावा, सडक भग्नावशेष तथा उछिनी रहेका सवारी साधनहरूको प्रभावलाई कम गर्नका लागि लेनभित्र आफ्नो पोजिसन वा स्थिति प्रायः मिलाइरहन्छन् । मोटरसाइकल चालकहरूले लापरवाह वा देखाउनका लागि नभएर कुनै उद्देश्यका लागि लेनमा पोजिसन मिलाइरहन्छन् भन्ने कुरा बुझ्नुहोस् ।

आफ्नो सानो आकारको कारणले गर्दा मोटरसाइकल वास्तवमाभन्दा छिटो चलिरहेको देखिन्छ ।
मोटरसाइकल चालकहरू एकदमै गतिमा चलाउने गर्छन् भन्ने नसोच्नुहोस् ।

आफ्नो सानो आकारको कारणले गर्दा मोटरसाइकल वास्तवमाभन्दा धेरै टाढा देखिन सक्छ । चौराहामा मोड्नका लागि सवारी साधनको आउजाउ जाँच गर्दा मोटरसाइकल देखिएकोभन्दा नजिकै छ भनेर अनुमान लगाउनुहोस् ।

आफ्नो सानो आकारको कारणले गर्दा मोटरसाइकल कारभित्र वा बाहिरका वस्तुहरू (डोर पोस्ट, ऐना, यात्री, झाडी, रूख, पार्क गरिएका कार, बार, पुल, ब्लाइन्ड स्पटहरू आदि) बाट सजिलैसँग छेकिन सक्छन् । तपाईं लेनहरू परिवर्तन गर्दै वा चौराहामा मोडिदै हुनुहुन्छ भने सवारी साधनहरूको आउजाउलाई राम्ररी जाँच्नका लागि अतिरिक्त समय लिनुहोस् ।

मोटरसाइकलका लागि रोक्ने दूरी कारहरूमा झैं लगभग समान हुन्छ, तर चिप्लो फुटपाथले छिट्टै रोक्न गाह्रो बनाउँछ । मोटरसाइकलको पछि हुँदा थप पछ्याउने दूरी दिनुहोस् किनभने यो सधैँ "एक्कासी छोटो दूरीमा" नरोकिन सक्छ ।

विशेषगरी सुस्त गतिमा र राम्रो सडक अवस्थाका साथ गतिशीलता मोटरसाइकलको राम्रो विशेषताहरूमध्ये एक हो । तर मोटरसाइकल चालकले बाटोमा सधैँ चकमा दिन सक्षम हुन्छन् भन्ने आशा नगर्नुहोस् ।

यात्री बोक्दा मोटरसाइकल चालकको कार्य जटिल भइदिन्छ । ब्यालेन्स गर्न अझ गाह्रो हुन्छ । रोकिने दूरी बढेको हुन्छ । गतिशीलता कम हुन्छ । तपाईंले मोटरसाइकलमा दुईजना, विशेषगरी चौराहा नजिक, देख्नुभयो थप समस्याहरूको अनुमान लगाउनुहोस् ।

मोटरसाइकलमा ऐनाहरू साना र सामान्यतया कन्भेक्स हुन्छन् । यसले मोटरसाइकल चालकलाई तपाईंको सानो छवि दिन्छ र तपाईं वास्तवमा जहाँ हुनुहुन्छ त्योभन्दा धेरै पछाडि भएको देखिनुहुन्छ । मोटरसाइकल चालकको पछि हुँदा कम्तीमा पनि चार सेकेन्डको स्पेस कुसन राख्नुहोस् ।

सडकमा मोटरसाइकलहरूभन्दा धेरै कार तथा ट्रकहरू हुन्छन् र केही चालकहरूले मोटरसाइकललाई "नचिने जस्ता गर्छन्" र बेवास्ता गर्ने गर्छन् (सामान्यतया यो अनजानमा हुने गर्छ) । विशेषगरी चौराहामा सवारी साधनहरूको आउजाउ जाँच गर्दा मोटरसाइकलहरू छन् कि भनेर हेर्नुहोस् ।

रातिमा मोटरसाइकलमा भएको सिंगल हेडलाइट र टेललाइटहरू अन्य ट्राफिकमा भएका अन्य लाइटहरूसँग मिसिन सक्छन् । यी "विचित्र" लाइटहरू मोटरसाइकल हुन सक्छन् ।

मोटरसाइकललाई पूर्ण लेनमा बस्ने अधिकार छ । मोटरसाइकललाई उछिनेर अगाडि जाँदा लेनहरू पूर्ण रूपमा परिवर्तन गर्नुहोस् । तपाईंले मोटरसाइकललाई ओभरटेक गरेपछि कहिले पनि धेरै नजिकैबाट त्यसो गर्नुहुँदैन । उछिनेर अगाडि जाने, लेनहरू परिवर्तन गर्ने वा मोड्ने जस्ता आफ्नो मनसायका बारेमा चालकलाई सचेत गराउन आफ्नो मोड्ने सङ्केतहरू प्रयोग गर्नुहुन्छ भनेर सुनिश्चित गर्नुहोस् । उछिनेर अगाडि गइरहेका मोटरसाइकल चालकलाई प्रशस्त ठाउँ दिनुहोस् र तपाईंलाई उछिनेर अगाडि जाने मोटरसाइकलभन्दा अगाडि रहनका लागि कहिले ओअनी गति बढाउने प्रयास नगर्नुहोस् ।

मोटरसाइकल चालमा हुँदा त्यसलाई मोटरसाइकलका रूपमा नसोच्नुहोस्; त्यसलाई व्यक्तिको रूपमा सोच्नुहोस् ।

**ध्यान दिनुपर्ने कुरा:** मोटरसाइकलसम्बन्धी कानून तथा नियमहरू र मोटरसाइकल परमिट वा एन्डोर्समेन्ट कसरी प्राप्त गर्ने बारेमा थप जानकारी भर्मोन्ट मोटरसाइकल म्यानुअलमा प्राप्त गर्न सकिन्छ ।

## ठूला ट्रकहरूसँग सडक साझा गर्ने

प्रत्येक वर्ष यात्रुवाहक सवारी साधन र ठूला ट्रकहरू संलग्न रहने 250,000 भन्दा बढी दुर्घटनाहरू हुने गर्छन् । अटोमोबाइल र ट्रकहरू संलग्न रहने 70% भन्दा बढी घातक दुर्घटनाहरूमा यो दुर्घटनाको कारण ट्रक चालक नभई अर्को सवारी साधनको चालक हुने गर्छ । अटोमोबाइल र ट्रकहरू संलग्न हुने अधिकांश दुर्घटनाहरू राम्रो मौसम परिस्थितिमा सीधा र सुख्खा फुटपाथमा दिउँसोको समयमा हुने गर्छन् । ट्रकहरू अन्य सवारी साधनहरूभन्दा धेरै ठूला र भारी हुन्छन् । ट्रकहरू संलग्न रहने पाँचमध्ये चारवटा घातक दुर्घटनाहरूमा अर्को सवारी साधनको चालकको मृत्यु भएको छ । यदि सवारी चालकहरूलाई ट्रकका सीमितताहरू र ट्रकहरू संलग्न हुने असुरक्षित परिस्थितिहरूबाट कसरी बच्ने भन्ने बारेमा थाहा भएमा यस्ता धेरै दुर्घटनाहरूबाट बच्न सकिन्छ ।




**याद राख्नुहोस् कि ट्रकहरू अन्य सवारी साधनहरू जसरी गुड्दैन् । सामान्य भाषामा भन्दा, जति ठूलो ट्रक हुन्छ:**

- चालकका ब्लाइन्ड स्पटहरू त्यति नै ठूलो हुन्छ ।
- ट्रकलाई चालका लागि त्यति नै बढी ठाउँ चाहिन्छ ।
- ट्रकलाई रोक्नका लागि त्यति नै बढी समय लाग्छ।
- यसलाई उछिनेर जानका लागि तपाईं त्यति नै बढी समय लाग्छ।

### ब्लाइन्ड स्पटहरू—"नो-जोनहरू" हेर्नुहोस्

ठूला ट्रकहरूमा ट्रकको अगाडि, पछाडि र छेउमा ब्लाइन्ड स्पट वा नो-जोनहरू हुन्छन् । यी नो-जोनहरूले चालकलाई हेर्न गाह्रो बनाउने भएकोले ट्रक तपाईंतिर पनि मोडिन सक्छ । नो-जोनहरूमा धेरै बेरसम्म नबस्नुहोस् । यदि तपाईंले ट्रकका पछाडि हेर्ने (साइड) ऐनाहरू देख्न सक्नुहुन्न भने ट्रक चालकले पनि तपाईंलाई देख्न सक्दैनन् भन्ने कुरा याद राख्नुहोस् ।

### पासिङ (उछिनेर अगाडि जाने)

ठूलो ट्रकलाई उछिनेर अगाडि जान बढी समय लाग्छ । त्यसरी उछिनेर जाँदा तपाईंले लगातार गति कायम राख्नुपर्छ । दायाँ लेनमा फर्कनुअघि तपाईंले आफ्नो पछाडि हेर्ने ऐनामा ट्रकको क्याबको भाग हेर्न सक्नुहुन्छ भनेर सुनिश्चित गर्नुहोस् । सवारी साधनहरू ट्रकको अगाडि धेरै छिट्टै रोकिँदा ट्रक चालकले ठोक्किनबाट बचाउन छिटो कदम चाल्नुपर्ने हुन सक्छ ।

### ब्याक गर्दा

ट्रक चालकले ब्याक गर्दा उनले आफ्नो ट्रेलरलाई घुमाएर लैजानका लागि कहिलेकाहीँ अस्थायी रूपमा सडक अवरुद्ध गर्नुपर्ने हुन्छ । ब्याक गर्ने तयारीमा रहेको वा ब्याक गर्दै गरेको ट्रकको वरिपरि कहिल्यै नजानुहोस् । अधिकांश ट्रेलरहरूले आफ्नो र लोड गर्ने क्षेत्रको बिचमा एक्कासी आउने वस्तुहरूलाई पूर्ण रूपमा


छेक्न सक्छन् । यदि तपाईंले ट्रकको छेउबाट घुमेर जाने प्रयास गर्नुभयो भने तपाईं ब्लाइन्ड स्पट प्रवेश गर्न सक्नुहुन्छ र ट्रक चालकले तपाईंलाई देख्न सक्दैनन् ।

## **पछाडिका ब्लाइन्ड स्पटहरू**

अन्य सवारी साधनहरूभन्दा फरक ट्रकहरूको ठिक आफ्नो पछाडि लामो ब्लाइन्ड स्पटहरू हुन्छ । ट्रक चालकले यस स्थितिमा तपाईंको सवारी साधन देख्न सक्दैनन् र तपाईंले पनि सवारी साधनहरूको आउजाउलाई पनि एकदमै कम देख्नुहुन्छ । धेरै नजिकबाट पछ्याउँदा पछाडिबाट ट्रकसँग ठोक्किने सम्भावना धेरै बढ्छ । यदि तपाईंले ट्रकको पछाडिको साइड हेर्ने ऐनाहरू देख्न सक्नुहुन्न भने ट्रक चालकले तपाईंलाई देख्न सक्दैनन् ।

## **साइडका ब्लाइन्ड स्पटहरू**

यात्रुवाहक सवारी साधनको तुलनामा ट्रकको दुवै छेउमा धेरै ठूला ब्लाइन्ड स्पटहरू हुन्छन् । तपाईंले यी ब्लाइन्ड स्पटहरूमा कुनै पनि समयका लागि सवारी साधन चलाउनुहुन्छ भने ट्रक चालकले तपाईंलाई देख्न सक्दैनन् । यदि ट्रक चालकलाई कुनै पनि कारणका लागि तुरुन्तै लेन परिवर्तन गर्न आवश्यक छ भने तपाईंको सवारी साधन ट्रक चालकको ब्लाइन्ड स्पट भएको खण्डमा गम्भीर दुर्घटना हुन सक्छ ।




## **वाइड टर्न (धेरै ठाउँ लिएर मोड्ने)**

जहिले पनि ट्रकको मोड्ने सङ्केतहरूलाई ध्यान दिएर हेर्नुहोस् । ट्रक चालकहरूले दायाँ मोड लिनका लागि प्रायः बायाँतिरबाट धेरै घुमाउनुपर्ने हुन्छ । उनीहरूले ठिक आफ्नो पछाडि वा छेउमा भएका सवारी साधनहरू देख्न सक्दैनन् । ट्रक तथा कर्ब वा पटरीको बिचमा दायाँतिर नजानुहोस्; यसले दुर्घटनाको सम्भावनालाई बढाइदिन्छ ।

## **कम गतिमा चल्ने सवारी साधनहरूसँग सडक साझा गर्ने**

ट्र्याक्टर वा ठूला फार्म मेसिनरीको अन्य भाग जस्ता कम गतिमा चल्ने सवारी साधन राजमार्गको गतिमा यात्रा गर्न सक्दैनन् । यसलाई सवारी साधनको पछाडिको भागमा राखिएको सुन्तला र रातो त्रिकोणीय चिन्हद्वारा पहिचान गरिन्छ । यी चिन्हहरूले सवारी चालकहरूलाई अगाडिको सवारी साधनलाई अझ छिटो



चिन्नमा मद्दत गर्छ । तपाईंले कम गतिमा चलिरहेको सवारी साधनलाई जति चाँडो पहिचान गर्न सक्नुहुन्छ, तपाईंसँग आफ्नो गति कम गरेर प्रतिक्रिया जनाउनका लागि त्यति नै धेरै समय हुन्छ । कम गतिमा चल्ने सवारी साधनहरूले सडकको दायाँ वा बायाँ अचिह्नित प्रवेश ठाउँहरूमा धेरै ठाउँ लिएर मोड लिन सक्छन् । केही कृषि उपकरणहरू सडकभन्दा पनि चौडा हुन्छन् ।
केही वेगन वा उपकरणहरू सडकमै हल्लिन सक्छन् र तपाईंले चालकलाई नदेख्न सक्नुहुन्छ ।



कम गतिमा चल्ने सवारी साधन चलाउँदा सवारी साधनहरूको आउजाउमा ढिलाइ भयो भने अरूलाई सुरक्षित रूपमा जान दिनका लागि सडकको छेउमा रोकेर राख्न सम्भव र सुरक्षित भएमा उक्त सवारी साधनलाई सडकको छेउमा रोकेर राख्न सकिन्छ । कृषि सवारी साधन चलाउने अपरेटरसँग सडकमा आफ्नो सवारी साधन चलाउने अधिकार हुन्छ । कम गतिमा चल्ने सवारी साधनको पछाडि सुरक्षित दूरी बनाइराख्नुहोस् ताकि अपरेटरले तपाईंलाई देख्न सकून् वा सम्भव भएमा तपाईंले उनलाई देख्न सक्नुहोस् । यो चार सेकेन्डभन्दा बढीको पछ्याउने दूरी दिनका लागि आवश्यक पर्न सक्छ । साँघुरो सडकहरूमा फराकिलो उपकरणहरूलाई पहिला जान दिनुहोस् । अवस्थाहरू सुरक्षित छन् र सवारी साधनहरू आउजाउ गरिरहेका छैनन् भने मात्र कम गतिमा चल्ने सवारी साधनहरूलाई सावधानीपूर्वक उछिनेर अगाडि जानुहोस् । धैर्य राख्नुहोस् र सम्भावित मोडिने सवारी साधनहरूमा सतर्क रहनुहोस् । ठूला र कम गतिमा चल्ने सवारी साधनहरूसँग सुरक्षित रूपमा सडकलाई साझा गरेर प्रयोग गर्नुहोस् । "भर्मोन्टमा हाम्रा ग्रामीण सडकहरूलाई सुरक्षित राख्ने" हेर्नुहोस् ।

**आक्रामक सवारी चालक**

आक्रामक सवारी चालकहरूले धेरै छिटो सवारी साधन चलाउँदा र असुरक्षित भएको बेला उछिनेर अगाडि जादाँ आफ्ना कार्यहरूको नतिजाका बारेमा नसोचेका हुन सक्छन् । उनीहरूले लेन परिवर्तनहरूका लागि सङ्केतहरू प्रयोग नगरेका हुन सक्छन् र ट्राफिकभित्र छिर्ने तथा निक्लने गरिरहेका हुन सक्छन्, धेरै नजिबाट पछ्याइरहेका हुन सक्छन् र अगाडि जाने प्रयास गर्दा कारहरूको बाटो छेकिरहेका हुन सक्छन् । यी सबै कार्यहरू गैरकानूनी छन् र त्यसको परिणामस्वरूप ट्राफिक टिकट दिन सकिन्छ वा अझ कडा कार्यवाही हुन सक्छ । आक्रामक चालकहरूले अरू चालकहरूलाई चिच्याउन, आफ्नो हर्न बजाइरहन र लाइटहरू बालिरहन सक्छन् ।

आक्रामक चालकले तपाईंको बाटो छेक्छन् वा असुरक्षित हुने अन्य कुनै कार्य गर्छन् तपाईंले त्यहीं गर्ने प्रयास नगर्नुहोस् । शान्त रहनुहोस् । त्यस्ता चालकहरूको बाटोबाट टाढा निस्कनुहोस् । उनीहरूलाई चुनौती नदिनुहोस् । आक्रामक चालकले जस्तो गर्छन् त्यस्तै गर्न प्रयास गर्नु खराब विचार हो ।

**घरपालुवा जनावरहरूसँग सडक साझा गर्ने**

सार्वजनिक राजमार्गमा व्यक्तिले जनावरको सवारी गर्दा वा जनावरले तानेको गाडी चलाउँदा उनलाई पनि सवारी साधनको चालकलाई झैं सबै अधिकारहरू प्रदान गरिएको हुन्छ । यस्तो अवस्था आइपर्दा जनावर/जनावरहरूलाई डराउन दिनबाट रोक्न र सवारी/चालकको सुरक्षा तथा बचाव सुनिश्चित गर्नका लागि
हरेक उचित सावधानी अपनाउनका निम्ति सवारी चालकले गति घटाउन आवश्यक पर्छ । त्यस्ता जनवारहरूसँग भेट हुँदा, पछ्याउँदा वा उछिनेर अगाडि जाँदै गर्दा जनवार/जनावरहरू नझस्कियोस् भन्नका लागि



सवारी चालकले कहिले पनि आफ्नो हर्न बजाउनुहुँदैन वा आफ्नो इन्जिनलाई छिटो चलाउनुहुँदैन
र यसलाई विशेषगरी मोटरसाइकल चलाउँदा बढी ध्यानमा राख्नुपर्छ जनवारलाई पूर्ण रूपमा उछिनेर अगाडि जानका लागि पूर्ण ट्राफिक लेन प्रयोग गर्नुहोस् र आफ्नो लेनमा आएर छिट्टै नरोकिनुहोस् । व्यक्ति सवार घोडा, घोडासहितको वेगन वा जनवारहरूको बथानको पछि आउँदा कम्तीमा पनि 4 सेकेन्डको पछ्याउने दूरी कायम राख्नुहोस् । त्यस्ता जनावरहरूको वरिपरि लापरवाहीपूर्वक सवारी चलाएको खण्डमा सवारी चालकलाई जरिवाना वा कैद हुन सक्छ ।

**मुस र हरिणको सुरक्षा**

मुस वा हरिणसँगको ठक्कर जनावरलाई मात्र नभएर सवारी साधनका चालक तथा यात्रीहरूका लागि पनि घातक हुन सक्छ । हरिण र मुसको क्रसिङका चिन्हहरू राखिएका राजमार्गका क्षेत्रहरूमा सावधानीपूर्वक सवारी चलाउँदा त्यसले जीवनलाई बचाउँछ र
चोटपटकहरू लाग्नबाट रोक्छ । राजमार्गहरूमा मुस र हरिणहरू प्राय: अबेर साँझ, राति र बिहानको समयमा हुने गर्छन् । हरिण र मुसहरू घुम्न वा चर्न आउने ती समयहरूमा सवारी साधन चलाउँदा सावधानी अपनाउनुहोस् ।



सवारी साधनको हेडलाइटबाट निस्केको प्रकाशले हरिणलाई अस्थायी रूपमा रोकिने गराउन र सवारी साधनको बाटोबाट हट्न नसक्ने बनाउन सक्छ
वा यो आफ्नो बासस्थानतर्फ प्रति घण्टा 40 माइलको गतिमा कुदेर जान सक्छ । यसको अर्थ हरि[illegible]
सडकको विपरित छेउमा छ भने यो घुमेर सवारी साधनको अगाडिको भागमा ठोक्किन सक्छ । जनावरहरू जोडामा यात्रा गर्छन्, त्यसैले तपाईंले पहिलो देखेपछि दोस्रो पनि देख्न तयार हुनुहोस् ।

मुससँग ठोक्किनु सवारी चालकहरूका लागि बढी घातक हुन्छ । मुसको तौल हरिणभन्दा एकदमै बढी हुन्छ — लगभग हजार पाउण्डभन्दा बढी । साथै, तिनीहरू हरिणभन्दा धेरै अग्ला हुन्छन् र ठक्कर भएको खण्डमा एकदमै जोडसँग सवारी साधन वा यसमा सवार व्यक्तिहरूको माथि खस्न सक्छन् । हरिणको आँखाले हेडलाइटहरूबाट आएको प्रकाशलाई परावर्तन गर्छन् । मुसहरू अग्लो हुने भएकोले तिनीहरूका आँखा सवारी साधनको हेडलाइटबाट आएको प्रकाशलाई परावर्तन नगर्न सक्छ । साथै, मुस हरिणभन्दा बढी गाढा रङ्गको हुन्छ । यी विशेषताहरूले गर्दा मुसलाई विशेषगरी साँझको समयमा देख्न गाह्रो हुन्छ ।

# सवारी साधन चलाउनका लागि खतरनाक अवस्थाहरू

## बाढी र आँधीहरू

राष्ट्रिय रूपमा पानीको आकस्मिक बहाव अर्थात् बाढीहरू अन्य कुनै पनि मौसमसम्बन्धी घटनाहरूभन्दा बढी मृत्युका लागि जिम्मेवार छ । यीमध्ये झण्डै आधा मृत्यु सवारी साधनसँग सम्बन्धित छन् । तेज हावा, सीमित भिजिबिलिटी, चिप्लो सडकहरू र अन्य अप्रत्याशित खतराहरू जस्ता आँधी, हिमपात र अन्य गम्भीर मौसम प्रणालीहरूले सवारी साधन चलाउनका लागि खतरनाक अवस्थाहरू सिर्जना गर्छन् । सवारी साधन चलाउनका लागि खतरनाक अवस्थाहरूको पूर्वानुमान गरिँदा उक्त समय घरमै बस्नु र अनावश्यक यात्राबाट बच्नु उत्तम हुन्छ । यद्यपि, तपाईं आँधीमा फस्नु भयो वा खतरनाक परिस्थितिमा पर्नुभयो भने
तपाईंले निम्न कुराहरू गर्नुपर्छ:



- आफ्नो गति कम गर्नुहोस् । क्रूज नियन्त्रण प्रयोग नगर्नुहोस् । सतर्क रहनुहोस् ।
- तपाईं र तपाईंको अगाडिको सवारी साधनको बिचमा चार सेकेन्डभन्दा बढी समयको ठाउँ राख्नुहोस् ।
- विशेषगरी रातीको समयमा वा अपरिचित सडकहरूमा सवारी साधन चलाउँदा सतर्क रहनुहे
- पुल, कल्भर्ट र रोडबेडहरू बाढीको पानीले बगाएको वा कमजोर भएको हुन सक्छन् भनेर सचेत रहनुहोस् । ट्राफिक ब्यारिकेड वा "सडक बन्द" चिन्हहरू बेवास्ता गरेर सवारी साधनलाई अगाडि नबढाउनुहोस् । सबै घुमाएर जानुपर्ने चिन्हहरूको पालना गर्नुहोस् ।
- सडकमा पानी भएको ठाउँमा सवारी साधन नचलाउनुहोस् । पानीको गहिराइ सधैँ स्पष्ट हुँदैन र पानीले खाल्टाखुल्टी जस्ता खतराहरू लुकाउन सक्छ । पानीमा सवारी साधनहरूको इन्जन बन्द हुने गर्छन् र तपाईं अड्किने वा फस्ने हुन सक्नुहुन्छ ।
- यदि तपाईंको सवारी साधन बाढी आएको क्षेत्रमा रोकिन्छ भने जतिसक्दो चाँडो त्यसलाई छोडेर बाहिर निक्लिनुहोस् । बाढीको पानी द्रुत गतिमा बढ्न सक्छ र कार तथा त्यसमा सवार व्यक्तिहरूलाई पनि बगाउन सक्छ । रोकिएका सवारी साधनहरू सार्न खोज्दा धेरैको मृत्यु भएको छ । यदि तपाईंले बाढी भएको क्षेत्रमा आफ्नो सवारी साधन छोड्ने निर्णय गर्नुभयो भने बगेको पानीको बललाई ध्यानमा राख्नुहोस् । 4 इन्च जति थोरै पानीले पनि हिँड्न गाह्रो बनाउन सक्छ र खतराहरूलाई देखिनबाट रोक्न सक्छ ।
- हावा सबै मोटर चालकहरूका लागि समस्या हुन सक्छ । यो विशेषगरी ठूला सवारी साधनहरूका साथसाथै टोइङ ट्रेलरहरूका चालकहरू लागि खतरनाक हुन्छ । कम गतिमा सवारी चलाउनु नै उत्तम अभ्यास हो ।
- तीव्र हावा र भारी हिउँ वा बरफले रूख र तारहरू सडकमा खस्न सक्छन् भनेर सचेत हुनुहोस् । कहिले पनि तल झरेका तारहरूको नजिक नजानुहोस् वा तिनीहरूलाई पार नगर्नुहोस् ।
- मौसमसम्बन्धी सेवाद्वारा जारी गरिएको मौसम र आकस्मिक बहावका चेतावनीका साथसाथै सवारी साधन चलाउनका लागि खतरनाक अवस्थाहरूसम्बन्धी सबै सूचनाहरू जाँच गर्नुहोस् ।
- कुहिरो, भारी वर्षा वा भारी हिउँ जस्तो स्थितिमा भिजिबिलिटी खराब हुँदा आफ्नो लो बिम हेडलाइटहरू प्रयोग गर्नुहोस् । यदि तपाईंले 500 फिट अगाडि व्यक्ति वा सवारी साधनहरू स्पष्ट रूपमा देख्न सक्नुहुन्न भने कानूनले चालकहरूलाई हेडलाइटहरू अन गर्न आवश्यक गराएको छ ।

## जाडो याममा सवारी साधन चलाउने

जाडो याम सवारी साधन चलाउनका लागि सबैभन्दा कठिन मौसम भएकोले थप सावधानी अपनाउनुहोस् । तपाईंले हिउँ तथा बरफको मात्र व्यवस्थापन गर्नुपर्ने हुँदैन तर दिनमा उज्यालो हुने घण्टाहरू कम हुन्छन् ।

- तपाईंका ब्रेकहरू, विन्डसिल्ड वाइपरहरू, डिफ्रोस्टर, हिटर र निकास प्रणालीहरू राम्रो अवस्थामा छन् भनेर सुनिश्चित गर्नुहोस् ।
- आफ्नो एन्टिफ्रिजको जाँच गर्नुहोस् र चिसो तापक्रमका लागि तयार हुनुहोस् । विन्डसिल्ड वाशर रेजेभ्वायर जाडो यामको प्रयोगका लागि बनाइएको तरल पदार्थले भरिएको छ भनेर सुनिश्चित गर्नुहोस् ।
- तपाईंसँग सबै चारवटा चक्काहरूमा राम्रो हिउँ टायरहरू छन् भनेर सुनिश्चित गर्नुहोस् र तिनीहरूलाई छिट्टै लगाउनुहोस् । पहिलो हिमपातमा तपाईं तिनीहरूबिना नफस्ने प्रयास गर्नुहोस् । एउटै सवारी साधनमा विभिन्न प्रकारका टायरहरू

कहिले पनि नलगाउनुहोस् । धेरै राज्यहरूले मेटल स्टडहरू भएका टायरहरू जाडोको अवस्थामा मात्र प्रयोग गर्न अनुमति दिन्छन् । टायरहरूमा ठिक मात्रामा हावा भरिएको छ भनेर सधैँ सुनिश्चित गर्नुहोस् ।

- बरफ वा हिउँको आँधीबेहरीको समयमा विशेषगरी यात्रासम्बन्धी चेतावनी जारी गरिँदा आवश्यक नभएसम्म सवारी साधन नचलाउनुहोस् । यदि तपाईंलाई सवारी साधन चलाउनैपर्ने छ भने आफ्नो सवारी साधनबाट पूर्ण रूपमा बरफ तथा हिउँलाई हटाउनुहोस् र तपाईंका वाइपरहरू कुनै पनि बरफ जम्मा भएको छैन भनेर सुनिश्चित गर्नुहोस् । तपाईंको झ्यालको भित्री भाग पनि चिसोबाट मुक्त हुनुपर्छ ।
- स्लिट (वर्षासँगैको बरफ), जमेको पानी वा हिउँ पर्न थाल्दा छिट्टै ब्ल्याक आइस (कालो सडकमाथि जम्मा हुने बरफ) बन्न सक्छ र तपाईंले त्यसलाई नदेख सक्नुहुन्छ । सबैभन्दा पहिला पुल, र्‍याम्प र ओभरपासहरू जम्ने सम्भावना हुन्छ । सडक कर्मचारीहरूले राजमार्गहरूबाट बरफ वा हिउँ पूरै हटाएपनि चिप्लो ठाउँहरू रहन सक्छन् ।
- तपाईंले अझ बिस्तारै सवारी साधन चलाउनुपर्ने हुनाले आफ्नो गन्तव्यमा पुग्नका लागि थप समय छुट्याउनुहोस् । आफ्नो पछ्याउने दूरीका लागि 4 सेकेन्डभन्दा बढिको समय राख्नुहोस् । फोर व्हील वा अल व्हील ड्राइभ हुने सवारी साधनहरूको पनि बरफमा राम्रो ट्र्याक्सन हुँदैन । जाडो यामका सडकहरूमा सबै सवारी साधनहरूलाई रोक्न, घुमाउरो बाटोमा जान र लेनहरू परिवर्तन गर्न कठिनाई हुन्छ ।
- विशेषगरी स्नोप्लोहरू नजिकै सावधान रहनुहोस्—तिनीहरूले बनाउने हिउँ उडिरहने कारणले गर्दा तिनीहरूलाई देख्न गाह्रो हुन्छ। तिनीहरू अन्य सवारी साधनहरूभन्दा फराकिलो हुन्छन् र प्रायः बिस्तारै गुड्छन् ।
- दिनको समयमा यात्रा गर्नुहोस्, एक्लै यात्रा नगर्नुहोस् र अरूलाई आफ्नो रूट तथा तालिकाका बारेमा जानकारी गराउनुहोस् । मुख्य सडकहरूमै रहनुहोस् - ब्याक रोड सर्टकटहरूबाट बच्नुहोस् ।
- तयारी अवस्थामा रहनुहोस् । तपाईंले आफ्नो सवारी साधनमा राख्नुपर्ने वस्तुहरूमा निम्न पर्दछन्: विन्डसिल्ड स्क्र्यापर तथा ब्रस, सानो बेल्चा, किट्टी लिटर वा बालुवा, अतिरिक्त कपडा, खानेकुरा तथा पिउने पानी, सेल फोन, अतिरिक्त विन्डसिल्ड वाशर फ्लुइड, आधारभूत प्राथमिक उपचार किट र टर्चलाइट । आफ्नो सवारी साधनमा सधैँ कम्तीमा पनि आधा ट्याङ्की ग्यास भरेर राख्नुहोस् ।

## यदि तपाईं हिम तूफानमा पर्नुभएमा वा कहीं फस्नुभएमा

- राजमार्गको छेउमा सवारी साधन रोक्नुहोस् । हजार्ड (खतराका) लाइटहरू खोल्नुहोस् र ढोकाको ह्यान्डल, एन्टेना वा झ्यालमा डिस्ट्रेस फ्ल्याग (सङ्कट झण्डा) झुण्डाउनुहोस् ।
- आफ्नो सवारी साधनमै रहनुहोस् जहाँ उद्धारकर्ताहरूले तपाईंलाई भेट्टाउने सम्भावना बढी हुन्छ । आफूले नजिकै आश्रय लिन सक्ने भवन नदेखेसम्म बाहिर पैदल नहिँड्नुहोस् । सावधान रहनुहोस्: उडिरहेको हिउँमा दूरीको अनुमान लगाउन कठिन हुन्छ । भवन नजिकै छ जस्तो लाग्न सक्छ तर गहिरो हिउँमा हिँड्दा वास्तवमा धेरै टाढा हुन्छ ।
- न्यानो बनाइराख्न प्रत्येक घण्टा लगभग 10 मिनेट इन्जिन र हीटर चलाउनुहोस् । इन्जिन चलिरहेको बेला भेन्टिलेसनका लागि डाउनविन्ड झ्याल थोरै खोल्नुहोस् । सम्भावित कार्बन मोनोअक्साइड विषाक्तताबाट जोगिन्मा मद्दतका लागि निकास पाइपबाट हिउँ हटाएर सफा राख्नुहोस् ।
- शरीरलाई तातो राख्न व्यायाम गर्नुहोस् तर यसलाई धेरै नगर्नुहोस् । अत्यधिक चिसोमा इन्सुलेसनका लागि सडक नक्सा, सिट कभर र फ्लोर म्याटहरू प्रयोग गर्नुहोस् । यात्रीहरू एकआपसको नजिक बस्नुहोस् र ब्लानकेटका लागि आफ्नो कोट प्रयोग गर्नुहोस् ।
- पालैपालो सुत्नुहोस् । उद्धार टोलीहरू आइहाल्छन् कि भनेर हेर्नका लागि एकजना व्यक्ति सधैँ जागा बस्नुपर्छ ।
- डिहाइड्रेसनबाट बच्न तरल पदार्थ पिउनुहोस् । तर मदिरा सेवन गर्नुहुँदैन ।
- ब्याट्री पावर बर्बाद नहोस् भनेर सावधान रहनुहोस् । आपूर्तिअनुसार विद्युतीय उर्जाको आवश्यकतालाई सन्तुलनमा राख्नुहोस्—लाइट, ताप र रेडियोको प्रयोग ।
- रातीमा भित्रको बत्ति बालिराख्नुहोस् ताकि कार्य टोली वा उद्धारकर्ताहरूले तपाईंलाई देख्न सकून् ।
- यदि तपाईं टाढा वा दुर्गम क्षेत्रमा फस्नुभएको छ भने खुला क्षेत्रमा खुट्टाले ठूलो ब्लक अक्षरमा HELP वा SOS लेख्नुहोस् र हवाईजहाजबाट सो क्षेत्रमा खोजी गरिरहेका उद्धारकर्मीहरूको ध्यान आकर्षित गर्न तिनीहरूको वरिपरि ढुङ्गा वा रूखका हाँगाबिँगा राख्नुहोस् ।

## स्किडिङ

अधिकांश स्किडहरू सडक र ट्राफिक अवस्थाहरूमा सवारी साधनको गति मिलाउनका लागि चालकले समयमै प्रतिक्रिया दिन नसक्नुको कारणले हुन्छ । यी अवस्थाहरूमा हिउँ, बरफ, वर्षा, फोहोर/ग्राभेल र भिजेका पातहरू पर्न सक्छन् । यी अवस्थाहरूमा क्रूज नियन्त्रण प्रयोग नगर्नुहोस् । रियर-ह्वील ड्राइभ सवारी साधनमा तपाईंले सामान्यतया ट्र्याक्सन नभएको वा स्किड सुरु भएको महसुस गर्न सक्नुहुन्छ । यद्यपि, फ्रन्ट-व्हील ड्राइभमा यस्तो कुनै पनि चेतावनी नहुन सक्छ । फ्रन्ट-ह्वील ड्राइभहरूले हिउँमा राम्रोसँग ह्यान्डल गर्छन्, तर तिनीहरूमा त्रुटिहीन ट्र्याक्सन हुँदैन र स्किडहरू अप्रत्याशित रूपमा हुन सक्छन् । फ्रन्ट-ह्वील ड्राइभ सवारी साधनको राम्रो अनुभूति र ह्यान्डलिङ छ भन्दैमा तपाईंले चलाउनुपर्नेभन्दा बढी गतिमा नचलाउनुहोस् ।


## स्किडिङबाट कसरी बच्ने

चिप्लो हुन सक्ने सडकहरूमा तपाईंले कम गतिमा सवारी साधन चलाउनुपर्छ । गति वा दिशामा कुनै पनि अचानक परिवर्तन नगर्नुहोस् । चिप्लो सडकमा गति कम गर्न र सवारी साधनलाई आफ्नो नियन्त्रणमा राख्नमा मद्दत गर्नका लागि तपाईंले ग्यास पेडलबाट आफ्नो खुट्टा निकाल्नुपर्छ । यदि तपाईंले थप कम गति गर्न आवश्यक परेमा बिस्तारै, स्थिर दबाबका साथ आफ्ना ब्रेकहरूलाई "थिच्नुहोस्" । चक्काहरू घुमिराख्न दिनुहोस् । यदि लक अप सुरु हुन लाग्यो भने ब्रेक पेडललाई बिस्तारै छोड्नुहोस् । तपाईंको गति कम भइसकेपछि तल्लो गियरमा जानु पनि उपयोगी हुन सक्छ । यदि तपाईंको सवारी साधनमा एन्टि-लक ब्रेकहरू छन् भने स्थिर ब्रेक प्रेसर प्रयोग गर्नुहोस्, ब्रेकहरूमा थिच्ने, निकाल्ने नगर्नुहोस् ! सवारीधनी म्यानुअलमा भएका निर्देशनहरू पालना गर्नुहोस् ।

## स्किड हुँदै गरेको सवारी साधनलाई कसरी नियन्त्रण गर्ने

स्किडबाट सम्हालिने उत्तम तरिका फ्रन्ट तथा रियर-व्हील ड्राइभ दुवै सवारीसाधनहरूका लागि समान छः

- ब्रेकहरू नलगाउनुहोस्, यसले स्किडलाई अझ खराब बनाउनेछ ।
- तपाईंले सवारी साधन लैजान चाहनुभएको दिशामा स्टियरिङ घुमाउनुहोस् ।
- आफ्नो सवारी साधनलाई पूर्ण रूपमा नियन्त्रणमा लिनका लागि तपाईंले केही पटक स्टियरिङलाई बायाँ तथा दायाँतिर घुमाउनुपर्ने हुन सक्छ ।



**ध्यान दिनुपर्ने कुराः** स्थिरता नियन्त्रण जस्ता वाहन सुधारहरूले पनि तपाईंलाई आफ्नो सवारी साधन सम्हाल्नमा मद्दत गर्न सक्छ तर तिनीहरू चालक सावधानीको विकल्प हुन सक्दैनन् । फोर-व्हील ड्राइभ र अल-व्हील ड्राइभ सवारी साधनहरूको हिउँमा राम्रो ट्र्याक्सन हुन्छ तर बरफमा होइन । यी सवारी साधनहरू प्रयोग गर्दा अति-आत्मविश्वासी हुनबाट सावधान रहनुहोस् ।

तपाईंसँग जुनसुकै प्रकारको सवारी साधन भए तापनि खाली पार्किङ स्थलमा गएर तपाईंको सवारी साधनले बरफ वा हिउँ परेको सतहहरूमा कस्तो गर्छ भन्ने कुरा सिक्नु राम्रो हुन्छ ।

## एन्टि-लक ब्रेकहरू

एन्टी-लक ब्रेकहरू सुरक्षाको हिसाबले महत्वपूर्ण सफलता हो । तिनीहरूले गर्दा तपाईंले एकै समयमा ब्रेक लगाउन र स्टियर गर्न सक्नुहुन्छ । ब्रेक पेडलमा आवाज र कम्पन हुन्छ भन्ने कुरा अपेक्षा गर्नुहोस् । पम्पलाई थिच्ने-छोड्ने, थिच्ने-छोड्ने नगर्नुहोस्

वा ब्रेक पेडलबाट आफ्नो खुट्टा नहटाउनुहोस् किनभने यसले एन्टि-लक प्रणालीलाई विच्छेद गरिदिन्छ ।

तपाईंको सवारी साधनमा ABS छ कि छैन भने कुरा तपाईंको सवारीधनी म्यानुअलमा उल्लेख छ । साथै, तपाईंले आफ्नो सवारी साधन स्टार्ट गरेको बेला तपाईंको इन्स्ट्रुमेन्ट प्यानलमा ABS चेतावनी लाइट छोटो समयका लागि देखिनेछ ।

**ध्यान दिनुपर्ने कुरा:** यदि तपाईंले सवारी साधन चलाउन सुरु गरेपछि पनि तपाईंको ABS लाइट बलिरहेको छ भने तपाईंको सवारी साधनको ABS प्रणालीले काम गरिरहेको छैन । यद्यपि, सवारी साधनमा ब्रेकहरू छन् र तिनीहरूले काम गर्छन् ।

## कम भिजिबिलिटी

### दिनको समयमा सवारी साधन चलाउने

अध्ययनहरूले देखाएअनुसार दिनको समयमा लो बिम हेडलाइटहरू बालेर सवारी साधन सिधैं अगाडि ठक्कर हुने जोखिम 20% भन्दा बढी कम हुन्छ । अटोमोबाइलका निर्माताहरूले धेरै सवारी साधनहरूमा दिउँसो चल्ने लाइटहरू जडान गरेका छन् । यी लाइटहरू स्वचालित रूपमा आउँछन् र तपाईंका हेडलाइटहरूसँग झुक्किनुहुँदैन । दिउँसो बल्ने बत्ति र हेडलाइटहरूले अन्य चालकहरूलाई दिनको उज्यालो समयमा तपाईंको सवारी साधनमा देख्नमा मद्दत गर्न सक्छन् । हिउँ, वर्षा र कुहिरोले भिजिबिलिटीलाई सीमित गरेको बेला तपाईंले आफ्ना हेडलाइटहरू बाल्नैपर्छ भन्ने कुरा याद राख्नुहोस् । दिनको समयमा पनि कम्तीमा पनि आफ्नो लो बिम हेडलाइटहरू जहिले पनि बालेर सवारी साधन चलाउनु नै उत्तम अभ्यास हो ।

## ध्यान दिनुपर्ने कुरा: तपाईंको सवारी साधन पार्क गरेको बेला मात्रै पार्किङ लाइटहरू प्रयोग गरिनुपर्छ ।

### रातीको समयमा सवारी साधन चलाउने

दिउँसोभन्दा रातीमा सवारी साधन चलाउनु बढी खतरनाक हुन्छ किनकि रातीको समयमा धेरै अगाडिसम्म देख्न सकिँदैन । सवारी साधनको हेडलाइट सूर्यास्तको आधा घण्टादेखि सूर्योदयभन्दा आधा घण्टाअघिसम्म बाल्नुपर्ने कानूनी व्यवस्था छ । आफ्ना हेडलाइटहरू बालिएका छन् भनेर सुनिश्चित हुनुहोस्—तपाईंको दिनमा बल्ने लाइटहरूले तपाईंलाई तपाईंका हेडलाइटहरू बलिरहेका छन् भन्ने आभास दिन सक्छन् ।

तपाईंले अगाडितिर सधैँ 4 सेकेन्डसम्म देख्न सक्षम हुन आवश्यक पर्छ । राती लो बिम हेडलाइटहरूमा प्रति घण्टा 40 माइलमा सवारी साधन चलाउँदा तपाईंले "आफ्ना हेडलाइटहरूलाई ओभरड्राइभ गर्दै हुनुहुन्छ" । यसको अर्थ तपाईंले देख्न सक्ने ठाउँमा रोक्नका लागि तपाईंले धेरै अगाडिसम्म देख्न सक्नुहुन्न र तपाईं ठक्कर लाग्नबाट बच्न नसक्ने हुन सक्नुहुन्छ ।

### हाइ र लो हेडलाइट बिमहरू ठिकसँग प्रयोग गर्नुहोस्

कम सवारी साधनहरू हुने खुला ठाउँमा सवारी साधन चलाउँदा हाइ बिम प्रयोग गर्नुहोस् । हाइ बिम प्रयोग गरिँदा पनि गति दिनको भन्दा कम हुनैपर्छ ।

अन्य सवारी साधन वा पैदल यात्रीहरूको नजिक पुग्दा सधैँ लो बिम प्रयोग गर्नुहोस् ताकि चालक वा पैदल यात्रीले राम्रोसँग नदेखेने नहोस् । स्ट्रिटलाइट वा कुहिरो भएको ठाउँमा सवारी साधन चलाउँदा र अर्को सवारी साधनलाई पछ्याउँदा पनि लो बिम प्रयोग गर्नुहोस् ।

### विनम्र चालकहरूले आफ्ना हेडलाइटहरू मधुरो पार्छन

रातीको समयमा सवारी साधन चलाउँदा आफूतिर आउँदै गरेको अर्को सवारी साधन नजिक आउँदा वा अर्को सवारी साधनलाई पछ्याउँदा तपाईंले तत्कालै हेडलाइटहरू मधुरो गर्नुपर्छ ।

### हेडलाइटहरूको नजिक पुग्दा

यदि तपाईंले आफूतिर आइरहेका बत्तिहरूमा सिधै हेर्नुभयो भने भने तपाईंले केही सेकेन्डसम्म राम्रोसँग नदेख्न सक्नुहुन्छ । अस्थायी रूपमा राम्रोसँग नदेख्नबाट बच्नका लागि उज्यालो लाइटहरू नगएसम्म र

तपाईंको दृष्टि सामान्य अवस्थामा नफर्किएसम्म तपाईंले राजमार्गको दायाँ किनारातिर हेर्नुपर्छ । यस अभ्यासले तपाईंलाई सडकको किनारातिर भएका हुन सक्ने साइकल चालक वा पैदल यात्रीहरू पत्ता लगाउनमा पनि मद्दत गर्नेछ ।


## अन्तरराज्यीय सडकमा सवारी साधन चलाउने

अन्तरराज्यीय सडकहरू उच्च गतिको यात्राका लागि डिजाइन गरिएका बहु-लेन, विभाजित सडकहरू हुन् । विभिन्न क्षेत्रहरूमा तिनीहरू एक्सप्रेसवे, थ्रुवे, टर्नपाइक, टोल रोड, लिमिटेड एक्सेस हाइवे वा फ्रिवेहरू भनेर चिनिन्छन् । केही निःशुल्क हुन्छन् भने केहीका लागि टोल शुल्क भुक्तानी गर्न आवश्यक पर्छ ।

तिनीहरू सबैका अनेक महत्त्वपूर्ण फाइदाहरू छन् । तिनीहरू बहु-लेन र नियन्त्रित गरिएका पहुँच सडकहरू हुन् जसमा तपाईंले कुनै पनि अवरोधबिना धेरै लामो दूरीसम्म सवारी साधन चलाउन सक्नुहुन्छ । यी सडकहरूलाई छिटो र सुरक्षित यात्राका लागि डिजाइन गरिएको हो । तपाईंले यी सडकहरूलाई ठिक तरिकामा प्रयोग गर्न सिक्नुहुन्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

**गति-परिवर्तनका लेनहरू (एक्सिलरेसन र डिसेलेरेसन)**

यी भनेका छोटो दूरीका लागि अन्तरराज्यीय सडकसँगै भएका लेनहरू हुन् जसले प्रवेश वा बाहिरिने र्‍याम्प (सडक) हरूलाई अन्तरराज्यीय सडकसँग जोड्छन् । ट्राफिक लेनहरूमा प्रवेश गर्दा वा बाहिरिँदा सवारी साधनहरूको गति बढाउन वा कम गर्नका लागि यी बनाइएका हुन् ।





**प्रवेश र्‍याम्प**

यो छोटो एकतर्फी सडक जो अन्तरराज्यीय सडकमा जान्छ । धेरै बढी गतिमा सवारी साधनहरू आउजाउ गरिरहेका बाटोमा प्रवेश गर्नका लागि तपाईंले सावधानीपूर्वक यताउता हेर्नुपर्छ । प्रवेश र्‍याम्पले तपाईंलाई गति बढाउने लेनमा लैजान्छ जहाँ सवारीसाधनहरू अन्तरराज्यीय सडकका गतिहरूअनुसार गुडिरहेका हुन्छन् । दायाँतिरै बस्नुहोस्, बायाँतिर सङ्केत गर्नुहोस्, गति बढाउनुहोस्, बायाँ काँधतिरबाट ब्लाइन्ड स्पट हेर्नुहोस् र यात्रा लेन सुरक्षित भएको बेलामा लेन परिवर्तन गर्नुहोस् । प्रवेश गर्ने चालकले अन्तरराज्यीय सडकमा पहिलेदेखि भएका ड्राइभरहरूलाई पहिला जान दिनुपर्छ ।

**बाहिरिने र्‍याम्प**

यो अन्तरराज्यीय सडकलाई अर्को सडकमा जोड्ने छोटो एकतर्फी सडक हो र यो सडकबाट तपाईं सुरक्षित गतिमा बाहिर निस्कन सक्नुहुन्छ । अन्तरराज्यीय सडकबाट बाहिर निस्कदा तपाईंले लेन परिवर्तनको सङ्केत गर्नुपर्छ, तपाईं बाहिरिने लेनको नजिक रहेको गति घटाउने लेनमा गएर पोस्ट गरिएको बाहिरिने गतिमा सवारी बिस्तारै चलाउनुपर्छ ।





**अन्तरराज्यीय सडकमा सुरक्षित रूपमा सवारी साधन चलाउने**

1. आफ्नो वरिपरि के भइरहेको छ जान्नका लागि वरिपरि हेरिराख्नुहोस् र आफ्ना ऐनाहरूमा बारम्बार जाँच गर्नुहोस् ।
2. टेलगेट नगर्नुहोस् । तपाईं आफ्नो अगाडिको सवारी साधनबाट सुरक्षित दूरीमा हुनुहुन्छ वा हुनुहुन्न भनेर थाहा पाउने सबैभन्दा सजिलो तरिका भनेको 4-सेकेन्डको दूरीको नियम प्रयोग गर्नु हो । यदि सडक भिजेको वा चिप्लो छ भने तपाईंलाई थप ठाउँ आवश्यक पर्छ ।
3. तपाईंले कुनै कार्य गर्नुभन्दा पहिले अन्य चालकहरूलाई तपाईंले के गर्न लाग्नुभएको छ भनेर थाहा दिनुहोस् । कहिले पनि अचानक सवारी साधन बिस्तारै नचलाउनुहोस् वा लेनहरू परिवर्तन नगर्नुहोस् । बारम्बार लेन परिवर्तनहरू गर्नु असुरक्षित हुन्छ ।
4. लेनहरू परिवर्तन गर्नु वा उछिनेर जानुअघि आफ्नो सवारी साधनका ऐना, सङ्केत हेर्नुहोस् र तपाईंले परिवर्तन गर्न चाहनुभएको दिशामा भएका ब्लाइन्ड स्पटहरू हेर्नुहोस् ।

5. ट्राफिक लेनमा कहिले पनि सवारी साधन नरोक्नुहोस् । आपत्कालीन स्थिति नहुँदासम्म अन्तरराज्यीय सडकमा सवारी साधन रोक्नु गैर-कानूनी मानिन्छ । तपाईंले आपत्कालिन अवस्थाका लागि सवारी रोक्नै पर्ने भयो भने ब्रेकडाउन लेनमा जानुहोस् र सक्नेजति दायाँतिर रहनुहोस् । यदि तपाईंलाई मद्दत आवश्यक पर्छ भने आफ्नो सवारी साधनको हुड माथि उठाउनुहोस्, सवारी साधनमा सेतो कपडा बाँध्नुहोस् र आफ्नो सवारी साधनमै बस्नुहोस् ।
6. तपाईं अर्को सवारी साधनलाई उछिनेर अगाडि जाँदै नभएसम्म वा सङ्केतले अन्य कुरा उल्लेख नगर्दासम्म तपाईंले दायाँतिरको लेनमा सवारी साधन चलाउनुपर्छ ।
7. थकित भएको बेलामा सवारी साधन नचलाउनुहोस् । अन्तरराज्यीय सडकहरूमा दुर्घटनाहरूको मुख्य कारण भनेको थकित भएको बेलामा सवारी साधन चलाउनु हो । यदि तपाईं थकित हुनुहुन्छ भने तपाईंले सकेसम्म चाँडो सुरक्षित क्षेत्रमा रोकेर आराम गर्नु महत्त्वपूर्ण हुन्छ ।
8. बरफ र हिउँले ढाकिएको अन्तरराज्यीय सडक र तिनका र्‍याम्पहरू धेरै खतरनाक हुन सक्छन् । बिस्तारै गति कम गर्न र सावधानीपूर्वक चलाउन याद राख्नुहोस् । साथै, पुल र ओभरपासहरू मुख्य सडकभन्दा बढी चिप्लो हुन सक्छन् ।
9. यदि तपाईंले आफ्नो बाहिरिने र्‍याम्प छुटाउनुभयो भने सवारी साधन रोकेर कहिले पनि ब्याक नआउनुहोस् र कहिले पनि आपत्कालीन टर्नअराउन्ड प्रयोग नगर्नुहोस् । यी क्रसओभरहरू आपत्कालीन अवस्था र सवारी साधनहरूको मर्मतसम्भारका लागि मात्र हुन् । अर्को बाहिरिने बाटोबाट जानुहोस् ।
10. पानी, कुहिरो, हिउँ, बरफ आदि जस्ता अवस्थाहरूमा क्रुज नियन्त्रण प्रयोग नगर्नुहोस् ।
11. तपाईं सडकको छेउमा झिपझिप बत्ति बालेको कुनै पनि कानून प्रवर्तन, आपत्कालीन वा मर्मत भइरहेको सवारी साधनको नजिक पुग्नुभएको छ भने सवारी साधनको गति कम गर्नुहोस् । कानूनमा तपाईं सावधानीका साथ अगाडि बढ्नुपर्छ र सुरक्षित हुने बित्तिकै आपत्कालीन सवारी साधन आएको लेनबाट अर्को लेनमा जानुपर्छ भनेर उल्लेख गरिएको छ । यदि तपाईंले लेन परिवर्तन गर्न सक्नुभएन भने तपाईंले रोकिएका सवारीहरूको छेउबाट जानका लागि आफ्नो गतिलाई प्रति घण्टा 20 माइलभन्दा कमको गतिमा झार्नुपर्छ ।

विभाजित राजमार्गमा सवारी साधन चलाउँदा तपाईंको दायाँपट्टिको राजमार्गको छेउमा पहेँलो रङ लगाइएका छ भने यसले के सङ्केत गर्छ ? तपाईं विभाजित राजमार्ग वा अन्तरराज्यीय सडकमा गलत बाटोमा जाँदै हुनुहुन्छ । विभाजित राजमार्गमा तपाईंको दायाँपट्टिको रेखा सेतो हुनुपर्छ ।




**<u>पासिङ (उछिनेर अगाडि जाने)</u>**

पछाडिबाट अर्को सवारी साधन वा साइकलतर्फ बढ्दा र तपाईं उछिनेर अगाडि जान चाहनुहुन्छ भने तपाईंसँग सुरक्षित रूपमा उछिनेर जानका लागि पर्याप्त दूरी छ भन्ने कुरा सुनिश्चित गर्नुहोस् । अरू चालकहरूलाई तपाईं उछिनेर जाँदै हुनुहुन्छ भनेर थाहा दिन बायाँतिर सङ्केत गर्नुहोस्, तपाईंको सवारी साधन उछिनेर अगाडि बढिरहेको छ कि छैन हेर्न पछाडि हेर्नुहोस् (ब्लाइन्ड स्पट हेर्न पछाडि हेर्ने ऐनाहरूमा र आफ्नो बायाँ काँधतिरबाट हेर्नुहोस्), लेनहरू परिवर्तन गरेर सवारी साधनलै बायाँतिर उछिनेर अगाडि लैजानुहोस् । रातको समयमा तपाईं उछिनेर अगाडि जान चाहनुहुन्छ भनेर तपाईंको अगाडि रहेका चालकलाई सचेत गराउनका लागि तपाईंले आफ्ना हेडलाइटहरूलाई लो बिमदेखि हाइ बिमदेखि लो बिमसम्म झिमिकझिमिक बाल्न आवश्यक पर्न सक्छ ।

यदि तपाईं ट्रेलरलाई टोइङ गर्दै उछिनेर अगाडि जाँदै हुनुहुन्छ भने तपाईं आफ्नो यात्राको लेनमा फर्किनुअघि तपाईंले उछिनेको सवारी साधन वा साइकल उछिनेर पछाडि नै छन् भनेर विशेष रूपमा सावधान रहनुहोस् ।

फराकिलो लोडलाई टोइङ गर्दा वा सामान्यभन्दा फराकिलो सवारी साधन चलाउँदा तपाईंले अन्य सवारी चालक वा साइकल चालकलाई उछिनेर अगाडि बढ्नुपर्ने छ भने विशेष रूपमा सावधान रहनुहोस् ।

सवारी साधन र साइकलहरूलाई बायाँतिरबाट उछिनेर अगाडि जानुहोस् । तपाईंको सवारी साधन र तपाईंले उछिनेर अगाडि जान लाग्नुभएको अर्को सवारी साधन वा साइकलको बिचमा कम्तीमा पनि चार फिटको दूरी छोड्नुहोस् । तपाईं आफ्नो सवारीभित्रको पछाडि हेर्ने ऐनामा सवारी साधन वा साइकल चालकको अगाडिको सम्पूर्ण भाग देख्न सक्ने हुनका लागि तपाईं उछिनेर अगाडि जाँदै गरेको सवारी साधन वा साइकलभन्दा धेरै टाढा जानुपर्छ । आफ्नो दायाँतिरको सङ्केत प्रयोग गर्नुहोस्, आफ्नो काँधतिरबाट दायाँतिरको ब्लाइन्ड स्पट जाँच गर्नुहोस् र सडकको दायाँ छेउतिर फर्कनुहोस् । तपाईंलाई अर्को सवारीसाधनले उछिनेर अगाडि जाँदै गरेको तपाईंले सवारी साधनलाई दायाँतिर राख्दै गति थोरै कम गर्नुपर्छ । यसो गरिँदा अर्को चालकले अझ सुरक्षितसाथ तपाईंलाई उछिनेर अगाडि जान पाउँछन् ।

धेरैवटा लेन भएको सडकमा चालकले अर्को सवारी साधनको दायाँतिरबाट उछिनेर अगाडि जान सक्छन् । धेरैवटा लेन नभएका सडकहरूमा सुरक्षितसाथ जाने ठाउँ छ भने चालकले सवारी साधनलाई बायाँतिर मोड्दै गरेको वा मोड्न लागेको सवारी साधन वा साइकलको दायाँतिरबाट उछिनेर अगाडि लैजान सक्छन् । कुनै पनि अवस्थामा सडकको पैदल मार्ग वा यात्रा गर्ने मुख्य भागबाट सवारी साधनलाई उछिनेर अगाडि लैजान पाइँदैन ।




## यी स्थानहरूमा उछिनेर अगाडि नजानुहोस्

- पहाडहरूमा
- घुम्तीहरूमा
- रेल मार्गहरूमा
- चौराहाहरूमा
- तपाईंले "changed path ahead (अगाडि बाटो परिवर्तन भएको)” भन्ने लेखेको देख्नुभएको ठाँउमा

# खराबसँग सवारी साधन चलाउने

अधिकांश चालकहरूले खराब शब्द सुन्ना साथ मदिराकै बारेमा मात्र सोच्छन् तर मदिरा पिउँदा मात्रै चालकले खराबसँग सवारी साधन चलाउन सक्छन् भन्ने हुँदैन । लागूपदार्थसहित प्रेस्क्रिप्सन तथा ओभर द काउन्टर (आफैँ किन्न पाइने) औषधिहरूले पनि तपाईंको सुरक्षित रूपमा सवारी साधन चलाउने तपाईंको क्षमतालाई गम्भीर रूपमा असर गर्न सक्छन् । निद्रा आउँदै गर्दा पनि सवारी साधन चलाउँदा त्यसले तपाईंको सवारी साधन चलाउने क्षमतामा पनि असर गर्न सक्छ र यो धेरै खतरनाक हुन सक्छ ।

**<u>मदिरा तथा अन्य लागूपदार्थहरू</u>**

मादिरा सेवन गर्ने चालक घातक ट्राफिक दुर्घटनाहरूको पहिलो कारण हो । औसतमा प्रत्येक 40 मिनेटमा मादिरा सेवन गर्ने चालकले कसैको ज्यान लिने गरेको छन् ।

मदिरा वा अन्य लागूपदार्थ सेवन गरी सवारी चलाउनु कानूनविरुद्ध हुन्छ । मादिरा वा अन्य लागूपदार्थ सेवन गर्ने चालकको आफू वा सवारी साधनमाथि राम्रोसँग नियन्त्रण हुँदैन र सो चालक आफ्नै जीवन र अरूहरूको जीवनका लागि खतरापूर्ण हुन्छन् । भर्मोन्ट कानूनमा व्यक्तिको रगतमा मदिराको सघनता (Blood Alcohol Concentration, BAC) .08 वा सोभन्दा बढीको हुन्छ भने उसलाई मदिराको "प्रभावमा रहेको" वा "अशक्त भएको" मानिन्छ । रगतमा मदिराको सघनता स्तर .08 भन्दा कम भएको व्यक्ति अशक्त हुन्छ भन्ने कुरा पनि याद राख्नु महत्त्वपूर्ण हुन्छ । एक पेग मदिराले पनि तपाईंको निर्णय वा सोचाइलाई खराब बनाइदिन्छ ।

मदिराको सघनता स्तर .02 वा सोभन्दा बढी भएर सवारी साधन चलाउने 21 वर्ष मुनिका मानिसहरूले देवानी ट्राफिक उल्लङ्घन गरेको मान्न सकिन्छ । ड्राइभर लाइसेन्स निलम्बन गरिनेछ र चालकले आफ्नै खर्चमा मदिरा तथा सवारी साधन चलाउने शिक्षा कार्यक्रम अनिवार्य रूपमा पूरा गर्नुपर्छ ।

**<u>मदिराले तपाईंको सवारी चलाउने सीपहरूमा के गर्छ ?</u>**

मदिरा एक लागूपदार्थ हो; यसले तपाईंको सवारी साधन चलाउने कार्यमा असर गर्न सक्छ र असर गर्नेछ । मदिरा सेवन गरिसकेपछि तपाईंले गर्नुहुने निर्णयहरू त्रुटिपूर्ण हुन सक्छन् । मदिराले तपाईंलाई खुशी बनाउने जस्तो देखिन्छ; तर त्यसो हुँदैन । यसले तपाईंको सोचविचार गर्ने प्रक्रियामा असर गर्छ । मदिरा, वास्तवमा, एउटा अवसादक हो; यसले तपाईंलाई निम्न तरिकाहरूमा असर गर्नेछ:

- **निर्णय**- तपाईंले त्यस उप्रान्त सवारी साधन चलाउने बारेमा राम्रोसँग निर्णयहरू लिन सक्नुहुन्न । तपाईंलाई आफू ठिक भएको लाग्न सक्छ तर तपाईंलाई आफूले लिइरहनुभएको जोखिमबारे थाहा हुँदैन ।
- **दृष्टि** - तपाईंको समग्र दृष्टि एकदमै कम भएको हुन सक्छ ।
- **एकाग्रता** - तपाईंको मस्तिष्क यताउता घुम्छ र तपाईं एकाग्र हुन सक्नुहुन्न ।
- **बुझाइ** - आफ्नो वरिपरि के भइरहेको छ भन्नेबारे तपाईंको बुझाइको स्तरमा नकारात्मक असर पर्नेछ । आफूले के गरिरहको छु भन्ने बारेमा तपाईंलाई थाहा नहुन सक्छ ।
- **भावनाहरू (इन्द्रियहरू)** - तपाईंका भावनाहरू दबिन्छन्; तपाईंलाई गति महसुस नहुने भएकाले तपाईंले गति बढाउन सक्ने कुरा तपाईंलाई थाहा हुने छैन ।
- **प्रतिक्रिया समय** - मदिराले गर्दा प्रतिक्रिया जनाउन र खुट्टालाई ग्यास पेडलबाट ब्रेकमा सार्न धेरै समय लाग्नेछ । यस गति घट्ने प्रतिक्रिया समय नै सुरक्षित रुपमा आइपुग्ने वा आउँदै नआउने बिचको भिन्नता हुन सक्छ ।

मदिराको प्रभाव कम गर्ने एक मात्र उपाय भनेको समय हो । कफी पिएर, चिसो पानीले नुहाएर वा वरपर दौडेर यसले मानिसमा मदिराको असर कम गराउँदैन । मदिरा र यसका असरहरू तपाईंको शरीरबाट बाहिर पठाउन प्रति पेय कम्तीमा पनि एक घण्टा लाग्छ । यसको अर्थ तपाईं सुरक्षितसाथ सवारी साधन चलाउन सक्ने हुनका लागि मदिराको प्रभाव कम गर्न धेरै घण्टा पर्खनुपर्ने हुन सक्छ ।

**<u>अन्य लागूपदार्थहरू</u>**

अन्य लागूपदार्थ वा लागूऔषध (प्रेस्क्रिप्सन तथा ओभर द काउन्टरबाट लिएकोसमेत) खाएपछि सवारी साधन चलाउनु मदिरा जत्तिकै घातक हुन सक्छ र केही मानिसका लागि यो अझ बढी घातक हुन सक्छ । लागूपदार्थले तपाईंलाई निद्रा लाग्ने गराउन सक्छ र तपाईंलाई सोच्न वा राम्रोसँग कार्य गर्नबाट रोक्न सक्छ । सवारी साधन चलाउँदै गर्दा लागूपदार्थले सोच्न वा राम्रोसँग कार्य गर्नबाट रोक्यो भने यसले राजमार्गमा मृत्युको मुखमा पुऱ्याउँछ । फेरि भन्नुपर्दा, कुनै पनि लागूपदार्थको प्रभाव कम गर्ने एक मात्र तरिका समय हो ।

यदि तपाईं DUI को दोषी ठहरिनुभयो वा लागूपदार्थ सेवन गरेर सवारी चलाउनुभयो भने तपाईंको लाइसेन्स निलम्बन गरिनेछ । तपाईंले ठूलो जरिवाना, वकिलको शुल्क, मदिरासम्बन्धी शिक्षा कक्षाका लागि शुल्क तिर्नुपर्छ, तपाईं जेल जान सक्नुहुन्छ र तपाईंको बीमा बढ्नेछ ।

भर्मोन्ट मा "निहित सहमति" कानून छ - यसको अर्थ व्यक्तिले लाइसेन्स प्राप्त गरिसकेपछि उक्त व्यक्तिले व्यक्तिको शरीरमा मदिरा वा अन्य लागूपदार्थको मात्रा कति छ भनेर जाँच्न लगाउँदा "हुन्छ" भनेर सहमती जनाउँछन् । प्रहरी अधिकारीलाई चालकले मदिरा वा अन्य लागूपदार्थ सेवन गरेर मातिएको भन्ने लागेको खण्डमा उहाँले चालकलाई जाँच गर्न लगाउन सक्नुहुन्छ । चालकले जाँच गर्न अस्वीकार गरेको खण्डमा उनले कम्तीमा पनि छ (6) महिनाका लागि आफ्नो ड्राइभर लाइसेन्स गुमाउनेछन् ।

**ध्यान दिनुपर्ने कुरा:** भर्मोन्टमा प्रशासनिक निलम्बन प्रक्रिया छ जसको अर्थ तपाईंले फौजदारी DUI सजाय भोग्नुअघि नै देवानी प्रक्रियामार्फत आफ्नो लाइसेन्स गुमाउन सक्नुहुन्छ ।

## मदिरा पिउनुअघि सोच्नुहोस् !

यदि तपाईं मदिरा पिउन जाँदै हुनुहुन्छ भने मदिरा पिउन सुरु गर्नुअघि योजना बनाउनुहोस्

- तोकिएको चालक प्रयोग गर्नुहोस् र चालकले मदिरा पिउँदैनन् भनेर सुनिश्चित गर्नुहोस् । तोकिएको चालकले अन्य लागूपदार्थ नपिउन वा प्रयोग नगर्न सहमत छन् र उनी अन्य व्यक्तिहरूलाई सुरक्षितसाथ घर पुऱ्याउनका लागि जिम्मेवार छन् ।
- सुरक्षितसाथ सवारी साधन चलाएर घरसम्म पुऱ्याउने व्यवस्था मिलाउनका लागि अभिभावक वा अन्य जिम्मेवार व्यक्तिलाई फोन गर्नुहोस् ।

- तपाईं जहाँ हुनुहुन्छ त्यहाँ रातभर बस्न सुरक्षित छ भने रातभर त्यहीँ बस्ने व्यवस्था मिलाउनुहोस् ।
- आफ्ना साथीहरूले भनेका कुरा मान्नुहोस् । यदि तपाईंका साथीहरूले तपाईंलाई सवारी साधन नचलाउन सतर्क बनाएका छन् भने उनीहरूको चिन्तालाई गम्भीरताका साथ लिनुहोस् ।
- तपाईंले मदिरा सेवन गर्न सुरु गर्नुअघि मदिरा सेवन नगर्ने र तपाईं मदिरा सेवन गरेपछि सवारी चलाउन नदिने साथीलाई आफ्नो सवारी साधनको चाबी दिनुहोस् ।

मदिराको प्रभाव कम गर्ने एक मात्र उपाय भनेको समय हो । मदिरा र यसका असरहरू तपाईंको शरीरबाट बाहिर पठाउन प्रति पेय कम्तीमा पनि एक घण्टा लाग्छ । यसको अर्थ तपाईं सुरक्षितसाथ सवारी साधन चलाउन सक्ने हुनका लागि मदिराको प्रभाव कम गर्न धेरै घण्टा पर्खनुपर्ने हुन सक्छ । कफी पिएर, नुहाएर, व्यायाम गरेर तपाईंको BAC वा मदिराका असरहरू कम हुन सक्दैनन् ।




भर्मोन्ट इमर्जेन्सी नर्सेज एसोसिएसन (Emergency Nurses Association, ENCARE) ले मदिरासम्बन्धी घातक दुर्घटनास्थलहरूमा चिन्हहरू राख्ने कार्यको प्रयोजन गर्छ । यदि तपाईंले यीमध्ये कुनै चिन्ह देख्नुभयो भने यसको अर्थ मदिरा सेवन गरेको सवारी चालकका कारण उक्त स्थानमा कुनै व्यक्तिको मृत्यु भएको थियो भन्ने हुन्छ ।

यदि तपाईं आफ्नो मदिरा सेवन गर्ने बानीप्रति चिन्तित हुनुहुन्छ भने VT Helplink लाई सम्पर्क गर्नुहोस् । VT Helplink भनेको निःशुल्क तथा गोप्य मदिरा तथा लागूपदार्थ सहायता र रिफरल सेवा हो जसलाई भर्मोन्ट स्वास्थ्य विभागद्वारा उपलब्ध गराइन्छ । हेरचाह गर्ने, प्रशिक्षित विशेषज्ञले तपाईं वा तपाईंको प्रियजनलाई निको बनाउनका लागि कदम चाल्नमा मद्दत गर्नुहुनेछ ।

VTHelplink.org मा जानुहोस् वा 802-565-LINK (वा टोल-फ्रि 833-565-LINK) मा फोन गर्नुहोस्

**<u>निद्रा लाग्दै गर्दा सवारी साधन चलाउने</u>**

प्रत्येक वर्ष सवारी साधन चलाउँदै गर्दा चालक निदाएको कारण धेरै दुर्घटनाहरू भएका छन् । यसको फलस्वरूप अर्को सवारी साधन, रूख वा सडकको छेउमा रहेका अन्य वस्तुसँग ठोक्किने हुन सक्छ । निद्रा लागेका चालकहरूले मदिरा सेवन गरेको जस्तो देख्न सकिने गरी खराब तरिकाले सवारी साधन चलाउन सक्छन् ।

निद्रा लाग्दै गर्दा सवारी साधन चलाउनेका केही लक्षणहरू निम्न हुन्:

- ध्यान केन्द्रित गर्न वा आँखा खुला राख्नमा समस्या हुने
- बारम्बार हाई आइरहने
- तपाईंले सवारी साधन चलाएको पछिल्ला केही माइलहरू याद नहुने
- यात्रा लेनबाट बाहिर निस्कने
- ट्राफिक चिन्हहरू छुटाउने

सवारी साधन चलाउँदा निदाउने सबैभन्दा बढी जोखिममा भएका व्यक्तिहरू भनेका निन्द्रा नपुऱ्याइकन सवारी साधन चलाउने व्यक्तिहरू हुन् । यस्ता व्यक्तिहरूमा प्रायः युवा, शिफ्टमा काम गर्ने कामदार र धेरै लामो समयसम्म काम गर्ने मानिसहरू पर्छन् । यसमा आफूमा निद्राको विकार भएको थाहा हुन सक्ने वा थाहा नहुन सक्ने मानिसहरू पनि पर्दछन् । चालकहरूलाई आफू थाकेको कुरा थाहा हुन सक्छ तर उनीहरू आफू जागा रहन सक्ने कुरामा बढी विश्वास गर्छन् । दुर्भाग्यवश, जागा रहनुको सट्टा उनीहरू निदाउन सक्छन् र दुर्घटनामा पर्न सक्छन् ।

निद्रा लाग्दा सवारी नचलाउनुहोस् । यदि तपाईंलाई सवारी साधन चलाउँदै गर्दा निन्द्रा लाग्यो भने सवारी साधन रोकेर राख्नका लागि सुरक्षित ठाउँ खोज्नुहोस् । आफ्नो झ्याल खोल्नुभयो र आफ्नो रेडियो बजाउनुभयो भने पनि तपाईं जागा हुनुहुने छैन । वास्तवमा, तपाईं जागा रहने तरिका खोज्ने प्रयास गरेको बेला नै त्यो तपाईंले रोकेर आराम गर्नुपर्ने भनेर जनाउ दिने निश्चित सङ्केत हुनुपर्छ ।

## ध्यान भङ्ग भएर सवारी साधन चलाउने

अध्ययनहरूले देखाएअनुसार तपाईंको ध्यान सवारी साधन चलाउनेबाट हटाउने कुनै पनि कुराको नतिजाका रूपमा दुर्घटना हुन सक्छ ।

जुनसुकै कुराले ध्यान भङ्ग हुने भए तापनि ध्यान भङ्ग हुने चालकहरूले समान आधारभूत प्रकारको व्यवहार देखाउँछन् । ध्यान भङ्ग गराउने कुराहरूले चालकहरूलाई ट्राफिक अवस्था वा घटनाहरूमा अझ ढिलो प्रतिक्रिया दिने गराउँछन्, जस्तै बायाँ मोड लिनका लागि सवारी साधन रोक्ने वा छेउको सडकबाट बाहिर निस्किने ।

ध्यान भङ्ग हुने चालकहरू प्रायः पैदल यात्री, साइकल चालक वा सडकमा भग्नावशेषहरू जस्ता सम्भावित खतराहरूलाई चिन्न असफल हुने गर्छन् । ध्यान भङ्ग हुने चालकहरूले आफ्नो "सुरक्षाको मार्जिन" पनि घटाउँछन् र यसले गर्दा उनीहरूले लिनै नपर्न सक्ने जोखिमहरू लिने गराउँछ, जस्तै कि आफूतिर आइरहेका सवारी साधनको अगाडि बायाँ घुम्ने । भर्मोन्टमा पैदल यात्री तथा साइकल र सवारी साधन संलग्न हुने दुर्घटनाहरूमा ध्यान केन्द्रित नगर्नु र पहिला जान नदिनु नै चालकका दुर्घटनाहरूमा योगदान दिने सबैभन्दा सामान्य कार्यहरू हुन् ।

## ध्यान भङ्ग गराउने कुराहरूको सामना गर्ने

- सहज पहुँचका लागि आफ्नो मनपर्ने रेडियो स्टेसनहरूमा कार्यक्रमलाई पहिले सेट गरेर राख्नुहोस र तपाईंको सवारी साधनबाट साइरन, हर्न बजाएको वा ट्रेनको सिट्ठी जस्ता बाहिरका चिजहरूका आवाजहरू सुन्न सकियोस् भन्नका लागि आफ्नो स्टेरियोको आवाज थोरै कम राख्नुहोस् ।
- नक्सा वा नेभिगेसन प्रणालीमा झुक्किनुको सट्टा "सह-पाइलट" का रूपमा काम गर्न अगाडिको सिटका यात्रीलाई तोक्नुहोस् । यदि तपाईं एक्लै सवारी साधन चलाउँदै हुनुहुन्छ भने पहिले नै गन्तव्यहरू कहाँ-खान भनेर नक्सामा हेरेर बस्नुहोस् ।
- सवारी साधन चलाउँदा खाने तथा पिउने नगर्नुहोस् । सबै खानेकुराहरू राम्रोसँग बन्द गरेर राखिएका छन् र पेय पदार्थहरू कप होल्डरहरूमा राम्रोसँग बसेका छन् भनेर सुनिश्चित गर्नुहोस् ।
- सवारी साधनमा बालबालिका चलेर ध्यान भङ्ग हुने कुरालाई हल्कामा नलिनुहोस् । बालबालिकालाई सवारी साधनमा बस्दा राम्रो व्यवहारको महत्त्वका बारेमा सिकाउनुहोस् ।
- सवारी साधन चलाउँदा तपाईं कुनै कुरा धेरै नै सोचिराख्नुभएको छ भने विश्राम लिनुहोस् ।
- सवारी साधन चलाउनमा ध्यान केन्द्रित गर्न र तपाईंको सवारी साधनभित्र तथा बाहिर भएका मानिस वा वस्तुहरूबाट ध्यान भङ्ग हुनबाट जोगिने कुरा याद राख्नुहोस् ।
- कपाल, दाह्री-जुँगा मिलाउने जस्ता व्यक्तिगत कार्यहरू सवारी साधनमा नभइ घरमै गर्नुहोस् ।
- पाल्तु जनावरहरूले ध्यान भङ्ग गराउन सक्छन् र तिनीहरूलाई आफ्नो काखमा राख्ने वा खुला छोड्ने जस्ता काम नगरेर क्यारीअर अर्थात् बोक्ने भाँडोमा राख्नुपर्छ ।
- धुम्रपान गर्दा तपाईंको ध्यान भङ्ग हुन्छ । सवारी साधन चलाउँदा धुम्रपान नगर्नुहोस् ।

## भावनाहरूको सामना गर्ने

भावनाहरूले सुरक्षित रूपमा सवारी साधन चलाउने कुरामा असर पार्न सक्छन् । यदि तपाईं धेरै चिन्तित, उत्साहित, डराएको, क्रोधित वा निराश हुनुहुन्छ भने तपाईंले राम्रोसँग सवारी साधन चलाउन सक्नुहुन्न ।

आफूलाई धैर्य तथा शान्त हुन समय दिनुहोस् । यसो गर्नका लागि हिँड्नु राम्रो तरिका हो ।

पहिले नै योजना बनाउनुहोस् । आफ्नो यात्राका लागि आफूलाई केही अतिरिक्त समय दिनुहोस् । केही मिनेट छिटो निस्कनुहोस् । यदि तपाईंसँग प्रयाप्त समय छ भने तपाईंले छिटो सवारी चलाउने वा कानूनहरू तोड्ने वा दुर्घटना हुने सम्भावना कम हुन्छ ।

## सेल फोन तथा अन्य विद्युतीय उपकरणहरू

- सवारी साधन चलाउँदा सवारी चालकले सन्देश पढ्नु वा पठाउनु कानून विपरीत हुन्छ ।
- भर्मोन्टको सार्वजनिक राजमार्गमा सवारी साधन चलाउँदाका साथसाथै रोकिरहेको सवारी साधनमा पनि सवारी चालकहरूले पोर्टेबल इलेक्ट्रोनिक डिभाइस (बोक्न मिल्ने विद्युतीय उपकरण) प्रयोग गर्नु कानूनको विरुद्ध हुन्छ ।
- यस कानूनको उल्लङ्घन गर्ने व्यक्तिलाई पहिलो उल्लङ्घनका लागि $100.00 भन्दा कम नहुने तथा $200.00 भन्दा बढी नहुने जरिवाना लगाइनेछ र दोस्रो वा त्यसपछिको उल्लङ्घनका लागि $250.00 भन्दा कम नहुने र $500.00 भन्दा बढी नहुने जरिवाना लगाइनेछ ।
- निर्माण, मर्मतसम्भार वा उपयोगिता कर्मचारीहरू उपस्थित भएका ठिकसँग तोकिएको कार्य क्षेत्रभित्र सञ्चालन गर्दा यस खण्डलाई उल्लङ्घन गरेको भनेर दोषी ठहर भएको व्यक्तिलाई पहिलो दोषका लागि उनको ड्राइभिङ रेकर्डमा दुई पोइन्ट थपिनेछ र दोस्रो वा त्यसपछिको दोषका लागि पाँच पोइन्ट थपिनेछ ।
- सवारी साधन चलाउँद तपाईंको पूर्ण ध्यान आवश्यक पर्छ भन्ने कुरा बुझ्नुहोस् ।
- यदि फोन गर्न आवश्यक छ भने सवारी साधनमा रहेका यात्रीलाई फोन गर्न लगाउनुहोस् वा फोन गर्नका लागि सवारी साधनलाई सुरक्षित स्थानमा रोक्नुहोस् ।

- आफ्नो सेल फोनमा आएको फोनको जवाफ नदिनुहोस् । कलरलाई सन्देश छोड्न दिनुहोस् र सुरक्षित स्थानमा रोकिएपछि कलको जवाफ दिनुहोस् ।
- आफ्नो फोनलाई सवारी साधनमा सुरक्षित राख्नुहोस् ताकि दुर्घटना भएको खण्डमा त्यो उडेर आफैँलाई नलागोस् ।

## सडक (सीपहरू) परीक्षा

तपाईंले लाइसेन्सका लागि सडक परीक्षा दिँदा परीक्षकले तपाईं सुरक्षित रूपमा, शिष्टताका साथ र सही तरिकाले सवारी साधन चलाउन सक्नुहुन्छ वा सक्नुहुन्न भनेर जाँच गर्नुहुनेछ । तपाईंले अनिवार्य रूपमा आफूले सडकका नियमहरू बुझ्नुहुन्छ र तिनीहरूलाई पालना गर्न सक्नुहुन्छ भनेर पनि देखाउनुपर्छ ।

### उकालोमा रोक्ने र सुरु गर्ने

तपाईंले आफ्नो सडक परीक्षा दिँदा परीक्षकले तपाईंलाई उकालोमा रोकेर पुनः सुरु गर्न लगाउनुहुनेछ । तपाईंलाई सडकको दायाँ छेउमा सवारी साधन चलाउन, रोक्न र त्यसपछि तपाईंको पार्किङ/इमर्जेन्सी ब्रेक सेट गर्न र न्युट्रलमा सिफ्ट गर्न निर्देशन दिइनेछ । तपाईंले के गरिरहनुभएको छ भनी अरूलाई जानकारी गराउन दायाँतिर सङ्केत दिनुहुन्छ भनेर सुनिश्चित हुनुहोस् । पार्किङ/इमर्जेन्सी ब्रेकले सवारी साधनलाई पछाडि ओरालो झर्नबाट रोक्नैपर्छ ।

उकालोमा सवारी साधन चलाउनुअघि सवारी साधनलाई गियरमा राख्नुहोस् । बायाँतिर सङ्केत गर्नुहोस् । अगाडितिर सवारी साधनहरू आइरहेका छैनन् भनेर सुनिश्चित गर्नका लागि आफ्नो ऐनाहरू र बायाँतिरको ब्लाइन्ड स्पटको जाँच गर्नुहोस् । तपाईंले सवारी साधन अगाडि बढ्न चाहेको महसुस नगरेसम्म बिस्तारै एक्सिलिरेट बढाउनुहोस् र त्यसपछि पछाडि ओरालो झर्नबाट रोक्नका लागि पार्किङ ब्रेक छोड्नुहोस्, र सवारी साधन चलाएर अगाडि बढ्नुभन्दा पहिले एकपटक पुनः आफ्नो बायाँ काँधतिरबाट हेर्नुहोस् । तपाईंले पछाडितिर ओरालो नझरिकन माथि उकालोमा सवारी साधन चलाउन सक्नुपर्छ ।

**ध्यान दिनुपर्ने कुरा:** तपाईं रोक्ने चिन्ह, ट्राफिक लाइट वा सडकमा कुकुर दौडिनेजस्ता आपत्कालिन अवस्थाका लागि ओकालोमा रोकिनुपर्ने हुन सक्छ । उकालोमा अगाडि बढ्दै गर्दा पछाडितिर ओरालो झर्नबाट रोक्नका लागि सवारी चालकले निम्नमध्ये कुनै पनि तकनिक प्रयोग गर्न सक्छन्:


- तुरुन्तै आफ्नो खुट्टालाई ब्रेकबाट ग्यासमा सार्नुहोस् ।
- आफ्नो पार्किङ/इमर्जेन्सी ब्रेकलाई सेट गर्नुहोस् । आफ्नो दायाँ खुट्टालाई ग्यासमा सार्नुहोस् । उकालोमा माथितिर जारी राख्नका लागि ग्यासलाई हल्कासँग थिच्दै र पार्किङ/इमर्जेन्सी ब्रेकलाई सावधानीपूर्वक छोड्नुहोस् ।

**ध्यान दिनुपर्ने कुरा:** ओरालोमा सवारी साधन चलाउँदा तपाईंले क्लचलाई भुइँतिर झारेर वा गियरसिफ्टलाई न्युट्रलमा राखेर ओरालो झर्नुहुँदैन ।

### वरिपरि मोड्ने

तपाईंले आफ्नो सवारी साधन चलाउने परिक्षा दिँदा तपाईंले साइड स्ट्रिट प्रयोग गरेर वरिपरि मोड्ने निम्न प्रक्रिया देखाउन आवश्यक पर्नेछ ।

1. परीक्षकले निर्देशन दिएअनुसार तपाईं आफ्नो दायाँतिरबाट साइड स्ट्रिटमा पुग्नुहुँदा गतिलाई कम गर्नुहोस् र सबै दिशाहरूमा सवारी साधनहरू आउजाउ गरिरहेका छन् कि भनेर हेर्नुहोस् । आफ्नो दिशा जनाउने लाइट बाल्नुहोस् जसकारण अन्य चालकहरूले तपाईंले के गर्दै हुनुहुन्छ भनेर थाहा पाउनेछन् ।
   स्ट्रिट पार गर्नेसम्म सवारी साधन चलाउनुहोस् र सडकको कर्ब वा किनाराबाट लगभग 18 इन्च टाढा रोक्नुहोस् । रिभर्समा सिफ्ट हुनुहोस् । ब्याक गर्नुअघि सबै दिशाहरूमा आउजाउ गरिरहेका सवारी साधनहरूको जाँच गर्नुहोस् । आफ्नो ब्लाइन्ड स्पटहरू जाँच गर्न सुनिश्चित गर्नुहोस् ।




2. साइडको स्ट्रिट खाली भएको बेला विस्तारै ब्याक गर्दै आउनुहोस् । तपाईं स्ट्रिटको आफ्नै साइडमा रहनुहुन्छ भनेर सावधान रहनुहोस्। ब्याक गर्दा प्रायः रियर विन्डोमार्फत हेर्नुहोस् । तपाईंको सवारी साधन कुनै पनि क्रसवाक वा स्टप लाइनहरू बाहिर साइड स्ट्रिटमा पुगेपछि ब्याक गर्न रोक्नुहोस् ।

3. तपाईं स्ट्रिटबाट फर्कनुअघि बायाँ सङ्केत गरेर ड्राइभमा सिफ्ट गर्नुहोस् । कुनै सवारी साधन नआएको बेला पूरै एक चक्कर लगाउनका लागि बायाँतिर सही तरिकामा मोड्नुहोस् ।

सँधै आफ्नो पछाडि फर्केर हेर्नुहोस् र सवारी साधनलाई बिस्तारै पछाडि फर्काउनुहोस् । चौराहामा कहिले पनि घुमाएर ब्याक नगर्नुहोस् । याद राख्नुहोस् कि तपाईंले आफ्नो सवारी साधन ब्याक गर्नुभएको बेला सबै दिशाहरूमा आउजाउ गरिरहेका सवारी साधनहरूमा ध्यान दिनुपर्ने जिम्मेवारी तपाईंको हुन्छ !

**ध्यान दिनुपर्ने कुरा:** तपाईंको सवारी साधन घुमाउनका लागि अन्य धेरै विकल्पहरू छन्। तपाईंले गर्ने छनौट ट्राफिक अवस्थाहरूमा निर्भर गर्दछ र यो कानूनी छ वा छैन। ब्लकमा वरपर जानु वा पार्किङ लट प्रयोग गर्नु सबैभन्दा सुरक्षित विकल्प हो।


**समानान्तर पार्किङ**

तपाईंलाई आफ्नो सडक परीक्षाको बेका समानान्तर पार्किङ गरेर पनि देखाउनुपर्नेछ ।

**पार्किङ गर्ने ठाउँमा प्रवेश गर्ने**

पार्किङ गर्ने ठाउँमा पुग्दै गर्दा आफ्नो पछाडि हेर्ने ऐनामा जाँच गरेर दायाँतिरको सङ्केत दिनुहोस् । अगाडिको सवारी साधनभन्दा दुईदेखि तीन फिट टाढा रोक्नुहोस् । रिभर्समा सिफ्ट हुनुहोस् । ब्याक गर्नुअघि सबै दिशाहरूमा आउजाउ गरिरहेका सवारी साधन र पदैल यात्रीहरूको जाँच गर्नुहोस् । ब्लाइन्ड स्पटहरूको जाँच गर्न आफ्नो बायाँ काँधतिरबाट हेर्नुहोस् ।

तलका तस्वीरहरूलाई गाइडको रूपमा प्रयोग गर्दै आफ्नो सवारी साधनलाई बिस्तारै सावधानीपूर्वक पार्किङ गर्ने ठाउँमा लैजानुहोस् । यसलाई पूरा गर्नका लागि विभिन्न विधिहरू छन् । सबै विधिहरूमा पूर्ण रूपमा दायाँबाट पूर्ण रूपमा बायाँतिर स्टियरिङ घुमाउनुपर्ने र बिस्तारै ब्याक गर्दा पछाडिको झ्यालबाट हेर्नुपर्ने हुन्छ । पार्किङ गर्ने ठाउँमा सवारी साधनलाई बिचमा राख्न बिस्तारै अगाडितिर लैजानुहोस् ।




**पार्किङ गर्ने ठाउँबाट बाहिरिने**

आवश्यक परेमा सवारी साधनलाई पछाडि सारेर ट्राफिक लेनमा एकै चोटीमा प्रवेश गर्न मिल्ने पोजिसनमा राख्नुहोस् । बायाँतिर सिग्नल दिनुहोस्, कुनै पनि सवारी साधन, साइकल चालक तथा पैदल यात्रीहरू आउजाउ गरिरहेका छन् भनेर चारैतिर हेर्नुहोस् (पछाडि तथा छेउमा हेर्ने ऐनाहरूमा जाँच गर्नुहोस् र ब्लाइन्ड स्पटका लागि आफ्नो बायाँ काँधतिरबाट हेर्नुहोस्) । खाली भएको बेला सावधानीपूर्वक सवारी साधन चलाएर बाहिरिनुहोस् । बिस्तारै सडकमा प्रवेश गर्नुहोस् र आफ्नो साइडमा रहन सावधान रहनुहोस् ।

**ध्यान दिनुपर्ने कुरा:** सडक परीक्षामा तपाईले अगाडिको सवारी साधन मात्र उपलब्ध भएको समानान्तर पार्किङ गर्नुपर्ने हुन सक्छ । त्यसमा पनि समान प्रक्रियाहरू पालना गरिन्छ भनेर सुनिश्चित गर्नुहोस् ।

## दुर्घटनाहरू

चालकहरूले लिने खराब निर्णयहरूको कारण अधिकांश दुर्घटनाहरू हुने गर्छन् । केही उदाहरणहरू तल छन्:

1. सडकका अवस्थाहरूअनुसार धेरै गतिमा सवारी साधन चलाउनु ।
2. सवारी साधन चलाउने कार्यमा ध्यान नदिनु ।
3. आफूभन्दा अगाडिको सवारी साधनबाट कम दूरी राखेर सवारी साधन चलाउनु ।
4. सेन्टरलाइनहरूभन्दा टाढा सवारी साधन चलाउनु ।
5. पहिला जान पाउने सवारी साधन, यात्रीलाई पहिला जान नदिनु ।
6. मदिरा वा अन्य लागूपदार्थ सेवन गरेपछि सवारी साधन चलाउनु ।
7. असुरक्षित हुँदा हुँदै पनि सवारी साधनलाई उछिनेर अगाडि जानु ।
8. ऐना र ब्लाइन्ड स्पटहरूमा नहेर्नु ।

## दुर्घटना भएपछि के गर्ने

दुर्घटनामा संलग्न सवारी चालकलाई कानूनअनुसार रोक्न र उचित रूपमा आवश्यक पर्ने कुनै पनि सहयोग दिन आवश्यक गराइएको छ । प्रायः दुर्घटनाहरूमा संलग्न भएका व्यक्तिहरू भ्रमित र निराश हुने गर्छन्, त्यसैले दुर्घटना भइहालेको परिस्थितिहरूका लागि आफूलाई तयार पार्नुहोस् । दुर्घटनाको बेला चाल्नुपर्ने कदमहरूको समीक्षा गर्दा उपयोगी हुन्छ ।

1. यदि सम्भव भएमा संलग्न सवारी साधनहरूलाई गाडीहरू आउजाउ गर्ने यात्रा लेनहरूबाट हटाएर बाहिर पटरीमा सार्नुहोस् । यसले अरू कोही दुर्घटनामा परेका सवारी साधनहरूमा ठोक्किएर पुनः दुर्घटना भइ थप क्षति र चोटपटकको सम्भावनालाई कम गर्नेछ ।
2. यदि कोही घाइते भएमा 911 मा फोन गर्नुहोस् । घाइते व्यक्तिहरू जहाँ छन् त्यहीं नै छोड्नुहोस् । तपाईंले घाइते व्यक्तिलाई गलत तरिकाले सार्नुभएमा सो व्यक्तिलाई थप चोट लाग्न सक्छ । घाइते व्यक्तिलाई न्यानो र शान्त बनाएर राख्नुहोस् ।
3. 911 मा फोन गर्दा प्रहरी अधिकारीले त्यसको जवाफ दिनुहुनेछ र दुर्घटनास्थलको अवलोकन गर्नुहुनेछ । प्रहरी अधिकारी के भएको थियो भन्ने बारेमा तथ्यहरू प्राप्त गर्न सक्नुहुन्छ । प्रहरीले कुनै पनि सवारी चालकको पक्ष लिने छैनन् । तपाईंले प्रहरी अधिकारीलाई आफ्नो लाइसेन्स, वैध दर्ता र बीमाको प्रमाण देखाउनुपर्ने हुन्छ । तपाईंले पनि घाइते भएका वा सम्पत्तिमा क्षति पुगेका व्यक्तिलाई अनिवार्य रूपमा आफ्नो लाइसेन्स देखाउनुपर्छ ।




4. यदि तपाईंले पार्किङ गरेर राखिएको सवारी साधनलाई ठक्कर दिएर क्षति पुऱ्याउनु र सवारीधनी फेला पार्न सक्नुभएन भने तपाईंले अनिवार्य रूपमा आफ्नो नाम, ठेगाना र फोन नम्बर लेखेर राखिदिनुपर्छ वा उनको सवारी साधनमा छोड्नुपर्छ । यसले गर्दा सवारीधनीलाई कोसँग सम्पर्क गर्नुपर्छ भन्ने कुरा थाहा हुनेछ ।
5. यदि कुनै व्यक्ति घाइते भएका छन् वा क्षति $3,000 भन्दा बढीको छ भने तपाईंले अनिवार्य रूपमा 72 घण्टाभित्र सवारी व्यवस्थापन विभागमा लिखित रिपोर्ट दिनुपर्छ । दुर्घटनाका रिपोर्टहरूले राज्यलाई सडकहरूमा सुधार गर्नमा मद्दत गर्दछन् ।

## दुर्घटना रिपोर्टहरू

तपाईंले भर्मोन्ट क्र्यास रिपोर्ट कुनै पनि भर्मोन्ट प्रहरी विभागमा वा सवारी व्यवस्थापन विभाग, 120 स्टेट स्ट्रीट, मोन्टपेलियर, VT 05603 लाई सम्पर्क गरेर वा 802.828.2000 मा फोन गरेर वा अनलाइन वा DMV कार्यालयमा प्राप्त गर्न सक्नुहुन्छ । तपाईं दुर्घटनामा पर्नुभएको थियो भने तपाईले ध्यानपूर्वक टिपोट गर्नुपर्ने केही कुराहरू छन् ।

1. यो ठ्याक्कै कहाँ भयो ।

2. दुर्घटना सहरको चौराहमा भएको थियो भने सडकहरूको नाम वा दुर्घटना नजिकको घरको सङ्ख्या टिपोट गरेर राख्नुहोस ।
3. सहरभन्दा बाहिर स्थानहरू पहिचान गर्न धेरै गाह्रो हुन्छ तर उत्तिकै महत्त्वपूर्ण हुन्छन् ।
4. सबैभन्दा नजिकको सहरको नाम, रुट नम्बर वा तपाईं भएको सडकको नाम र सबैभन्दा नजिकको क्रसरोडको नाम र यो क्रसरोडबाट कति टाढा छ भनेर पत्ता लगाउनुहोस् । टेलिफोन पोल (यसमा नम्बर भएमा), पुलको अन्त्य, फार्म हाउस, रेलरोड क्रसिङ वा अन्तरराज्य सडकको सबैभन्दा नजिकको नम्बर जस्ता कुराहरूबाट यो कति टाढा छ भनेर टिपोट गर्नुहोस् ।
5. दुर्घटनास्थलको सही स्थान पत्ता लगाउनका लागि माइल मार्करहरू प्रयोग गर्न सकिन्छ । दुर्घटनाका बारेमा रिपोर्ट दिँदा प्रहरीलाई मद्दत गर्नका लागि यो जानकारी प्रयोग गर्नुहोस् ।
6. दुर्घटनाको समय ।
7. के-के क्षति भयो भनेर स्पष्ट खुलाउनुहोस् ।
8. दुर्घटनामा के-कस्ता चोटपटक लागेका थिए भनेर स्पष्ट खुलाउनुहोस् ।
9. अर्को चालकको नाम, ठेगाना, लाइसेन्स र दर्ता नम्बरहरू प्राप्त गर्नुहोस् । अर्को सवारी साधनमा भएका व्यक्तिहरूका साथसाथै दुर्घटना भएको देखेका सबै व्यक्तिहरूको नाम तथा ठेगानाहरू प्राप्त गर्दा पनि राम्रो हुन्छ ।

यदि तपाईंको अर्को सवारी साधनसँग ठोक्किएर दुर्घटना भएको छ भने अर्को चालकसँग तपाईंको लाइसेन्स, दर्ता र बीमा जानकारी हेर्ने अधिकार हुन्छ ।

**ध्यान दिनुपर्ने कुरा: यदि भर्मोन्ट ड्राइभरले अर्को राज्यमा दुर्घटना गराएको खण्डमा यसलाई यो दुर्घटना भएको राज्यमा अनिवार्य रूपमा रिपोर्ट गरिनुपर्छ ।**

## तपाईंले आफ्नो सवारी साधनहरूको उचित हेरचाह गर्नुपर्छ

### निरीक्षण

तपाईंको सवारी साधनको वर्षमा एक पटक निरिक्षण गरिएको हुनैपर्छ । निरीक्षणले तपाईंको सवारी साधनको वर्षमा कम्तीमा पनि एक पटक जाँच गरिएको छ भनेर सुनिश्चित गर्छ तर तपाईंले यसलाई सधैँ राम्रोसँग चलाइराख्नुपर्ने हुन्छ । यदि तपाईंको सवारी साधनको राम्रोसँग चलिरहेको छैन भने दूर्घटना भएको खण्ड तपाईंको गल्ती मानिन सकिनेछ ।

निरीक्षण स्टिकरले तपाईंले अर्को निरीक्षण कहिले गराउनुपर्छ भनेर जानकारी दिनेछ । वैध भर्मोन्ट निरीक्षण स्टिकर बोकेकोबाहेक सबै सवारी साधनहरूको दर्ता भएको 15 दिनभित्र निरीक्षण गरिनुपर्छ ।

## निम्न उपकरणहरू सुरक्षित, राम्रोसँग काम गर्ने अवस्थामा र ठिकसँग मिलाएर राखिएको हुनुपर्छ:

### ब्रेकहरू

समयसँगै ब्रेकहरू घिसिँदै जिर्ण हुन्छन् र नयाँ लाइनिङहरू आएको हुनुपर्छ । तेल वा ग्रिज ब्रेकहरूमा चुहिन सक्छ र तिनीहरूलाई चिप्लिने बनाउन सक्छन् । पानी परेको मौसममा सवारी साधन चलाउँदा तिनीहरूमा पानी पस्न सक्छ जसले गर्दा तिनीहरूले सवारी साधनलाई राम्ररी रोक्न सक्दैनन् । धुलो सडकबाट आएको फोहोरले तिनीहरूलाई जिर्ण बनाउन सक्छ । उकालोओरालो ठाउँहरूमा लामो यात्राको क्रममा प्रायः ब्रेकहरू प्रयोग गरिने हुँदा त्यसले ब्रेकहरूलाई धेरै तातो बनाउँछ र त्यसपछि ब्रेकहरूले राम्ररी काम गर्दैनन् । ब्रेकहरू नियमित अन्तरालहरूमा जाँच गरिनुपर्छ ।

खराब ब्रेकहरूको सबैभन्दा सामान्य कारण भनेको ब्रेकहरूलाई सँगै सही तरिकाले प्रयोग नगर्नु हो । अचानक ब्रेक लगाउँदा एउटाले अर्कोभन्दा पहिले र बढी काम गर्छ जसले गर्दा तपाईंको सवारी साधन एक्कासी मोडिने हुन्छ । अन्य सवारीसाधन नभएको सडकमा कम गतिमा सवारी साधन चलाएर र स्टेयरिङ ह्विललाई हल्कासँग समातेर तपाईं आफैँले सवारी साधन एक्कासी मोडिने हुन्छ कि हुँदैन भनेर जाँच गर्न सक्नुहुन्छ ।

ब्रेक प्रणालीमा पर्याप्त मात्रामा तरल पदार्थ छ भनेर हेरेर सुनिश्चित गर्नुहोस् । यदि तपाईंले ब्रेक पेडल धेरै तल गएको देख्नुभयो भने प्रणालीमा चुहावट हुन सक्ने भएकाले तत्कालै ब्रेक फ्लुइड (तरल पदार्थ) को जाँच गराउनुहोस् ।

## टायरहरू

टायरमा कम्तीमा पनि 2/32" ट्रेड गहिराइ हुनैपर्छ । टायरमा ट्रेड घिस्रिसकेपछि वा वायर बारसम्म घिस्रिसकेको भएमा टायर प्रयोग गर्नु सुरक्षित वा कानूनी हुँदैन ।

*आफ्नो बुढी औंला र चोरी औंलाको बीचमा अब्राहम लिंकनको शरीर भएको पेनी समात्नुहोस् । सबैभन्दा पहिला लिंकनको टाउकोलै सबैभन्दा गहिरो देखिने ग्रुभमा राख्नुहोस् । के तपाईं उहाँको टाउको सबै भाग देख्न सक्नुहुन्छ ? यदि देख्न सक्नुहुन्छ भने तपाईंका टायरहरू धेरै नै घिस्रिसकेका छन्- तिनीहरूलाई नचलाउनुहोस् र तिनीहरू प्रतिस्थापन गर्न सुनिश्चित गर्नुहोस् ।*

आफ्ना टायरहरूमा हावाको सही मात्रा राख्नुहुन्छ भनेर सुनिश्चित गर्नुहोस् । धेरै हावा भरिएको र कम हावा भरिएको दुवै प्रकारका टायरहरूले ट्र्याक्सनलाई कम गरिदिन्छन् जसले गर्दा टायर छिटो घिस्रिने गर्छन् र स्टियरिङमा असर पर्छ । यदि तपाईंको सवारी साधन एक छेउतिर तानिन्छ वा कडासँग स्टियरिङ प्रयोग गर्नुपर्छ भने आफ्ना टायर तथा चक्काहरूको जाँच गर्नुहोस् । तपाईंको अगाडिका टायरहरूमा देखिने वेभी चिन्हहरूले पाङ्ग्राहरू पङ्क्तिबद्ध नभएको हुन सक्ने कुरा जनाउँछन् । सुरक्षित कुरा भनेको सही मात्राको ट्रेडसहित सबै राम्रा टायरहरू राख्नु हो ।

## स्टियरिङ

यदि तपाईंको सवारी साधनमा स्टियरिङ प्रयोग गर्न गाह्रो हुन्छ वा तपाईंको स्टियरिङ ह्विल धेरै ढिलो चल्छ भने तपाईंले यसलाई योग्य मेकानिकबाट जाँच गराउनुपर्छ । एउटा राम्रो नियम भनेको आफ्नो स्टियरिङ र मेकानिकहरूले भन्ने "फ्रन्ट एन्ड" लाई वर्षमा दुई पटक जाँच गराउनु हो ।

## बत्तिहरू

तपाईंका हेडलाइटहरूलाई ठिकसँग काम गर्ने अवस्थामा राखिनुपर्छ । हेडलाइटहरू ठिकसँग काम गर्ने र सही रूपमा प्रयोग गर्दा सवारी चालकले अन्य चालकहरूको सुरक्षाका बारेमा सोच्छन् भन्ने देखाउँछ । यदि तपाईंका हेडलाइटहरू मधुरो छन्, एकदमै तलतिर देखाउने गरी राखिएका छन् वा फोहोर छन् भने तपाईंले जहाँसम्म देख्नुपर्छ तपाईंले त्यहाँसम्म देख्न सक्नुहुने छैन । यदि हेडलाइटहरू एकदमै माथितिर देखाउने गरी राखिएका छन् वा अर्को सवारी साधन तपाईंतिर आउँदै गर्दा कम बीममा जाने गर्दैनन् भने तपाईंका हेडलाइटहरूको कारण अर्को चालकले राम्रोसँग नदेख्ने हुन सक्छ ।

टेल लाइट, स्टप लाइट, दिशा जनाउने लाइट र पार्किङ लाइटहरूले सधैँ ठिकसँग काम गरिरहनुपर्छ । पछाडिको लाइसेन्स प्लेटमा बत्ति बालिराख्नुपर्छ जसले गर्दा यसलाई पछाडिबाट आइरेको सवारी साधनले कम्तीमा पनि 50 फिट टाढाबाट देख्न र पढ्न सकोस् । बल्बहरू बल्न छोडेपछि तिनीहरूलाई निर्माताद्वारा सिफारिस गरिएका बल्बअरूबाट तुरुन्तै प्रतिस्थापन गर्नुपर्छ ।

## विन्डसिल्ड वाइपरहरू

तपाईंसँग ठिककाम गर्ने विन्डसिल्ड वाइपरहरू हुनैपर्छ । आफ्नो विन्डसिल्डलाई सफा राख्नुहोस् जसले गर्द दिन र रातको समय सवारी साधन चलाउँदा तपाईंले राम्रोसँग देख्न सक्नुहुन्छ ।

## झ्याल र डिफ्रोस्टरहरू

अगाडि तथा पछाडिका सबै डिफ्रोस्टरहरू ठिकसँग काम गर्ने अवस्थामा हुनुपर्छ । झ्यालको भित्री भाग ओसिलो नभएको हुँदासम्म र बाहिरका झ्यालहरूबाट बरफ तथा हिउँ पूर्ण रूपमा नहट्दासम्म कुनै पनि सवारी साधन चलाउने प्रयास नगर्नुहोस् । यसका साथै सबै झ्यालहरूको भित्री भागलाई सफा राख्नुहोस् ।

## निकास प्रणाली

निकास प्रणालीमा चुहावट हुनुहुँदैन । निकासमा चुवावट हुँदा सवारी साधनको यात्री क्षेत्रमा कार्बन मोनोअक्साइड ग्यास प्रवेश गर्छ जसले गर्दा प्रायः कार्बन मोनोअक्साइड विषाक्तता वा मृत्युसमेत गराउँछ । तपाईंले कार्बन मोनोअक्साइड ग्यासको गन्ध पाउनुहुन्न । यदि तपाईंलाई निद्रा लागेको वा बान्ता आउने जस्तो भयो भने यसले कार्बन मोनोअक्साइड विषाक्तता भएको सङ्केत गर्न सक्छ ।

## स्पीडोमिटर र ओडोमिटर

तपाईंको सवारी साधनमा हुने स्पीडोमिटर र ओडोमिटरले ठिकसँग काम गरिरहेको हुनुपर्छ र यिनीहरू चालकले देख्न सक्ने ठाउँमा हुनैपर्छ । संघीय कानूनमा ओडोमिटरमा नम्बरहरू परिवर्तन गर्नु हुँदैन र सवारी साधन बिक्री गर्दा बिक्रेता तथा खरिदकर्ताले ओडोमिटर कथनमा अनिवार्य रूपमा हस्ताक्षर गर्नुपर्छ भनेर उल्लेख गरिएको छ ।

## याद राख्नुपर्ने अन्य कुराहरू

चालकले सवारी साधनको अगाडि र छेउतिर स्पष्ट रूपमा देख्न सक्ने हुनुपर्छ, त्यसैले कुनै पनि प्रकारको छेक्ने कुरा हुनुहुँदैन । चालकले सवारी साधन चलाउँदाखेरि सवारीले बोक्ने वस्तु, यात्री वा पाल्तु जनावरहरूले चालकले हेर्नुपर्ने कुराहरूलाई छेक्नुहुँदैन । तपाईंसँग अनिवार्य रूपमा रियरभ्यु मिरर (पछाडि हेर्ने ऐना) वा हर्न हुनुपर्छ । कानूनमा रियरभ्यु मिरर वा सन भाइजरहरूमा कुनै पनि कुरा झुण्ड्याउन नहुने उल्लेख गरिएको छ ।

## उत्सर्जन नियन्त्रण प्रणाली

सवारी साधनहरू भर्मोन्टमा वायु प्रदूषणका प्रमुख स्रोत हुन् । सामूहिक रूपमा सवारी साधनहरू भर्मोन्टमा उत्पन्न हुने 50% भन्दा बढी वायु प्रदूषणका लागि जिम्मेवार छन् । नयाँ सवारी साधनहरू (तिनीहरूलाई राम्रोसँग मर्मतसम्भार गरेर राखिएको भएमा) ले पुराना मोडलका सवारी साधनहरूले भन्दा एकदमै कम वायु प्रदूषण गर्ने भए तापनि तिनीहरूले अझै पनि हाम्रो हावामा धेरै मात्रामा प्रदूषकहरू छोड्ने गर्छन् । तपाईंको सवारी साधनको उत्सर्जन नियन्त्रण प्रणालीले ठिकसँग काम गरिरहेको छ भनेर सुनिश्चित गर्नका लागि यसलाई वार्षिक निरीक्षण प्रक्रियाको हिस्साको रूपमा जाँच गरिन्छ ।

वार्षिक निरीक्षणको हिस्साको रूपमा तपाईंको सवारी साधनमा क्याटालेटिक कन्भर्टर छ भनेर सुनिश्चित गर्नका लागि त्यसको निरीक्षण गरिन्छ । यदि तपाईंको सवारी साधनमा क्याटालिटिक कन्भर्टर हुनुपर्छ तर त्यो देखिएको छैन वा क्याटालिटिक कन्भर्टर चलेको छैन भने यसलाई अनिवार्य रूपमा प्रतिस्थापन गर्नुपर्छ । तपाईंका सवारी साधनबाट क्याटालिटिक कन्भर्टरलाई डिस्कनेक्ट गर्नु वा मेकानिकलाई त्यसलाई डिस्कनेक्ट गर्न वा बिगार्न लगाउनु संघीय तथा राज्यको कानूनविरुद्ध हुन्छ ।

सवारी साधनले वायु प्रदूषण गराउने अर्को तरिका भनेको ग्यासको वाष्पीकरण हो । वार्षिक निरीक्षणको क्रममा तपाईंको सवारीको ग्यास क्याप राम्रो अवस्थामा छ भनेर सुनिश्चित गर्नका लागि त्यसको जाँच गरिनेछ ।

सवारीको उत्सर्जन नियन्त्रण प्रणालीले ठिकसँग काम गरिरहेको छ भनी सुनिश्चित गर्न अन बोर्ड डायग्नोस्टिक कम्प्युटर प्रणाली (On Board Diagnostic, OBD) को जाँच गरिनेछ । उचित ढङ्गले कार्य गर्ने "OBD" मार्फत ठ्याक्कै कहाँ समस्या आइरहेका छन् भनेर पत्ता लगाउन सकिन्छ ।

सवारी साधनको उत्सर्जन र भर्मोन्टको हावालाई सकेसम्म सफा राख्नमा मद्दत गर्नका लागि तपाईंले के गर्न सक्नुहुन्छ भन्ने बारेमा थप जान्नका लागि प्राकृतिक स्रोतहरूको एजेन्सी (Agency of Natural Resources) को वेबसाइटमा हेर्नुहोस् ।

**वार्षिक निरीक्षण कार्यक्रमका बारेमा प्रश्नहरूका लागि सवारी व्यवस्थापन विभागलाई (802) 828-2094 मा सम्पर्क गर्न सकिन्छ ।**

## सेफ्टी बेल्टहरू

कानूनले सवारी साधनका सबै यात्रीलाई सेफ्टी बेल्ट लगाउनइ वा संघीय रूपमा अनुमोदित बाल यात्री नियन्त्रण प्रणाली भएको सवारी चलाउन अनिवार्य गरेको छ ।


### आफ्नो सेफ्टी बेल्ट लगाउने

सेफ्टी बेल्ट (वा सिट बेल्ट) लगाउँदा ठक्कर लागेको खण्डमा तपाईं घाइते हुने वा तपाईंको मृत्यु हुने सम्भावना कम हुन्छ । सेफ्टी बेल्टले सवारी साधनको राम्रो नियन्त्रणका लागि सुरक्षित, आरामदायी स्थितिमा बस्न सजिलो बनाउँछ; सेफ्टी बेल्टहरूले गर्दा तपाईं सवारी साधन निर्माताहरूले तपाईंलाई राख चाहेको स्थितिमा बस्न सक्नुहुन्छ ।

सेफ्टी बेल्ट सही तरिकाले प्रयोग गरियो भने यो सबैभन्दा प्रभावकारी हुन्छ । ल्याप बेल्ट पेटमा नभइ हिपको वरिपरि राम्रोसँग फिट हुनुपर्छ । सोल्डर बेल्टहरू काँधको माथि तथा वरिपरि हुँदै छातीको बिचमा जान्छ । सिटबेल्ट एक्स्टेन्सनहरू सवारी साधन निर्माताबाट उपलब्ध हुन्छन् । सोल्डर बेल्टलाई कहिले पनि आफ्नो काखीमुनि वा ढाडपछाडि कहिल्यै नहाल्नुहोस् । सेफ्टी बेल्टहरू सवारी साधन दुर्घटनाबाट तपाईंलाई सुरक्षित राख्नका लागि तपाईंको शरीरलाई यसको बलियो बिन्दुहरूबाट हुँदै जानका लागि बनाइएका हुन्छन् । सेफ्टी बेल्टहरूले मृत्यु हुन र गम्भीर चोटपटक बढी लाग्न सक्ने सवारीबाट बाहिर आउनुको सट्टा तपाईंलाई सवारीभित्रै एउटै स्थितिमा राख्छ । सेफ्टी बेल्टको प्रयोग गरियो भने यसले यात्रीहरूलाई सवारीभित्र एउटै पोजिसनमा राख्छ जहाँ दुर्घटनामा अरू यात्रीहरूबाट चोटपटक लाग्ने सम्भावना पनि कम हुन्छ ।

### आफ्नो बच्चालाई सुरक्षित राख्नुहोस् – यो कानून हो !

सवारी साधन दुर्घटनाहरू 3 देखि 14 वर्षका बालबालिकाको मृत्युको प्रमुख कारण हो । आमाबुबा र हेरचाहकर्ताहरूलाई बालबालिकालाई चोटपटक लाग्न र मृत्यु हुनबाट रोक्नका लागि आफ्नो सवारी साधनहरूमा कार सिट तथा बुस्टर सिटहरू राम्रोसँग जडान गरिएको छ भनेर सुनिश्चित गर्न आग्रह गरिएको छ ।




धेरै अवस्थाहरूमा आमाबुबाहरू आफ्नो बच्चाको सिट कसरी सही तरिकाले जडान गर्ने भन्ने बारेमा अलमलमा पर्ने गर्नुहुन्छ, उहाँहरूलाई प्रत्येक सिट प्रत्येक कारमा फिट हुँदैन वा उहाँहरूको सवारी साधनमामा बालबालिका लागि तल्लो एङ्कर तथा टिथर प्रणाली (Lower Anchors and Tethers for Children, LATCH) छ भन्ने कुरा थाहा हुँदैन । सेप्टेम्बर 1, 2002 पछि निर्मित लगभग हरेक कार सीट र अधिकांश सवारी साधनहरूमा LATCH प्रणाली हुनु आवश्यक छ । LATCH ले बच्चाको सिट पहिलो पटक र हरेक पटक ठिकसँग राख्न सजिलो बनाउँछ ।

उपयुक्त सिट छनोट गर्नेबारे थप जानकारीका लागि वा तपाईंको नजिकैको निःशुल्क बाल सुरक्षा सिट निरीक्षण साइट फेला पार्नका लागि Be Seat Smart मा हेर्नुहोस् ।

### शिशुहरू- जन्मदेखि कम्तीमा पनि एक वर्ष र कम्तीमा पनि 20 पाउण्डसम्म

सबैभन्दा राम्रो सम्भावित सुरक्षाका लागि शिशुहरूलाई पछाडिको सिटमा विशेष सिटको उचाइ वा तौलको सीमाले दिँदासम्म पछाडितिर फर्किएको बाल सुरक्षा सिटहरूमा राख्नुहोस् । न्यूनतममा राज्यको कानूनअनुसार एक वर्ष र कम्तीमा पनि 20 पाउण्ड नभएसम्म शिशुहरूलाई पछाडितिर फर्काएर राख्न आवश्यक पर्छ ।

### साना बच्चाहरू- एक वर्ष तथा 20 पाउण्डदेखि चार वर्ष तथा 40 पाउण्डसम्म

बच्चाहरू आफ्नो पछाडि फर्किएको सिटमा बस्ने उमेर पार गरिसकेपछि उनीहरूलाई विशेष सिटको उचाइ वा तौलको माथिल्लो सीमाले दिँदासम्म उनीहरू पछाडिको सिटमा अगाडितिर फर्किएको बाल सुरक्षा सिटमा बस्न आवश्यक पर्छ ।

**बालबालिका- करिब चार वर्षदेखि कम्तीमा पनि आठ वर्षको उमेरसम्म**

बालबालिका आफ्नो अगाडि फर्किएको सिटमा बस्ने उमेर पार गरिसकेपछि उनीहरूलाई सवारी साधनको सिट बेल्ट राम्रोसँग फिट नभएसम्म उनीहरू पछाडिको सिटमा बुस्टर सिटमा बस्न आवश्यक पर्छ । ल्याप बेल्ट पेल्भिक हड्डीहरूको सम्पर्कमा आउँदै हिपहरूको वरिपरि राम्रोसँग कसिएर फिट हुँदा र सोल्डर बेल्ट स्टनेमको सम्पर्कमा आउँदै छातीको वरिपरि सम्पर्कमा राम्रोसँग फिट हुँदा सिट बेल्टहरू सही तरिकाले फिट हुन्छन् ।

**पूर्वकिशोरवस्था- आठ वर्ष तथा सोभन्दा उमेर**

बच्चालाई बुस्टर सिटबाट कारको सिटमा लैजाँदै गर्दा बच्चाको खुट्टा घुँडा टेकेर भुइँमा पुग्नुपर्छ र ढाडले सिटब्याक छुनुपर्छ । बच्चाहरूले पछाडिको सिटमा वयस्क सिट बेल्ट राम्रोसँग फिट हुने भएमा सो सिट बेल्ट प्रयोग गर्न सक्छन् यो उपयुक्त रूपमा फिट हुन्छ भने (ल्याप बेल्ट पेल्भिक हड्डीहरूको सम्पर्कमा आउँदै हिपहरूको वरिपरि राम्रोसँग कसिएर फिट हुँदा र सोल्डर बेल्ट स्टनेमको सम्पर्कमा आउँदै छातीको वरिपरि सम्पर्कमा राम्रोसँग फिट हुन्छ) ।

**ध्यान दिनुपर्ने कुराः एयर ब्यागका अगाडि बच्चाको सुरक्षा सिट कहिले पनि नराख्नुहोस् !**



# परिच्छेद 8- पोइन्ट सिस्टम

**भर्मोन्ट पोइन्ट सिस्टम**

साधन साधन कानून तोडेकोमा तपाईं दोषी ठहर हुनुभएको प्रत्येक पटकमा पोइन्टहरू तपाईंको ड्राइभिङ रेकर्डमा थपिँदै जान्छन् । उदाहरणका लागि तपाईंलाई निम्न कसुरहरूका लागि निम्नानुसार पोइन्टहरू दिइन्छ:

1. गति, गतिसम्बन्धी सीमामा तपाईंको गतिको आधारमा 2 - 8 पोइन्ट ।
2. सवारी साधन चलाउँदा टेक्स्ट म्यासेज गर्ने, 2 - 5 पोइन्ट ।
3. अलाइसेन्सबिना सवारी साधन चलाउने, 2 पोइन्ट ।
4. रोक्ने चिन्ह वा रातो बत्तिमा सवारी साधन नरोकेको, 2 पोइन्ट ।
5. प्रहरी अधिकारीले भनेको कुरा पालना नगरेको, 4 पोइन्ट ।
6. एम्बुलेन्स, फायर ट्रक, प्रहरी अधिकारीलाई पहिला जान नदिएको, 5 पोइन्ट ।
7. क्रसवाकमा पैदल यात्रीलाई पहिला जान नदिएको, 4 पोइन्ट ।
8. रातो चेतावनी बत्तिहरू झिपझिप बालेर रोकिएको स्कुल बस हुँदा नरोकिएको, 5 पोइन्ट ।

चालकले कुल 10 पोइन्ट (अङ्क) प्राप्त गरेपछि गर्छ भने चालकलाई उहाँको सवारी साधन चलाउने विशेषाधिकार निलम्बित हुन गइरहेको छ भनेर सूचित गर्दै पत्र पठाइनेछ । कसुरहरूका साथै जम्मा भएको पोइन्टहरूको सङ्ख्यालाई पुष्टि गर्नका लागि सुनुवाइ अनुरोध गर्न सकिन्छ । 2 वर्षभित्र प्राप्त पोइन्टहरूको सङ्ख्याले तपाईंको सवारी साधन चलाउने विशेषाधिकार कति समयसम्म निलम्बित गरिनेछ भन्ने कुरा निर्धारण गर्नेछ । जति धेरै पोइन्टहरू पाइन्छ त्यति नै लामो समयसम्म निलम्बन अवधि हुनेछ । पार्किङ वा खराब उपकरणसम्बन्धी उल्लङ्घनहरूका लागि पोइन्टहरूको मूल्याङ्कन गरिँदैन ।

# परिच्छेद 9 - सवारी साधनको स्वामित्व

## आफ्नी सवारी साधनलाई कसरी दर्ता गर्ने

यो सवारी साधन दर्ताको सामान्य जानकारी हो । कृपया विस्तृत जानकारीका लागि 802.828.2000 मा फोन गर्नुहोस् वा हामीलाई dmv.vermont.gov मा अनलाइनमा भेट्नुहोस् । यदि तपाईं भर्मोन्टमा बसोबास गर्नुहुन्छ र तपाईंसँग तपाईंले सडकमा चलाउन चाहेको सवारी साधन छ भने तपाईंले अनिवार्य रूपमा दर्ता गरेको हुनुपर्छ । यदि तपाईं अर्को राज्यबाट भर्मोन्टमा सर्दै हुनुहुन्छ भने तपाईंले अनिवार्य रूपमा भर्मोन्ट राज्यमा सरेको 60 दिनभित्र आफ्नो सवारी साधन दर्ता गरेको हुनुपर्छ ।

## दर्ता र प्लेटहरू

सवारी साधन प्रयोग गरिँदा वैध दर्ताको प्रमाण जहिले पनि सवारी साधनमै हुनुपर्छ । प्रहरी अधिकारीसँग यसलाई हेर्ने अधिकार हुन्छ । दर्ता प्लेटहरू ढीला नहुन भन्नका लागि राम्रोसँग अड्काइएको हुनुपर्छ । दर्ता प्लेटहरूका कुनैपनि भाग ढाकेको वा देखिनबाट लुकाएको हुनुहुदैंन र तिनीहरूलाई सधैँ सफा राखिनुपर्छ । पछाडिको प्लेटलाई कम्तीमा पनि 50 फिट टाढाबाट पढ्न सकियोस् भन्नका लागि अनिवार्य रूपमा बत्ति बलेको हुनुपर्छ । तपाईंले प्राप्त गरेको नम्बर प्लेटहरू नै सो सवारी साधनका लागि मात्र प्रयोग गरिनुपर्छ । यदि तपाईंले आफ्नो पुरानो सवारी साधन बिक्री गर्नुभयो वा साटफेर गर्नुभयो भने तपाईंले उक्त नम्बर प्लेटहरू नयाँ सवारी साधनमा स्थानान्तरण गर्न सक्नुहुन्छ ।

## आफ्नो सवारी साधन अरूलाई बिक्री गर्नेः

1. नयाँ मालिकलाई बिक्रीको बिल दिनुहोस् जसमा खरिदकर्ता(हरू) को नाम, बिक्रेता(हरू) को हस्ताक्षर, बिक्रीको मिति र सवारी साधन बनेको वर्ष, मोडेल, सिरियल नम्बर र सवारी साधनका लागि तपाईंलाई भुक्तानी गरिएको रकम समावेश हुन्छ ।
2. नयाँ मालिकको नाम र ठेगाना देखाउनेगरी नामसारीको कागजातको पछाडि हस्ताक्षर गर्नुहोस् । सवारी साधनको माइलेज र बिक्रीको मिति पनि भर्नुहोस् ।
3. 2011 वा नयाँ मोडेलका सवारी साधनहरूका सबै बिक्रीहरूमा बिक्रेता तथा खरिदकर्ता दुवैद्वारा ओडोमिटर कथनमा हस्ताक्षर गर्न आवश्यक गराइएको छ । यो कथन तपाईंको सवारी धनीसम्बन्धी कागजात र/वा भर्मोन्टको बिक्रीको बिलमा समावेश गरिन्छ ।
4. सवारी साधनबाट तपाईंको दर्ता प्लेटहरू हटाउनुहोस् ।

## आफ्नो सवारी साधनको साटफेर गर्नेः

1. नयाँ मालिकलाई बिक्रीको बिल दिनुहोस् जसमा खरिदकर्ता(हरू) को नाम, बिक्रेता(हरू) को हस्ताक्षर, बिक्रीको मिति र सवारी साधन बनेको वर्ष, मोडेल, सिरियल नम्बर र सवारी साधनका लागि तपाईंलाई भुक्तानी गरिएको वा साटफेरका लागि दिइएको रकम समावेश हुन्छ ।
2. तपाईंले साटफेर गरिरहनुभएको व्यक्तिलाई तपाईंले प्राप्त गरिरहनुभएको सवारी साधनको बिक्रीको बिल दिन लगाउनुहोस् । यसमा तपाईंले साटफेर गरेको सवारी साधनकोका बारेमा जानकारी हुनुपर्छ । सवारी धनीको रूपमा तपाईंको नाममा नामसारी गर्न ठिकसँग हस्ताक्षर गर्नुहोस् ।
3. पुरानो सवारी साधनबाट आफ्ना दर्ता प्लेटहरू हटाउनुहोस् । यदि तपाईं आफ्नो दर्ता स्थानान्तरण गर्न चाहनुहुन्छ भने तपाईंले भर्खर मात्र खरिद गर्नुभएको सवारी साधनमा प्लेटहरू राख्नुहोस् ।
4. दर्ता, कर र सवारीधनी कागजातका लागि आवेदन भर्नुहोस् र तपाईंले भर्खर मात्र खरिद गर्नुभएको सवारी साधनको नामसारी कागजात समावेश गर्नुहोस् । यी फारमहरू सही शुल्कहरूका लागि चेक वा मनी अर्डरको साथ मोन्टपेलियरको सवारी व्यवस्थापन विभागलाई 24 घण्टाभित्र हुलाकमार्फत पठाइदिनुहोस् ।

## हराएको दर्ता वा दर्ता प्लेटहरू

यदि तपाईंले आफ्नो दर्ता प्रमाणपत्र हराउनुभयो भने तपाईंले हाम्रो कुनै पनि कार्यालयमा आएर, हुलाकबाट वा अनलाइनमा dmv.vermont.gov मा सवारी व्यवस्थापन विभागबाट प्रतिस्थापन प्रमाणपत्र प्राप्त गर्न सक्नुहुन्छ ।

तपाईंले आफ्नो एउटा वा दुवै दर्ता प्लेटहरू हराउनुभयो भने कुनै पनि सवारी व्यवस्थापन कार्यालय, प्रहरी चौकी वा dmv.vermont.gov मा अनलाइनबाट प्रतिस्थापन प्लेट निवेदन लिनुहोस् ।

### नाम/ठेगाना/सवारी साधनमा परिवर्तनहरू

यदि तपाईंले आफ्नो नाम, ठेगाना वा सवारी साधनको रङमा परिवर्तन गर्नुभयो भने तपाईंले 30 दिनभित्र सवारी व्यवस्थापन विभागलाई त्यस बारेमा सूचित गर्न आवश्यक पर्छ ।

## खरिद तथा प्रयोग कर

### भाडामा नलिइएका सवारीसाधनहरू

तपाईंले नयाँ वा प्रयोग गरिएको सवारी साधन खरिद गर्दा तपाईंले कर भुक्तानी गर्नुपर्ने हुन्छ । यसलाई खरिद तथा प्रयोग कर भनिन्छ र तपाईले भाडामा नदिइएको सवारी साधनका लागि तिर्नुभएको मूल्य वा हालको उचित बजार मूल्यमध्ये जुन बढी हुन्छ उक्त मूल्यको 6% हुन्छ ।

भर्मोन्ट राज्यभन्दा बाहिर प्राप्त गरिएको सवारी साधनको हकमा पहिलो पटक दर्ताका लागि आवेदन दिने भर्मोन्टका नयाँ बासिन्दाहरूले भर्मोन्टमा दर्ताका लागि आवेदन गर्ने व्यक्ति वा निजको जीवनसाथीले अर्कै क्षेत्राधिकारमा बिक्री वा प्रयोग कर तिर्नुभएको छ र उक्त जर भर्मोन्टको खरिद तथा तथा प्रयोग करको बराबर वा बढी छ भन्ने प्रमाण उपलब्ध गराइएको खण्डमा भर्मोन्टमा यसमा छुट दिइनेछ र यसका लागि सवारी साधन त्यस्तो क्षेत्राधिकारमा दर्ता गरिएको हुनुपर्छ जसले कम्तीमा पनि 3 वर्षका लागि खरिद वा प्रयोग कर सङ्कलन गर्ने हुनुपर्छ । यदि अर्को क्षेत्राधिकारमा तिरेको कर भर्मोन्टको करभन्दा कम छ भने फरक रहेको कर भुक्तानी गर्नुपर्ने हुन्छ ।

### भाडामा लिइएका सवारीसाधनहरू

भर्मोन्टको सवारीसाधन डिलर वा भाडामा दिने व्यक्तिको तर्फबाट कार्य गर्ने भर्मोन्टको सवारीसाधन डिलरबाट दर्ता, कर र/वा भाडामा दिइएको सवारीको नामसारीका लागि सबै आवेदनहरूसँगै खरिद तथा प्रयोग कर गणना - भाडामा दिइएको सवारी साधन फारम (VD-147) वा भाडा सम्झौता र/वा डिलर वर्कशिटको प्रतिलिपि बुझाइनुपर्छ । यदि उपयुक्त सामग्री प्राप्त भएन भने भाडामा लिइएको सवारी साधनको प्राप्ति लागतमा 6% कर लगाइनेछ ।

तपाईंसँग भाडाको अन्तमा सो सवारी साधन खरिद गर्ने विकल्प छ कि छैन भनेर कुरालाई ध्यानमा नराखिकन खरिद तथा प्रयोग कर गणना - भाडामा दिइएको सवारी साधन फाराम (VD-147) मा उल्लेख गरिएअनुसार वा भाडा सम्झौता र/वा डिलर वर्कशिटमा उल्लेख गरिएअनुसार भाडामा लिएको सवारी साधनको करयोग्य लागत भाडाको अन्तिमको मूल्य घटाएर सवारी साधनको प्राप्ति लागतको 6% मा गणना गरिनेछ ।

## सवारी धनीसम्बन्धी जानकारी

सबै सवारी साधनहरूमा भर्मोन्ट सवारीधनीसम्बन्धी जानकारी हुनपर्छ । यसमा देहायका केही अपवादहरू छन्: 300 सीसी भन्दा कम इन्जिन डिस्प्लेसमेन्ट भएको मोटरसाइकल र 1,500 पाउण्ड वा सोभन्दा कमको खाली तौल भएको ट्रेलर ।

सबै नयाँ सवारी साधनहरूका लागि निर्माताको उत्पत्तिको प्रमाणपत्र आवश्यक पर्छ । तपाईंले यस कागजातबिना सवारी साधन दर्ता गर्न सक्नुहुन्न ।

भर्मोन्टमा दर्ता भइरहेका सबै सवारी साधनहरूसँग दर्ताका लागि आवेदन हुनुपर्छ । तपाईंलाई बिक्रीको बिल र अघिल्लो सवारीधनीले हस्ताक्षरसहित नामसारी गरिदिएको नामसारी कागजात पनि आवश्यक पर्छ ।

**सवारी परिचय नम्बर (VIN)**

सवारी पहिचान नम्बर (Vehicle Identification Number, VIN) **विशेष** अटोमोबाइल पहिचान खुलाउने कोड हो । VIN मा 17 वटा क्यारेक्टरहरू (अङ्क तथा ठूला अक्षरहरू) हुन्छन् जसले सवारीसाधनका लागि विशिष्ट पहिचानकर्ताको रूपमा काम गर्छ । VIN ले कारको विशिष्ट विशेषता, स्पेसिफिकेसनहरू र निर्माताको नाम देखाउँछ । सन् 1981 भन्दा पहिले VIN को लम्बाइ 11 देखि 17 वटा क्यारेक्टरहरूको हुन्थ्यो ।

प्रमाणीकरण आवश्यक पर्ने समय

- क्षतिबाट बचाइएका कागजातहरू भएका सवारी साधन ।
- बन्डअन्तर्गत स्वामित्वमा रहेका सवारी साधनहरू ।
- क्यानाडासहित कुनै पनि विदेशी देशमा दर्ता रहेका सवारी साधनहरू ।

VIN प्रमाणीकरणहरू अनिवार्य रूपमा भर्मोन्टमा पूरा गरिनुपर्छ । VIN प्रमाणीकरणहरू भर्मोन्ट कानून प्रवर्तन अधिकारी,यस उद्देश्यका लागि कानून प्रवर्तन अधिकारीको प्रत्यक्ष सुपरिवेक्षणमा रहेका कानून प्रवर्तन एकाइमा कार्यरत कर्मचारीहरू वा भर्मोन्टको सवारी व्यवस्थापन विभागका कमिश्नरद्वारा तोकिएका DMV कर्मचारीहरूद्वारा पूरा गरिनुपर्छ ।

**पुनर्निर्मित सवारी साधनहरू**

भर्मोन्टमा **SALVAGE** शीर्षकमा दर्ता भएको कुनैपनि सवारी साधनलाई **REBUILT VEHICLE** शब्दहरू हुनेगरी नामसारी गरिनेछ । तपाईले **SALVAGE** सवारी साधन दर्ता गर्नका लागि आवेदन दिनुहुन्छ भने तपाईसँग सवारी व्यवस्थापन विभागका कर्मचारी वा भर्मोन्ट कानून प्रवर्तन व्यक्तिद्वारा जाँच गरिएको सवारी साधनको पहिचान नम्बर हुनैपर्छ र आवेदनको VIN प्रमाणीकरण खण्ड पूरा भरेको हुनैपर्छ ।

**लियन (ग्रहणाधिकार)**

ydi तपाईंले सवारी साधन खरीद गर्नका लागि बैङ्क, क्रेडिट युनियन वा अर्को व्यक्तीबाट ऋण लिनुभएको छ भने सवारी साधनमा "ग्रहणाधिकार" छ भन्ने बुझिन्छ । तपाईंले ऋण लिनु भएको व्यक्ति वा बैंकलाई "लियन होल्डर" भनिन्छ । लियन होल्डरको नाम अनिवार्य रूपमा दर्ता आवेदनमा हुनुपर्छ । तपाईंको सवारीधनी कागजात जारी भएपछि त्यसलाई लियन होल्डरलाई पठाइनेछ र तपाईंले ऋण लिएको पैसा फिर्ता नगरेसम्म तपाईंलाई दिइने छैन ।

**बीमा**

भर्मोन्टमा "वित्तीय दायित्व कायम राख्ने" भनिने कानून छ । यसलाई तपाईंले चलाउने सवारी साधनलाई दायित्व बीमाले अनिवार्य रूपमा समेटिएको हुनुपर्छ भन्ने बुझिन्छ ।

दायित्व र सम्पत्ति क्षति तपाईंसँग हुनुपर्ने अटोमोबाइल बीमाको सबैभन्दा महत्त्वपूर्ण प्रकार हो । शारीरिक चोटपटक वा सम्पत्ति क्षति भएको बेला यसले तपाईंलाई आर्थिक हानिबाट जोगाउँछ ।

एउटा व्यक्तिको मृत्यु वा चोटपटकका लागि कभरेज रकम कम्तीमा पनि $25,000 हुनैपर्छ;
2 वा सोभन्दा बढी व्यक्तीको मृत्यु वा चोटपटकका लागि $50,000; सम्पत्ति क्षतिका लागि $10,000 । सवारी साधनमा बीमा कभरेज रहेको देखाउनका लागि तपाईंले आफ्नो बीमा कम्पनीबाट प्राप्त कार्ड सवारी साधनमा अनिवार्य रूपमा बोक्नुपर्छ । तपाईलाई प्रहरी अधिकारीले रोकेको खण्डमा तपाईले सो कार्ड देखाउनुपर्ने हुन्छ । तपाईंले ड्राइभिङ टेस्ट लिँदै भएमा तपाईंले त्यस बेला पनि सो कार्ड देखाउनुपर्ने हुन्छ ।

यदि प्रहरी अधिकारीले तपाईंलाई रोकेर तपाईंको बीमाको प्रमाण हेर्न मागेको खण्डमा तपाईंसँग बीमा छैन भने अधिकारीले तपाईंलाई टिकट दिनुहुनेछ । तपाईंलाई जरिवाना लगाइनेछ र तपाईंको ड्राइभिङ रेकर्डमा दुई पोइन्ट थपिनेछ ।

यदि तपाईंको सवारी साधनमा बीमा छ र प्रहरी अधिकारीले तपाईंलाई रोकेको र तपाईंले अधिकारीलाई कार्ड देखाउन नसकेको खण्डमा तपाईंसँग सो गर्नका लागि 15 दिनको समय हुन्छ । तपाईंले अधिकारीलाई देखाउने कार्डले अधिकारीले तपाईंलाई रोकेको समयमा तपाईंसँग बीमा थियो भन्ने कुरा अनिवार्य रूपमा देखाउनुपर्छ ।

यदि तपाईंले बीमाबिना सवारी साधन चलाउँदै हुनुहुन्छ र निम्नमध्ये कुनै पनि भयो भने तपाईंले बीमा नलिँदासम्म सवारी व्यवस्थापन विभागका कमिश्नरले तपाईंको लाइसेन्स फिर्ता लिनुहुनेछ । तपाईंले कमिश्नरलाई तपाईंले पूरै 3 वर्षका लागि बीमा गर्नुभएको छ भनेर प्रमाणित गर्नुपर्ने हुन्छ ।

- तपाईंको गल्ती नहुँदानहुँदै पनि भने तपाईं दुर्घटनामा परेमा,
- मदिरा वा लागूपदार्थ सेवन गरेर सवारी साधन चलाएको,
- सवारधनीको मञ्जुरीबिना अर्कै व्यक्तीको सवारी साधन चलाएको वा लिएर गएको,
- तपाईंको लाइसेन्स निलम्बन, खारेज वा अस्वीकार गर्दाको समयमा सवारी साधन चलाएको,
- अर्को व्यक्तीको मृत्युको कारण हुने तरिकामा सवारी साधन चलाएको,
- दुर्घटनास्थल छोडेर भाग्ने

**निरीक्षण (थप विवरणका लागि पृष्ठ 62 हेर्नुहोस् ।)**

तपाईंको सवारी साधनको वर्षमा एक पटक निरिक्षण गरिएको हुनैपर्छ । निरीक्षणले तपाईंको सवारी साधनको वर्षमा कम्तीमा पनि एक पटक जाँच गरिएको छ भनेर सुनिश्चित गर्छ तर तपाईंले यसलाई सधैँ राम्रोसँग चलाइराख्नुपर्ने हुन्छ । यदि तपाईंको सवारी साधनको राम्रोसँग चलिरहेको छैन भने दूर्घटना भएको खण्ड तपाईंको गल्ती मानिन सकिनेछ ।

निरीक्षण स्टिकरले तपाईंले अर्को निरीक्षण कहिले गराउनुपर्छ भनेर जानकारी दिनेछ । वैध भर्मोन्ट निरीक्षण स्टिकर बोकेकोबाहेक सबै सवारी साधनहरूको दर्ता भएको 15 दिनभित्र निरीक्षण गरिनुपर्छ ।

**स्मार्ट तरिकाले सवारी साधन चलाउनुहोस् र बचत गर्नुहोस्- "हरित ड्राइभिङ" सुझावहरू**

यहाँ तपाईंलाई ग्यासमा पैसा बचत गर्ने, तपाईंको कार्बन फुटप्रिन्ट कम गर्ने र ऊर्जाको बचत गर्ने 10 वटा कुशल ड्राइभिङ सुझावहरू दिइएको छ !

**गति कम गर्नुहोस् र हेर्नुहोस्** - अन्तरराज्यीय राजमार्गमा इन्धन बचत गर्नका लागि प्रति घण्टा 65 माइलको सट्टा प्रति घण्टा 55 वा 60 माइल सवारी साधन चलाउनुहोस् । EPA ले यो सुझावलाई मात्र अपनाएमा इन्धनको अर्थतन्त्रमा 15 प्रतिशतसम्म सुधार हुने अनुमान गरेको छ ।

**गति बढाउनुहोस् र आरामसँग ब्रेक लगाउनुहोस्** - रोकेको स्थितिबाट बिस्तारै गति बढाउँदै गएमा र बिस्तारै ब्रेक लगाउनाले इन्धनको बचत हुन्छ । छिटो सुरु गर्दा, ट्राफिकमा सवारीलाई यताउता लैजाँदा र जोडसँग ब्रेक लगाउँदा इन्धन खेरा जाने हुन्छ र ब्रेक तथा टायरहरू जस्ता कारका केही भागहरू छिट्टै खिएर जाने गर्छन् । ब्रेक लगाउन र बिस्तारै गति बढाउनका लागि थप समयका लागि सवारी साधनहरू बिचमा सुरक्षित दूरी कायम राखेर र ट्राफिक अवस्थाहरूलाई ध्यानमा राखेर आफ्नो सवारी साधनहरूको गतिलाई अधिकतम राख्नुहोस् ।

**पार्किङमा राख्दा अत्यधिक आइडलिङ (निष्क्रियता) बाट बच्नुहोस्** - आइडलिङले इन्धन खेर गराउँछ, इन्जिन बिगार्दै लैजान्छ र श्वासप्रश्वाससम्बन्धी रोग लगाउन सक्छ । जाडोको मौसममा इन्जिनलाई सुरू गर्नुभन्दा पहिले झ्यालहरूबाट हिउँ र बरफ हटाउनुहोस् । सबैभन्दा पहिला सुरक्षित हुनुहोस्: यदि डिफ्रोस्टिङ (बरफ पग्लिने) पर्याप्त रूपमा भइरहेको छैन भने आवश्यकताअनुसार वार्मअप समय बढाउनुहोस् । सम्भव भएमा स्थिर वार्म अपलाई 30 सेकेण्डमा सीमित गर्नुहोस् । बिस्तारैबाट मध्यम रूपमा सवारी साधन चलाउने कार्य वार्म अपका लागि अति प्रभावकारी तरिका हो । यदि तपाईंले नगरमा पार्क गर्नुभएको छ भने 10 सेकेन्डभन्दा बढीको आइडलिङले बन्द गरेर पुन: सुरु गर्नुभन्दा बढी इन्धन प्रयोग गर्छ । तपाईंले आफ्नो सवारी साधनलाई सार्वजनिक स्थानमा त्यसै खुला छोडेर जानुभयो भने त्यो भर्मोन्टको खुला सवारी साधन छोडेर गएको कानूनको उल्लङ्घन हुन जान्छ; तपाईंले सवारी साधन छोडेर जानुपर्ने भएमा त्यसलाई अनिवार्य रूपमा बन्द गर्नुपर्छ ।

**आफ्ना टायरहरूको जाँच गर्नुहोस्** - सिफारिस गरिएको टायर प्रेसरमा टायरहरूलाई राम्ररी फुलाएर राख्नुहोस् (जसलाई सवारी साधनको ड्राइभर साइड डोर जाम र सवारीधनीको म्यानुअलमा भएको प्लेकार्डमा फेला पार्न सकिन्छ) । यसले मात्र इन्धन खपतको औसत मात्रालाई 3- 4 प्रतिशतले घटाउन

सक्छ । कम हावा भरिएका टायरले रोलिङ रेजिस्टेन्टलाई बढाइदिन्छ र इन्धनको अर्थव्यवस्थालाई घटाइदिन्छ । साथै तिनीहरू छिट्टै खिइने गर्छन् ।

**आफ्नो सवारी साधनप्रति दयालु हुनुहोस्** - सवारी साधनलाई कुशलतापूर्वक चलाउनका लागि उचित इन्जिन ट्युन-अप बनाइराख्नुहोस् । चक्काहरूलाई एकै दिशातिर हुनेगरी राख्नुहोस् । एकआपसलाई प्रतिरोध गरिरहेका चक्काहरूले इन्धन खेरा फाल्छन् । सिफारिस गरिएअनुसार एयर फिल्टरहरू फेर्नुहोस् । उचित मर्मतसम्भारका लागि सदैव सवारीधनी म्यानुअल हेर्नुहोस् ।

**हल्का भएर यात्रा गर्नुहोस्** - ट्रंकमा अनावश्यक वस्तुहरू र रुफ छतको र्‍याकमा धेरै सामानहरू जस्ता अनावश्यक तौलले इन्जिनलाई अझ बढी मेहनतका साथ काम गर्न लगाउँछ र बढी इन्धन खपत हुन्छ ।

**ताप र एयर कन्डिसनिङको प्रयोग कम गर्नुहोस्** - इन्जिनमा लोड कम गर्नका लागि ताप र
एयर कन्डिसनिङलाई अवस्थाअनुसार प्रयोग गर्नुहोस् । तापक्रम 80 डिग्रीभन्दा माथि हुँदा एयर कन्डिसनरको प्रयोग घटाउँदा 10- 15 प्रतिशत इन्धन बचत गर्न सकिन्छ । सकेसम्म भेन्ट सेटिङ प्रयोग गर्नुहोस् । कारलाई चिसो राख्न र एयर कन्डिसनिङको आवश्यकतालाई कम गर्न छायाँमा पार्क गर्नुहोस् ।

**उच्च गतिमा झ्यालहरू बन्द राख्नुहोस्**- तपाईंले आफ्नो गति प्रति घण्टा 50 माइलभन्दा कम नराख्दासम्म झ्यालहरू खोलेर सवारी साधन नचलाउनुहोस् । राजमार्गको गतिमा झ्यालहरू खोलेर सवारी चलाउँदा सवारी साधनमा एरोडायनामिक ड्र्याग बढ्छ र इन्धनको अर्थतन्त्रलाई कम गरिदिन्छ ।

**ट्रिपहरूलाई संगठित गर्नुहोस्** - यात्रामा धेरै माइलहरू बचत गर्दै आफ्ना यात्राहरू संगठित गर्न पहिले नै योजना बनाउनुहोस् । पहिले नै योजना बनाउँदा यसले तपाईंलाई भीडभाड रूटहरूबाट बचेर जानमा पनि सक्षम बनाउँछ जसले गर्दा आइडलिङ पनि कम हुने गर्छ ।

**कार पुल** - काम, किनमेल र मनोरञ्जनका लागि जाँदाआउँदा आफ्नो वा अरूको सवारी साधन साझा गरेर प्रयोग गर्नुहोस् । यसले गेसोलिन मात्र बचत नगर्ने भएर यो एक्लै सवारी गर्नुभन्दा बढी रमाइलो हुन सक्छ ।

# परिच्छेद 10 - व्यावसायिक लाइसेन्स

**<u>व्यावसायिक ड्राइभर लाइसेन्स</u>**

26,000 पाउण्डभन्दा बढी तौल भएका वा 16 वा सोभन्दा बढी यात्रीहरू (चालकसहित) बोक्ने वा खतरनाक सामग्रीहरू ढुवानी गर्ने सवारी साधनका अपरेटरहरूका लागि व्यावसायिक ड्राइभर लाइसेन्स आवश्यक पर्छ । व्यावसायिक ड्राइभर लाइसेन्सका तीनवटा वर्गहरू हुन्छन्:


- **वर्ग A** - 26,001 पाउण्ड वा सोभन्दा बढीको GCWR भएका सवारी साधनहरूको कुनै पनि संयोजन र टो गरिएको युनिटमा 10,001 पाउण्ड वा सोभन्दा बढीको GVWR हुन्छ ।
- **वर्ग B** - 26,001 पाउण्ड वा सोभन्दा बढीको GVWR भएका एकल सवारी साधनहरू र कुनै पनि टो गरिएको सवारी साधनमा 10,000 पाउण्ड वा सोभन्दा कमको GVWR हुन्छ ।
- **वर्ग C** - प्लेकार्ड गरिएका खतरनाक सामग्रीहरू ढुवानी गर्ने वा चालकसहित 16 वा बढी यात्रीहरू बोक्न डिजाइन गरिएको 26,000 पाउण्ड वा सोभन्दा कमको GVWR भएका एकल सवारी साधनहरू । यी सवारी साधनहरूले 10,000 पाउण्ड वा सोभन्दा कमको GVWR भएको सवारीसाधनलाई टो गर्न सक्छन् ।
- **व्यावसायिक ड्राइभर इन्स्ट्रक्शनल (लर्नर) परमिट** - व्यक्तिलाई व्यावसायिक ड्राइभिङ शिक्षण र सार्वजनिक राजमार्गहरूमा सवारी साधन चलाउने अनुभव प्राप्त गर्न अनुमति दिन्छ ।

राज्य र संघीय कानूनबमोजिम अर्को राज्यबाट व्यावसायिक लाइसेन्स भएको कुनै पनि व्यक्तिले भर्मोन्टमा बसोबास गर्न सुरु गरेको 30 दिनभित्र आफ्नो व्यावसायिक ड्राइभर लाइसेन्स अनिवार्य रूपमा हस्तान्तरण गर्नुपर्छ ।

व्यावसायिक ड्राइभर लाइसेन्स र शिक्षण परमिटहरूका बारेमा थप जानकारीका लागि 802.828.2000 मा फोन गर्नुहोस् ।

लिखित परीक्षाको समय निर्धारण गर्नका लागि mydmv.vermont.gov मा जानुहोस् । CDL सीप परीक्षाको समय निर्धारण गर्नका लागि तपाईंले पहिले समय निर्धारण शुल्क अनिवार्य रूपमा यहाँ बुझाउनुपर्छ: CDL Unit, Department of Motor Vehicles, 120 State St., Montpelier, VT 05603-0001 । शुल्क प्राप्त भइसकेपश्चात् तपाईंले सीप परीक्षणका लागि समय निर्धारण गर्न सक्नुहुन्छ ।

भर्मोन्ट व्यावसायिक ड्राइभर लाइसेन्स म्यानुअलहरू सवारी व्यवस्थापन विभागका सबै कार्यालयहरूमा उपलब्ध छन् ।



# परिच्छेद 11 - अपाङ्गता भएका व्यक्तिहरू

सवारी व्यवस्थापन विभागलाई तपाईंलाई सवारी साधन चलाउनु कत्तिको महत्त्वपूर्ण छ भन्ने कुरा थाहा छ । अपाङ्गता भएको व्यक्तिले पनि लाइसेन्स प्राप्त गर्न सक्छन् । सवारी साधनलाई सुरक्षित रूपमा चलाउनका लागि केही विशेष उपकरणहरू आवश्यक पर्न सक्छन् । यदि अपाङ्गता भएको व्यक्तिलाई विशेष उपकरण आवश्यक पर्छ भने यो अनिवार्य रूपमा राम्रोसँग फिट भएको र ठिकसँग काम गर्ने हुनुपर्छ ।

तपाईंले आफ्नो परीक्षा दिनुहुँदा परीक्षकलाई आफ्नो अपाङ्गताका बारेमा खुलाउँदा सबै सत्य कुरा गर्नुहोस् । यदि तपाईंले परीक्षा दिने भवनमा पुग्न मद्दत चाहिन्छ भने तपाईंले आफ्नो अपोइन्टमेन्ट लिन फोन गर्दा समय निर्धारण गर्ने व्यक्तिलाई यस बारेमा बताउनुहोस् ।

यदि तपाईंलाई मिर्गी, मधुमेह (इन्सुलिन इन्जेक्सन आवश्यक पर्ने) जस्ता चिकित्सकीय समस्या छ वा होश गुमाउन सक्ने वा अङ्गमा क्षति हुन सक्ने अन्य कुनै स्वास्थ्य अवस्था छ वा तपाईं ह्वील चेयर प्रयोगकर्ता हुनुहुन्छ भने परीक्षाका लागि अपोइन्टमेन्ट लिनुअघि तपाईंले अनिवार्य रूपमा सवारी व्यवस्थापन विभागको चालक सुधार शाखालाई 802.828.2000 मा सम्पर्क गरेर सूचित गर्नुपर्छ । तपाईंलाई चिकित्सकीय मूल्याङ्कन फाराम पठाइनेछ जसलाई तपाईंको चिकित्सकले अनिवार्य रूपमा भर्नुपर्छ । तपाईंको चिकित्सकले फाराम भरिसकेपछि समीक्षाका लागि उक्त फारामलाई हुलाकमार्फत सवारी व्यवस्थापन विभागमा फिर्ता पठाइदिनुहोस् । तपाईंलाई लर्नर परमिट जारी गर्नका लागि स्वीकृति प्रदान गरिएको छ कि छैन भनेर तपाईंलाई लिखित रूपमा सूचित गरिनेछ । यदि तपाईंको चिकित्सकीय अवस्थाले लर्नर परमिट प्राप्त गर्ने तपाईंको क्षमतालाई असर गर्छ कि गर्दैन भनेर तपाईं निश्चित हुनुहुन्न भने कृपया सल्लाहका लागि सवारी व्यवस्थापन विभागको चालक सुधार शाखालाई 802.828.2000 मा सम्पर्क गर्नुहोस् ।

**अपाङ्ग ड्राइभरहरूका लागि पार्किङ्ग**

हिँड्डुल गर्न समस्या हुने व्यक्तिले 10 दिनका लागि कुनै पनि शुल्क नतिरिकन पार्किङ गर्न सक्नेछन् र अन्य चालकहरूले निश्चित समय मात्र पार्क गर्न सक्छन् । (यस्ता व्यक्तिहरूले पार्किङ्ग गर्न वा सवारी साधन रोक्न अनुमति नभएको ठाउँमा पार्क गर्न पाउँदैनन् । उनीहरूले निश्चित सवारी साधनका लागि छुट्ट्याइएको ठाउँमा वा पार्किङ निषेध गरिएको ठाउँमा पार्क गर्न पाउने छैनन् ।) यसो गर्नका लागि सो व्यक्तिसँग भर्मोन्टको सवारी व्यवस्थापन विभागद्वारा जारी गरिएको विशेष दर्ता प्लेट वा प्लेकार्ड अर्को राज्यद्वारा अपाङ्ग व्यक्तिका लागि पार्किङ गर्ने प्रयोजनका लागि जारी गरिएको विशेष दर्ता प्लेट वा अन्य डिभाइस वा उपकरण हुनैपर्छ । अपाङ्ग व्यक्तिले आफ्नो नाममा दर्ता भएका प्रत्येक सवारी साधनका लागि अपाङ्गता दर्ता प्लेटहरूको सेट प्राप्त गर्न सक्छन् । सवारी साधन भर्मोन्टमा दर्ता भइसकेको छ भने यी प्लेटहरूका लागि कुनै पनि अतिरिक्त शुल्क लाग्दैन । यदि अपाङ्ग व्यक्तिको नाममा सवारी साधन छैन वा उनले अपाङ्गता दर्ता प्लेटहरू चाहँदैनन् भने सो व्यक्तिले अपाङ्गता पार्किङ प्लेकार्ड प्राप्त गर्न सक्छन् । अपाङ्ग पार्किङ प्लेकार्ड दृष्टिविहीन यात्रीहरूका लागि पनि उपलब्ध हुन्छ ।

अपाङ्ग व्यक्ति वा उनको संघीय आइडी नम्बर प्रदान गर्ने संस्थाले अपाङ्ग पार्किङ प्लेकार्डका लागि आवेदन दिन सक्छ । प्लेकार्डका लागि कुनै पनि शुल्क लाग्दैन । फाराम सवारी व्यवस्थापन विभाग, राज्य प्रहरी कार्यालय वा टाउन क्लर्कको कार्यालयहरूबाट प्राप्त गर्न सकिन्छ । तपाईंले केही फारामहरू भर्नुपर्ने हुन्छ र तपाईंको चिकित्सकले फारामको अर्को भाग भर्नुपर्ने हुन्छ ।

अपाङ्ग व्यक्तिले अपाङ्गता नभएका व्यक्तिहरूलाई आफ्नो अपाङ्गता पार्किङ प्लेट/प्लेकार्डको विशेषाधिकारको दुरुपयोग गर्न अनुमति दिएको खण्डमा अपाङ्ग व्यक्तिको अपाङ्गता प्लेटहरू/प्लेकार्ड रद्द हुन सक्छन् ।

अपाङ्गता भएका व्यक्तिहरूलाई छुट्ट्याइएको पार्किङस्थलमा अवैधका रूपमा पार्क गर्ने व्यक्तिलाई जरिवाना र टोविङ शुल्क लाग्न सक्छ ।

9 V.S.A. §4110 बमोजिम भर्मोन्ट राज्य वा अन्य कुनै पनि राज्यको कानूनहरूअन्तर्गत अपाङ्गता प्लेट वा पार्किङ प्लेकार्ड भएको सवारी साधन अपरेटरले अपाङ्गता पहुँचको अन्तर्राष्ट्रिय चिन्ह देखाएर प्रत्येक गेसोलिन स्टेसनबाट पूर्ण सेवा प्राप्त गर्नेछन्

र कम लागतमा आफैँ पम्पिङ गर्नुपर्ने पूर्ण-सेवा गेसोलिन स्टेसनहरूमा कम दरमा सेवाहरू प्राप्त गर्नेछन् ।

अपाङ्गता प्लेट वा पार्किङ प्लेकार्ड भएको सवारी साधन अपरेटरले आफैँ गर्नुपर्ने गेसोलिन स्टेसनहरूमा अनुरोध गर्दा आफैँ हाल्ने लागतमै गेसोलिन हाल्नका लागि सहयोगी उपलब्ध गराउन आवश्यक पर्छ ।

**अपाङ्ग सवारी चालकहरूका लागि खरिद तथा प्रयोग कर**

अपाङ्गता भएका व्यक्ति वा तिनका अभिभावक वा संरक्षकको स्वामित्वमा रहेको वा भाडामा लिएको सवारी साधन जसमा उक्त व्यक्तिले दर्ता गरेको खण्डमा त्यसमा विशेष उपकरणहरू छन् भने खरिद र कर प्रयोग गर्ने अधीनमा नहुन सक्छ। यदि तपाईंले निम्न मापदण्डहरू पूरा गर्नुहुन्छ भने तपाईं खरिद तथा प्रयोग कर तिर्नबाट छुटका लागि योग्य हुन सक्नुहुन्छ:

1. तपाईंसँग तपाईंलाई सदाका लागि अपाङ्ग पारेको अपाङ्गता हुनैपर्छ ।
2. यसले तपाईंलाई सवारी साधन चलाउन सक्षम बनाउन सकियोस् भन्नका लागि सवारी साधनका नियन्त्रणहरू परिवर्तन गरिनुपर्छ वा सवारी साधनबाट प्रवेश गर्न र बाहिर निस्कन अनुमति दिन मेकानिकल लिफ्टिङ यन्त्र हुनुपर्छ।
3. यदि तपाईंले परिवर्तन गरिएका नियन्त्रणहरूको जडानको कारणले गर्दा छुट दाबी गर्दै हुनुहुन्छ भने तपाईं ड्राइभर लाइसेन्सलाई अनिवार्य रूपमा परिवर्तन गरिएका नियन्त्रणहरूसहित चलाउनका लागि बन्देज लगाइनुपर्छ ।
4. तपाईं र कुनै पनि सवारीधनी/दर्ता गराउने व्यक्तिहरूले एक पटकमा खरिद तथा प्रयोग करमा छुट समावेश हुने एउटा मात्र सक्रिय दर्ता गराउन सक्नुहुन्छ ।
5. चिकित्सकद्वारा हस्ताक्षर गरिएको फाराम VT-014 ।

# परिच्छेद 12 - अभिभावक वा संरक्षकहरू

सवारी साधनका दुर्घटनाहरू किशोरकिशोरीहरूको मृत्यु हुने र चोटपटक लाग्ने मुख्य कारण हो । अभिभावक वा संरक्षकको रूपमा आफ्नो बच्चामा सुरक्षित सवारी साधन चलाउने बानीहरू बसाल्नमा तपाईंको महत्त्वपूर्ण भूमिका रहन्छ ।

1. तपाईंको किशोर बच्चासँग आवश्यक 40 घण्टाभन्दा पनि बढी समयसम्म सुपरिवेक्षणसहितको सवारी साधन चलाउने अभ्यास गर्ने प्रशस्त अवसरहरू छन् भनेर सुनिश्चित गर्नुहोस् ।

2. सुरक्षित, जिम्मेवार र कानून पालना गर्ने सवारी चालकका रूपमा राम्रो उदाहरण प्रस्तुत गर्नुहोस् ।

3. किशोर उमेरका चालकहरूका लागि ज्ञात जोखिम कारकहरूका आधारमा सवारी साधन चलाउने विशेषाधिकारहरू कायम राख्नका लागि परिवारले मिलेर नियमहरू तयार गर्नुहोस् र छलफल गर्नुहोस् । यस्ता नियमहरूले निम्न कुराहरूलाई सम्बोधन गर्न सक्छन्:

   - सेफ्टी बेल्टको प्रयोग गर्ने अभाव
   - गति बढाउने
   - रातीको समयमा सवारी साधन चलाउने (राती 9 बजेपछि)
   - सेल फोन वा ध्यान भङ्ग गर्ने अन्य कुराहरू प्रयोग गर्ने
   - धेरै किशोरकिशोरी यात्रीहरू
   - निद्रा लाग्दै गर्दा सवारी साधन चलाउने
   - खराबसँग सवारी साधन चलाउने

4. आफ्नो किशोर बच्चालाई अर्को किशोर सवारी चालकसँग सवारी चलाउँदा हुने जोखिमहरू बुझ्नमा मद्दत गर्नुहोस्, विशेषगरी ती व्यक्तिहरूले खतरनाक रूपमा सवारी साधन चलाउने र/वा कानूनको उल्लङ्घन गर्ने भएमा ।

5. जुनियर ड्राइभर लाइसेन्सका बन्देजहरू पालना गर्नका लागि चालक तथा यात्रीहरू दुवै तथा सबैलाई मद्दत गर्नका लागि आफ्नो बच्चा र अन्य अभिभावकहरूसँग सञ्चार गर्नुहोस् । यसले सबै किशोरकिशोरीहरूलाई सुरक्षित र GDL को कानूनभित्र रहन मद्दत गर्नेछ ।

6. अन्य चालकहरूसँग सवारी साधन चलाउँदा आफ्नो किशोरकिशोरीलाई सुरक्षाका लागि बोल्न प्रोत्साहित गर्नुहोस् ।

7. आफ्नो किशोर उमेरका सवारी चालकका लागि सुरक्षित, भरपर्दो, राम्रोसँग मर्मतसम्भार गरिएको सवारी साधन छनौट गर्नुहोस् ।

(सवारी साधनहरूको दुर्घटना रेटिङ र किशोरकिशोरीहरूका लागि सुरक्षित सवारी साधन छनोट गर्ने बारेमा अन्य जानकारीका लागि www.iihs.org/ratings मा हेर्नुहोस्)

ध्यान दिनुपर्ने कुरा: लर्नर परमिट र जुनियर ड्राइभर लाइसेन्स दुवै "अस्थायी" हुन्छन् र फिर्ता लिन सकिन्छ ।

- अभिभावक वा संरक्षकका रूपमा तपाईंले सवारी व्यवस्थापन विभागका कमिश्नरलाई पत्र वा इमेल लेखेर आफ्नो बच्चाको अस्थायी लाइसेन्स निलम्बन गर्न सक्नुहुन्छ
- डाइभर्सन/रिपेरेटिभ बोर्डको सिफारिसले 30 दिनमा फिर्ता बोलाउन सक्छ

## निम्नबाट उद्धृत - ग्रेजुएटेड ड्राइभर लाइसेन्स (GDL) सम्बन्धी अभिभावक गाइड

मदिरा, 7, 52, 53
जनावरहरू, 19
एन्टि-लक, 48, 49
साइकल, 40, 52
सेल फोन, 47, 56, 73
बच्चाको सिट, 62
व्यावसायिक ड्राइभर लाइसेन्स, 12, 17, 70
हालको ठेगाना, 8, 10 जन्म मिति, 8
ध्यान भङ्ग हुने, 54, 55
सवारी चालकको शिक्षा, 12, 13, 14, 15
सवारी चालकको विशेषाधिकार कार्ड, 11, 12
लागूपदार्थ, 52, 53, 58, 68
आकस्मिक सवारी साधन, 31, 51
उत्सर्जन नियन्त्रण प्रणाली, 61
एन्हान्स्ड ड्राइभर लाइसेन्स, 9, 12
विदेशी नागरिक, 9
चार सेकेन्ड, 27, 28, 46
लिङ्ग, 11
हाते सिग्नल, 26, 41
हेडलाइटहरू, 19, 25, 42, 45, 46, 49, 51, 60
राजमार्ग सङ्केतहरू, 34
पहिचान, 4, 8, 9
निहित सहमति, 53
अन्तरराज्यीय, 28, 31, 38, 40, 50, 51, 59
जुनियर ड्राइभर लाइसेन्स, 7, 12, 13, 14, 15, 20, 21, 23, 73
लर्नर परमिट, 2, 3, 7, 12, 13, 15, 16, 20, 21, 23, 24, 25, 71, 73
बायाँ मोड्ने, 26
मोटरसाइकल, 16, 17, 23, 42, 43, 66
मुभ ओभर ल, 31
रातीको समयमा सवारी साधन चलाउने, 13, 20, 73
अन बोर्ड डायग्नोस्टिक, 61
समानान्तर पार्किङ, 29
आमाबुबा, 21, 62, 73
प्रहरीको सवारी साधन, 31
पहिचानको प्रमाण, 16
अस्थायी, 15, 21, 73
रेलरोड क्रसिङ, 29, 32, 37, 59
आवास अनुमति आवश्यकताहरू, 10
पहिला जान पाउने अधिकार, 28, 31, 32, 64
दायाँ मोड्ने, 31
स्किडिङ, 48
सुस्त गतिमा चल्ने सवारी साधन, 44
सामाजिक सुरक्षासम्बन्धी जानकारी, 8, 9
गति सीमा, 34, 38
रोक्ने, 25, 42, 56
किशोरकिशोरी यात्रीहरू, 73
परीक्षा, 14
ट्रेनहरू, 33
मोड्ने सिग्नल, 26
अमेरिकी सेना, 10
अमेरिकी नागरिकता, 9

VERMONT

**State of Vermont**
*Agency of Transportation*
DEPARTMENT OF MOTOR VEHICLES
120 State Street
Montpelier, Vermont 05603-0001
dmv.vermont.gov

<u>प्रापक</u>: